सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ वैशाख २०७८, आइतबार (2 May 2021, Sunday) ■ नेपाल संवत् ११४१ ■ वर्ष १५ ■ अंक १९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# ३६ निजी ल्याबमध्ये विदेश जान पाँचको पिसिआरलाई मात्रै मान्यता, जनता दिनभर जोखिमपूर्ण लाइनमा

■ सरकारी अस्पतालमा रिपोर्ट आउन तीन दिन लाग्छ, विदेश जान ४८ घन्टायताको रिपोर्ट अनिवार्य भएकोले निजीमा जान बाध्य

■ राजधानीका स्टार, ह्याम्स, मेडिसिटी र मनमोहन तथा भैरहवामा युनिभर्सलको पिसिआरलाई मात्र मान्यता

■ विदेश जाने यात्रुको रिपोर्ट विश्वसनीय चाहिने सरकारको तर्क, तर स्वदेशमै बस्ने नागरिकको रिपोर्ट जस्तो भए पनि हुन्छ ?



ह्याम्स — ह्याम्स अस्पतालमा पिसिआर गर्नेको भिड । तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका



स्टार — स्टार अस्पतालमा पनि भिड उस्तै छ । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

**मञ्जु टेलर, अर्जुन अधिकारी**/नयाँ पत्रिका

आइतबार साउदी उड्ने तयारीमा रहेका लुम्बिनीका मोहम्मद उमर शुक्रबार स्टार अस्पताल परिसरमा लाइनमा थिए, पिसिआरका लागि १११६ नम्बरको टिकट लिएका थिए । दिउँसोको ३ बजिसकेको थियो । उनको पालो सयजनाभन्दा पछाडि थियो । 'म्यानपावरले पिसिआर परीक्षणका लागि ह्याम्स वा स्टार अस्पतालमा जानू भनेको थियो, त्यही भएर यता आएको,' उनले भने ।

सरकारले देशभर ५१ सरकारी र ३६ निजी प्रयोगशालालाई पिसिआर परीक्षणको अनुमति दिएको छ । तर, सरकारी अस्पतालमा जम्मा हजार रुपैयाँमा पिसिआर परीक्षण हुन्छ, तर रिपोर्ट आउन तीनदेखि चार दिनसम्म लाग्छ । तर, विदेश जान अहिले ४८ घन्टाभित्रको रिपोर्ट अनिवार्य गरिएको छ ।

निजी अस्पतालमा ६ देखि आठ घन्टामा नै रिपोर्ट आउँछ, त्यसैले दोब्बर पैसा (दुई हजार) तिरेर पनि यात्रुहरू निजी अस्पताल जान बाध्य छन् । तर, ३६ निजी प्रयोगशालामध्ये जम्मा

» पृष्ठ २ मा क्रमशः

## ठगी रोक्न अस्पतालमा आधारित प्रयोगशालालाई मात्रै मान्यता

विदेश जाने यात्रुका लागि अस्पताल भएका ल्याबलाई मात्र पिसिआर परीक्षण गराउने व्यवस्था गरिएको हो । नेपालमा नेगेटिभ रिपोर्ट आएकालाई पनि हङकङमा शुक्रबार मात्रै पजिटिभ रिपोर्ट आएको छ । त्यसैले यहाँ पिसिआरमा ठूलो आर्थिक खेल देखियो । सरकारी प्रयोगशालामा हजार रुपैयाँमा पिसिआर परीक्षण भइरहेको छ । निजीमा दुई हजार रुपैयाँमा परीक्षण हुन्छ । सबैले सरकारीमा पिसिआर गरे हुँदैन ? विदेश जानेसँग १९ हजारसम्म लिएको प्रमाण हामीले सुरक्षित राखेका छौँ । त्यस्ता ल्याब अनुमति खारेज गर्‍यो भनेर हिँडेका छन् ।



**हृदयेश त्रिपाठी**, स्वास्थ्यमन्त्री

पजिटिभलाई नेगेटिभ रिपोर्ट बनाएर दिने प्रयोगशालामाथि कारबाहीसमेत चलाएका छौँ, त्यसैले यो निर्णयमा म कसैको पनि कुरा सुन्ने पक्षमा छैन । निजीमा भिड गरेर किन बस्नुपर्‍यो ? सरकारीमा हजार रुपैयाँमा परीक्षण गरे भिडै हुँदैन । मन्त्रालयले किन अस्पतालमा आधारित प्रयोगशाला भन्यो भने ल्याब भाग्न सक्छन् । अस्पतालका अन्य थुप्रै कार्यक्रम हुने भएकाले कारबाही गर्न सहज हुने भएकाले यस्तो निर्णय गरिएको हो । अहिले आन्तरिक रूपमा धेरै प्रयोगशाला सिआइबीको अनुसन्धानमा छन् ।

## ■ शनिबार कोरोना संक्रमणको नयाँ रेकर्ड

### पछिल्लो २४ घन्टामा ५७६३ नयाँ संक्रमित

**काठमाडौं**/ सरकारले अस्पतालमा बेड उपलब्ध गराउन नसक्ने बताएको अर्को दिन नेपालमा कोभिड-१९ को संक्रमणबाट एकै दिनमा अहिलेसम्मकै धेरै संक्रमित भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शनिबार (२४ घन्टामा) पाँच हजार सात सय ६३ नयाँ संक्रमित भेटिएका छन् ।

शनिबार पिसिआर र एन्टिजेन गरी १४ हजार नौ सय ६९ जनाको परीक्षण गर्दा पाँच हजार सात सय ६३ नयाँ संक्रमित भेटिएका हुन् । यो ३८ दशमलव पाँच प्रतिशत हो । १४ हजार नौ सय ६९ मध्ये पाँच सय ६६ जनाको एन्टिजेन र बाँकीको पिसिआर परीक्षण भएको थियो ।

यसअघि पहिलो लहरमा कोरोना उच्च संक्रमण हुँदा सबैभन्दा धेरै एकै दिनमा ५ कात्तिकमा पाँच हजार सात सय ४३ जनामा संक्रमण पुष्टि भएको थियो । २० हजार एक सय १८ जनाको परीक्षण हुँदा साढे २८ प्रतिशतमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

शुक्रबार स्वास्थ्य मन्त्रालयले 'स्वास्थ्य प्रणालीले थेग्नै नसक्ने गरी संक्रमण बढेकाले अस्पतालमा राखेर हेरचाह गर्न शय्या उपलब्ध गराउन नसकिने' भएको जनाएको थियो । नयाँ भेरियन्टसँगै आएको दोस्रो लहरले कोरोना महामारी भयावह बन्दै गएको छ ।

शुक्रबार २४ घन्टामा पाँच हजार सात सय २७ जना नयाँ संक्रमित भेटिएका थिए । देशभरका १५ हजार तीन सय ९१ पिसिआर परीक्षण गर्दा पाँच हजार ६ सय ५७ जनामा कोरोना संक्रमण देखिएको थियो । यस अवधिमा पाँच सय २५ जनामा एन्टिजेन परीक्षण गर्दा ७० जना संक्रमित भेटिएका थिए ।

» पृष्ठ २ मा क्रमशः

## कर्नर किक

● रवि मिश्र





# श्रमिकको न्यूनतम तलब साढे १५ सय वृद्धि गर्ने प्रधानमन्त्रीको घोषणा

■ रोजगारदाता र श्रमिक दुवै पक्ष असन्तुष्ट

उद्योगी भन्छन्, 'भार थपियो', श्रमिक भन्छन्, 'ठग्न खोजियो'

**कृष्ण रिजाल**/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले श्रमिकको न्यूनतम पारिश्रमिक एक हजार पाँच सय ५० रुपैयाँले बढाउने घोषणा गरेका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवस (१ मे)को शुभकामना सन्देश दिँदै प्रधानमन्त्रीले श्रमिकको न्यूनतम पारिश्रमिक मासिक १३ हजार चार सय ५० रुपैयाँबाट बढाएर १५ हजार रुपैयाँ पुर्‍याउने घोषणा गरेका हुन् । तर, कानुनी व्यवस्थाअनुरूप

» पृष्ठ २ मा क्रमशः

# देशभर होटेलका २ लाख २५ हजार कोठालाई आइसोलेसन बनाउन होटेल संघको प्रस्ताव, तर देखाएन सरकारले रुचि

**केदार दाहाल**/नयाँ पत्रिका

अस्पतालमा खाली बेड नभएको विज्ञप्ति निकालेर सरकारले नागरिकलाई आफ्नो सुरक्षा आफैँ गर्न अलपत्र छाडिदिएको छ । देशमा उपलब्ध वैकल्पिक संचरनामा अलिकति लगानी गरेर जनतालाई सेवा दिन सकिन्छ, तर सरकारले त्यतातिर सोच्ने जमर्को गरेको छैन ।

काठमाडौं उपत्यकासहित देशभरका होटेलका कोठा अहिले रित्तै छन् । त्यसलाई उपयोग गरेर सर्वसाधारणलाई सुबिस्ता पुर्‍याउन सकिन्छ, तर शिलान्यासमा व्यस्त सरकारसँग विकल्पबारे सोच्ने फुर्सद छैन ।

गत वर्ष उपत्यकाभित्र र बाहिरका केही जिल्लामा होटेललाई क्वारेन्टिन बनाइएको थियो । तर, यस वर्ष सुनामीझैँ महामारी फैलिँदा पनि त्यसमा छलफलसम्म पनि भएको छैन । होटेल संघ नेपाल (हान)मा आबद्ध होटेलका काठमाडौंमा मात्रै तारे होटेलका ६ हजार पाँच सय र देशभर ६० हजार कोठा छन् । त्यस्तै, देशभर साना ननतारे होटेलमा एक लाख ६० हजार कोठा छन् ।

सरकारले सामान्य मेडिकल टिम राखेर हजारौँ बिरामीलाई सहज सेवा दिन सकिने हानका प्रथम उपाध्यक्ष विनायक शाहले नयाँ पत्रिकासँग बताए । 'सरकारले यसमा रुचि नै दिएको छैन । सामान्य बिरामीलाई होटेलमा राख्न सकिन्छ । त्यसो हुँदा गम्भीर बिरामीलाई अस्पतालका बेडहरू उपलब्ध गराउन सकिन्छ,' शाहले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रवक्ता तारानाथ अधिकारीले

» पृष्ठ २ मा क्रमशः

### होटेललाई आइसोलेसन बनाए गम्भीर बिरामीलाई अस्पतालमा बेड उपलब्ध गराउन सकिन्छ



विनायक शाह
प्रथम उपाध्यक्ष, हान

होटेललाई क्वारेन्टाइन त अहिले पनि बनाइएको छ । हामीले आइसोलेसन बनाउन सकिन्छ भन्ने प्रस्ताव गरेका छौँ । तर सरकारले रुचि देखाएको छैन । गम्भीर प्रकृतिका संक्रमितहरूले अस्पतालमा बेड पाउन छाडेका छन् । यदि मेडिकल टिमसहित होटेललाई आइसोलेसन बनाएर सामान्य बिरामीलाई राख्ने हो भने गम्भीर बिरामीलाई अस्पतालका बेड उपलब्ध गराउन सकिन्छ ।

## ■ अन्तर्राष्ट्रिय र आन्तरिक उडान बन्द गर्न सिफारिस

कोभिडको संक्रमण दर पहिलो लहरको उच्च बिन्दुभन्दा बढी देखिएपछि कोभिड नियन्त्रण गर्न बनेको उच्चस्तरीय समन्वय समिति (सिसिएमसी)ले आन्तरिक र अन्तर्राष्ट्रियतर्फका उडान बन्द गर्न सिफारिस गरेको छ ।

केही दिनअगाडि सरकारले नेपाल भएर तेस्रो मुलुक जान प्रतिबन्ध लगाएको थियो । सरकारले अन्तर्राष्ट्रिय उडान बन्द गर्ने कुनै निर्णय नलिए पनि नेपालसँग हवाई सेवा हुने देशले भने धमाधम बन्द गर्न थालेका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेलले नेपालमा कोरोना बढेको भन्दै नेपालसँग हवाई सेवा भएका देशहरूले आफैँ उडान बन्द गर्न थालेको बताए । 'आन्तरिकतर्फ हामीले नै कटौती गरिहेका थियौँ, अन्तर्राष्ट्रियमा विभिन्न मुलुकले कटौती गरिरहेका छन्,' महानिर्देशक पोखरेलले भने ।

हङकङ र जापानले नेपालसँगको उडान बन्द गरिसकेका छन् । साउदी अरब पनि नेपालमा उडान बन्द गर्ने प्रक्रियामा छ । हाल नेपालबाट मलेसिया, कतार, दुबई, भारत, टर्कीलगायत देशमा मात्रै उडान भइरहेको छ । भारतमा उडान गर्न संसारभरबाट रोक लगाइँदा नेपाल र भारतबाट दुइतर्फी एक-एक हवाई सेवा सुचारु नै छ । भारतीयहरू नेपाल हुँदै सउदीतर्फ उडान गरिरहेका थिए । त्यसमा नेपालले गत सातादेखि नै कडाइ गरेको छ । हाल आन्तरिकतर्फ दैनिक ७० र अन्तर्राष्ट्रियतर्फ २० वटा मात्रै उडान/अवतरण भइरहेका छन् । सामान्य अवस्थामा अन्तर्राष्ट्रियतर्फ दैनिक ९० र आन्तरिकतर्फ तीन सयभन्दा बढी उडान/अवतरण हुने गरेको छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

## ■ सुरक्षा निकायमा पनि देखियो नयाँ भेरियन्टको कोभिड

# अहिलेसम्म कोभिडबाट १० सुरक्षाकर्मीले ज्यान गुमाए, एक लाखले खोप लगाए

तस्बिर : **अमल थापा**/नयाँ पत्रिका



| | नेपाल प्रहरी | सेना | सशस्त्र प्रहरी |
|---|---|---|---|
| कुल संक्रमित | ७४६२ | ५२१७ | ८०३ |
| निको भएका | ७३०६ | ५१७४ | ७९७ |
| आइसोलेसन | १५० | ४१ | ४ |
| मृत्यु | ६ | २ | २ |
| पहिलो डोज खोप लगाएका | ३७,५०० | ३५००० | २५६७५ |
| दोस्रो डोज खोप लगाएका | १०,९०० | ६००० | १७६६८ |

**टेकराज थामी**/नयाँ पत्रिका

कोरोनाको नयाँ भेरियन्टले कोभिड- १९ नियन्त्रणको अग्रपंक्तिमा खटिएर काम गर्ने सुरक्षाकर्मी पनि संक्रमित भएका छन् । नयाँ भेरियन्टबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मी संक्रमित भएका छन् । नेपाली सेनाका अनुसार कोरोनको नयाँ भेरियन्टबाट संक्रमित सैनिक भने हालसम्म देखिएका छैनन् ।

नयाँ भेरियन्टबाट कति सुरक्षाकर्मी संक्रमित भए भन्ने तथ्यांक भने आएको छैन । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एसएसपी वसन्त कुँवरले कोरोनाको नयाँ भेरियन्टले सुरक्षाकर्मीलाई संक्रमित बनाएको स्वीकार गरे । उनले भने, 'कोरोनाको नयाँ भेरियन्टले सुरक्षाकर्मीलाई पनि संक्रमति बनाएको छ । दैनिक फ्रन्टलाइनमा खटिनुपर्ने भएको हुँदा पनि उनीहरूमा संक्रमणको जोखिम उच्च देखिएको हो । यद्यपि, रोकथामको उपाय अपनाइरहेका छौँ ।'

सशस्त्र प्रहरीका प्रवक्ता डिआइजी राजु अर्यालले नयाँ भेरियन्ट पहिलेको भन्दा घातक देखिएको हुँदा सुरक्षाका सबै विधि अपनाएर काम गरिएको बताए । 'नयाँ भेरियन्ट आएको छ । यसको विरुद्ध लड्न सुरक्षाकर्मी तयार छन्,' उनले भने, 'सुरक्षा विधि अपनाउन कडाइ गरेका छौँ ।'



“कोरोनाको नयाँ भेरियन्टले सुरक्षाकर्मीलाई पनि संक्रमति बनाएको छ । दैनिक फ्रन्टलाइनमा खटिनुपर्ने भएको हुँदा पनि उनीहरूमा संक्रमणको जोखिम उच्च देखिएको हो । यद्यपि, रोकथामको उपाय अपनाइरहेका छौँ ।

● **वसन्त कुँवर**, प्रवक्ता, नेपाल प्रहरी

सैनिक प्रवक्ता सहायक रथी सन्तोषबल्लभ पौडेलले नयाँ भेरियन्टबाट संक्रमित सैनिक देखिएको भन्ने जानकारीमा नआएको बताए ।

### १० सुरक्षाकर्मीले ज्यान गुमाए

तीनवटा सुरक्षा निकायका १० सुरक्षाकर्मीले कोभिड संक्रमणका कारण ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमा नेपाल प्रहरीका सुरक्षाकर्मी धेरै छन् ।

प्रहरी तथ्यांकअनुसार कोभिड- १९ को महामारी सुरु भएयता प्रहरीका मात्रै ६ सुरक्षाकर्मीको मृत्यु भएको छ । त्यस्तै, नेपाली सेना र सशस्त्र प्रहरीको दुई-दुई सुरक्षाकर्मीको मृत्यु भएको छ ।

नेपाल प्रहरीका प्रवक्ता एसएसपी कुँवरले भने, 'कोभिड- १९ को महामारी सुरु भएलगत्तै अग्रपंक्तिमा खटिएर नेपाल प्रहरीले काम गर्‍यो । यस क्रममा धेरै संक्रमित भए । जसमध्ये ६ जना सहयोद्धा गुमाउनुपर्‍यो । नेपाल प्रहरीका लागि यो ठूलो क्षति हो ।'

त्यसैबीच, महामारी सुरु भएयता तीनवटै सुरक्षा निकायका १३ हजार चार सय ८२ सुरक्षाकर्मी संक्रमित भएका थिए । जसमध्ये १३ हजार दुई सय

» पृष्ठ २ मा क्रमशः

# अन्तर्राष्ट्रिय श्रमिक दिवसमा नेताहरूको कम्युनिस्ट एकतामा जोड

## श्रमिकका लागि राहतको कार्ययोजना ल्याउन कांग्रेस सभापति देउवाको माग

नयाँ पत्रिका
**काठमाडौं, १८ वैशाख**

अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा विभिन्न कम्युनिस्ट पार्टीका नेताहरूले वामपन्थी पार्टीबीचको एकता र सहकार्यमा जोड दिएका छन् । नेताहरूले श्रमिकका अधिकार सुनिश्चित गर्न एवं कोरोनाका कारण जीवन निर्वाह गर्न कठिन भएकालाई उचित राहतको व्यवस्था गर्न पनि सरकारसँग माग गरेका छन् ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विज्ञप्तिमार्फत सरकारले प्रतिगमन गरेको भन्दै यसको प्रतिवाद गर्न आह्वान गरेका छन् । 'श्रमजीवी वर्ग राज्यको बहुआयामिक विकासका मुख्य आधार हुन् । श्रमिक वर्गको हक, हित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा आर्थिक विकास र समृद्धि सम्भव हुँदैन । यसै कारण संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा श्रमिक वर्गको हित र अधिकारलाई प्रत्याभूति गरिएको हो,' प्रचण्डको विज्ञप्तिमा छ, 'तर, श्रमजीवी वर्गको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिमाथि अहिले सरकारबाट नै निरन्तर प्रहार भइरहेको छ । पश्चगामी र परिवर्तनविरोधी तत्वहरू श्रमजीवी जनताका अधिकार खोस्न उद्यत देखिएकाले प्राप्त उपलब्धिको रक्षाका लागि एकताबद्ध भएर प्रतिवाद गर्नु अहिलेको आवश्यकता हो ।'

त्यसैगरी, एमाले वरिष्ठ नेता माधव नेपालले नेपालको कम्युनिस्ट आन्दोलनको एकता र रक्षाका लागि नेपाली श्रमिक वर्ग एकजुट भएर अगाडि बढ्ने आफूले विश्वास लिएको बताएका छन् ।

एमाले नेता तथा पार्टी एकता अभियानका संयोजक वामदेव गौतमले अहिलेसम्मका कमी-कमजोरीप्रति आत्मालोचित हुँदै पार्टी एकताको दिशामा अघि बढ्न सबैलाई आह्वान गरेका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा शनिबार विज्ञप्ति जारी गर्दै नेता गौतमले त्यस्तो आह्वान गरेका हुन् ।

'आजको दिन कम्युनिस्ट आन्दोलनमा लागेका हामी सबै नेता-कार्यकर्ताका लागि आफ्ना गल्ती-कमजोरीप्रति आत्मालोचित हुँदै नेपाली कम्युनिस्ट आन्दोलनलाई पुनः एकताबद्ध गर्छौं भनेर प्रतिबद्धता व्यक्त गर्ने दिन हो,' गौतमले विज्ञप्तिमा भनेका छन्, 'मबाट पनि यसबीच केही कमजोरी र गल्ती भएका छन् । आफ्ना गल्ती र कमजोरीप्रति आत्मालोचित छु । तिनलाई सच्याउन लागि परेको पनि छु । भविष्यमा सबै तथ्य क्रमशः स्पष्ट हुँदै जानेछन् ।'

श्रमजीवी वर्गका नेताहरूले सत्तास्वार्थप्रेरित क्रियाकलापबाट श्रमजीवी वर्गीय आन्दोलनलाई अहिले छियाछिया बनाइरहेको दाबी गर्दै गौतमले त्यस्तो क्रियाकलाप रोक्न नसके प्रतिगमन प्रतिस्थापित हुने र नेपालीको उज्ज्वल भविष्य जोडिएको समृद्ध समाजवादमा पचासौं वर्षसम्म पर्दा लाग्ने बताएका छन् ।

यसैबीच, कांग्रेस सभापति शेरबहादुर देउवाले श्रमिक र साना व्यवसायीका लागि राहत र सहयोगको कार्ययोजना ल्याउन सरकारसँग आग्रह गरेका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवसका सन्दर्भमा शुभकामना सन्देश दिँदै देउवाले लकडाउनका कारण आर्थिक-सामाजिक मारमा परेका आमनागरिक, श्रमिक र साना व्यवसायीको जीवन कष्टकर बन्दै गएकाले आवश्यक राहत र सहयोगको कार्ययोजना अविलम्ब ल्याउन माग गरेका हुन् ।

सभापति देउवाले अहिले व्याप्त कोभिड- १९ को महामारी सरकारको चरम लापरबाही, असंवेदनशीलता र अकर्मण्यताको फल भएको उल्लेख गरेका छन् । 'देश अहिले कोभिड- १९ महामारीको दोस्रो चरणमा छ । संक्रमणबाट मृत्यु हुनेको संख्या पनि दिनानुदिन बढ्दो छ,' देउवाले भनेका छन्, 'बढ्दो संक्रमणसँगै आइसियू बेड, भेन्टिलेटर र अक्सिजनको टड्कारो अभाव देखिन थालेको छ । यस्तो परिस्थिति आउनुमा सरकारको चरम लापरबाही, असंवेदनशीलता र अकर्मण्यता जिम्मेवार छ ।'

## अहिलेसम्म...

पृष्ठ १ बाट क्रमशः

७५ निको भएर घर फर्किसकेका छन् । बाँकी एक सय ९५ जना क्वारेन्टिनमा बसेर उपचार गराइरहेका छन् ।

संक्रमित हुने संख्या पनि नेपाल प्रहरीकै सुरक्षाकर्मीको धेरै छ । यस अवधिमा नेपाल प्रहरीका मात्रै सात हजार चार सय ६२ सुरक्षाकर्मी संक्रमित बनेका छन् । जसमध्ये सात हजार तीन सय ६ निको भएर घर फर्किए ।

संक्रमित हुनेमा त्यसपछि नेपाली सेनाका सुरक्षाकर्मी धेरै छन् । तथ्यांकअनुसार यस अवधिमा सेनाका पाँच हजार दुई १७ सुरक्षाकर्मी संक्रमित बने । जसमध्ये पाँच हजार एक सय ७४ निको भएर काममा फर्किसकेका छन् । सशस्त्र प्रहरीका भने यस अवधिमा आठ सय तीन सुरक्षाकर्मी संक्रमित बने । जसमध्ये सात सय ९७ निको भएर नियमित काममा फर्किसकेका छन् । तीनवटै सुरक्षा निकायका अझै एक सय २४ सुरक्षाकर्मीमा कोरोनाको संक्रमण छ । जो अहिले अस्पतालमा उपचाररत छन् । उपचाररतमध्ये नेपाल प्रहरीका सुरक्षाकर्मी ७९, सेनाका ४१ र सशस्त्रका चारजनाले क्वारेन्टिनमा उपचार गराइरहेका छन् ।

सैनिक प्रवक्ता सहायक रथी पौडेलले भने, 'नेपाली सेनाका पाँच हजार सुरक्षाकर्मी कोरोनाबाट संक्रमित बने । अधिकांश निको भएर नियमित ड्युटीमा फर्किएका छन् । ४१ जनाको उपचार भइरहको छ ।'

कोरोना- १९ विरुद्धको लडाइँमा अग्रपंक्तिमा खटिने झन्डै एक लाख सुरक्षाकर्मीले कोरोनाविरुद्धको पहिलो खोप लगाइसकेका छन् ।

## देशभर होटेलका...

पृष्ठ १ बाट क्रमशः

सिसिएमसीमा सबै क्षेत्रका व्यक्ति भएकाले त्यहींबाट आवश्यकताअनुसार निर्णय लिने बताए । 'होटेलका संरचना प्रयोग गर्न सकेमा धेरै समस्या समाधान हुन सक्छ, यो विषयमा छलफल हुन्छ,' प्रवक्ता अधिकारीले भने ।

अघिल्लोपटक केही होटेलले विदेशबाट आएका नेपालीलाई १४ दिन क्वारेन्टिनमा समेत राखेका थिए, केहीले आइसोलेसनमा समेत राखेका थिए । तर, यसपटक अवस्था गम्भीर भएकाले कोभिडका बिरामी राख्ने पहल आफैं गर्न होटेलहरू हच्किएका छन् । 'क्वारेन्टिन त अहिले पनि राखिएको छ, तर कोरोना लागेका बिरामीलाई आइसोलेसनमा राख्नका लागि सरकारले पहल गर्नुपर्ने हुन्छ,' उपाध्यक्ष शाहले भने, 'कम्तीमा बिरामीको अवस्था हेरी होटेलमै राख्ने कि अस्पताल पठाउने भन्ने मेडिकल टिम त हुनैपर्छ ।'

त्यसैगरी, होटेलका कर्मचारीले जोखिम लिँदा जोखिम बिमा पनि आवश्यक हुने र त्यसमा पनि सरकारले पहल गर्नुपर्ने उनको भनाइ छ । गत वर्ष पनि केही होटेल र अस्पतालको समन्वयमा आइसोलेसन बनाइएको थियो ।

गत वर्ष पर्यटन मन्त्रालयको सहमतिमा काठमाडौं जिल्ला प्रशासनले ५४ वटा होटेललाई क्वारेन्टिन बनाउने निर्णय गरेको थियो । त्यस्तै, काठमाडौंबाहिर चितवन, रुपन्देही र कास्कीमा क्वारेन्टिनका लागि दुई-दुई दर्जन होटेलले अनुमित पाएका थिए ।

## एमाले वरिष्ठ नेता झलनाथ खनाललाई कोरोना संक्रमण

**काठमाडौं**/ एमाले नेता झलनाथ खनाललाई कोरोना संक्रमण भएपछि नर्भिक अस्पताल भर्ना गरिएको छ । पिसिआर परीक्षणका क्रममा संक्रमण पुष्टि भएपछि खनाललाई भर्ना गरिएको हो । उनको सचिवालयका अनुसार अहिलेसम्म खनालको स्वास्थ्य अवस्था सामान्य रहेको छ । त्यस्तै, एमाले नेता मोदनाथ प्रश्रितलाई पनि कोरोना संक्रमण भएको छ । उनलाई शनिबार मनमोहन अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ । प्रश्रितपुत्र एमाले केन्द्रीय सदस्य डा. विजय पौडेल पनि तीन दिनदेखि कोरोनाको उपचारमा छन् । एमाले केन्द्रीय सदस्य खिमलाल भट्टराई, माधव ढुंगेल, विष्णु रिजाललाई पनि कोरोना संक्रमण भएको छ । उनीहरू आइसोलेसनमा रहेका छन् ।

## कांग्रेस नेता विदुर पौडेलको निधन

**काठमाडौं**/ कांग्रेस नेता तथा राष्ट्रिय सभाका पूर्वसदस्य संस्कृतिविद् विदुरप्रसाद पौडेलको निधन भएको छ । पौडेलको ७७ वर्षको उमेरमा पशुपतिस्थित वैद्यखानामा शनिबार बिहान निधन भएको हो । उनको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । पौडेललाई मस्तिष्कघात भएको थियो । सहयोगी परमेश्वर पौडेलका अनुसार उनलाई उपचारका लागि त्रिवि शिक्षण अस्पताल हुँदै काठमाडौं मेडिकल कलेज (केएमसी) लगिएको थियो । तर, अन्तिम अवस्थामा पशुपतिमा देहत्याग गर्ने पौडेलको इच्छाअनुसार नै पशुपतिस्थित वैद्यखाना पुऱ्याइएको थियो ।

## ३६ निजी...

पृष्ठ १ बाट क्रमशः

पाँचको पिसिआर देखाए मात्र विदेश जान पाइन्छ । निजीमा स्टार, ह्याम्स, मेडिसिटी अस्पताल र मनमोहन मेमोरियल मेडिकल कलेज तथा उपत्यकाबाहिर युनिभर्सल मेडिकल कलेजले मात्र मान्यता पाएका छन् । यसरी थोरै प्रयोगशालामा धेरै मान्छेको परीक्षण गराउँदा प्रयोगशालामा नै भिड बढेर संक्रमणको जोखिम बढेको छ ।

त्यसो त सरकारले नै एकै ठाउँमा २५ जनाभन्दा बढी जम्मा नहुन आदेश जारी गरेको छ । तर, प्रयोगशालामा हजारजनाको भिड छ । त्यही भिडमा भेटिए, नेपालगन्जका मानबहादुर बोहरा । स्टार अस्पतालमा बिहानै टिकट लिए पनि बेलुकापखसम्म उनको पालो आएको थिएन । उनी पनि आइतबार साँझ साउदी जाँदै छन् । मंगलबार नेपालगन्जबाट काठमाडौं आएका उनले गुनासो गरे, 'पहिले नै पिसिआर गरिहाले म्याद सकिन्छ । ठिक्क समयमा गर्दा भिड छ, अन्तको मान्यता नहुने, पाँच अस्पतालको मात्र मान्यता हुने भन्ने अनौठो नियम रहेछ ।'

ह्याम्स अस्पतालमा पालो कुरिरहेकी संगीता भुसाललाई रुघाखोकी लागेको थियो । आइतबार युके जान लागेकी संगीता बिहीबार पिसिआरका लागि अस्पताल गएकी थिइन् । तर, रिपोर्ट पुरानो हुने भएपछि उनी शुक्रबार पनि ह्याम्स पुगेकी थिइन् । 'हिजो नै यहाँ भिडभाड थियो, आज पनि यस्तै छ । पर्सि फ्लाइट छ, पिसिआर रिपोर्ट पजिटिभ आयो भने के गर्ने होला ?' उनी डराएकी छिन् । सरकारले विदेश जाने प्रयोजनका लागि पिसिआर परीक्षण गर्न निजी अस्पतालको नामै तोकेर अनुमति दिएको छ । परीक्षणको दायरा फराकिलो बनाउनुपर्ने वेला स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाँच अस्पतालका ल्याबलाई नाम र फोन नम्बरसमेत उल्लेख गरेर अनुमति दिएपछि ती अस्पतालमा परीक्षण गराउनेको भिड छ ।

विदेश जानेको रिपोर्ट विश्वसनीय होस् भनेर 'ए' क्लासका प्रयोगशालालाई मात्र प्रस्तावित यात्रुको पिसिआर परीक्षण गर्ने अनुमति दिएको सरकारको भनाइ छ । 'विदेश जाने यात्रुका लागि अस्पताल भएका ल्याबलाई मात्र पिसिआर परीक्षण गराउने व्यवस्था गरिएको हो । नेपालमा नेगेटिभ रिपोर्ट आएकालाई पनि हङकङमा शुक्रबार मात्रै पजिटिभ रिपोर्ट आएको छ । त्यसैले यहाँ पिसिआरमा ठूलो आर्थिक खेल देखियो । पिसिआर विश्वसनीय होस् भन्ने हाम्रो आशय हो, यसमा सम्झौता हुँदैन,' मन्त्री त्रिपाठीले नयाँ पत्रिकासँग भने ।

विदेश जाने यात्रुको पिसिआर रिपोर्टमा सम्झौता नहुने विषय ठीकै हो, तर स्वदेशमै रहनेको रिपोर्ट पनि उत्तिकै विश्वसनीय हुनुपर्दैन ? रिपोर्टमा सम्झौता गर्ने प्रयोगशालालाई सरकारले किन मान्यता दिएको हो भन्ने प्रश्न जीवितै छ । जवाफमा मन्त्री त्रिपाठी भन्छन्, 'पजिटिभलाई नेगेटिभ रिपोर्ट बनाएर दिने प्रयोगशालामाथि कारबाहीसमेत चलाएका छौं, त्यसैले यो निर्णयमा म कसैको पनि कुरा सुन्ने पक्षमा छैन । निजीमा भिड गरेर किन बस्नुपऱ्यो ? सरकारीमा हजार रुपैयाँमा परीक्षण गरे भिडै हुँदैन ।' तर, मन्त्री त्रिपाठीलाई नै थाहा छ, सरकारी प्रयोगशालाको रिपोर्ट आउन तीन दिन लाग्छ, जब कि विदेश जान सरकारले ४८ घन्टायताको रिपोर्ट अनिवार्य गरेको छ ।

कोभिड- १९ को समयमा पिसिआर रिपोर्टको समय ७२ घन्टा तोकिए पनि दोस्रो लहर फैलिएसँगै रिपोर्टको म्याद घटाइएको छ । अर्थात् विमानमा बस्ने समयको दुई दिनअगाडि मात्र पिसिआर परीक्षण गरिएको हुनुपर्छ । सरकारी अस्पतालमा पिसिआरका लागि भिडभाड रहने हुँदा समयमै पालो नपाइने र कहिलेकाहीं भिड बढी भएमा रिपोर्ट आउन ढिलाइ हुने हुँदा अधिकांश निजी अस्पताल पुग्ने गरेका छन् ।


### हक दावी सम्बन्धी सूचना

भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ६ स्थित सञ्चालनमा रहेको सिद्धिदास सेकेण्डरी स्कुल प्रा.लि को स्वामित्व हस्तान्तरण गरिने भएको हुँदा यस संस्थाको नाममा कुनै पनि व्यक्ति वा संस्थाको हक दावी रहेको भए आजको मितिले ७ दिन भित्र सबुत प्रमाण सहित सर्म्पक गर्नु हुन अनुरोध छ साथै तोकिएको समय पछि आएको दावी मान्य नहुने व्यहोरा जानकारी को लागि अनुरोध छ ।

**सर्म्पक : अम्मर रत्न बज्राचार्य, ९८५१०४३२५५**

### Invitation for Bids

**Shree Pasupati Secondary School**
*Sunapati Rural Municipality, 3-Hiledevi, Ramechhap*
**Invitation for Electronic Bids for the Supply and Installation of Social Lab**
IFB No.:01/PSS/077-78
Contract Identification No: PSS/G/NCB/2077/78
Date of publication: 2nd May 2021

1. Government of Nepal has received a **grant from central regional education directorate Hetauda** towards the cost of ***Supply and Installation of Social Lab*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***supply and installation of social lab contract Id No:*** PSS/G/NCB/01/2077/78**.** Bidding is open to all eligible Bidders.
2. The Shree Pasupati Secondary School,Nagasiwa invites electronic bids from eligible bidders for the procurement of **Supply and Installation Of Social Lab** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Shree Pasupati Secondary School, Nagasiwa or may visit e-GP system: www.bolpatra.gov.np/egp .
4. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit Nrs. 3000.00(Non-Refundable) in the project's account as specified bellow. Information to deposit the cost of bidding document in bank.
   Name of the Bank: **Citizens Bank International**
   Name of the Office: **Shree Pasupati Secondary School**
   Office Account No. : **0700100000037201**
5. Pre-bid meeting shall be held at Shree Pasupati Secondary School,Nagasiwaat 12:00 am on 21st May 2021.
6. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Shree Pasupati Secondary School,Nagasiwa,Hiledevi-3,Ramechhap on or **before 12:00 am on 1st Jun 2021**.
7. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **13:00 pm on 1st Jun 2021**. at the office of Shree Pasupati Secondary School,Nagasiwa,Hiledevi-3,Ramechhap. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of 62,000.00 which shall be valid for minimum 30 days beyond the bid validity period .For Cash Deposit: As above mentioned on clause no.4.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

| S.N | Name of Project | Contract Id.No. | Total estimate NRs. (Excluding VAT ) | Bid Security Amount NRs. | Bid Document Amount NRs. |
|---|---|---|---|---|---|
| 1. | Supply and Installation of Social Lab | PSS/G/NCB/ 01/2077/78 | 22,20,685.00 | 62,000.00 | 3,000.00 |

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**जिल्ला आयोजना कार्यान्वयन इकाई, (भवन )**
ओखलढुंगा
फोन नं.०३७५२०७३४

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति : २०७८/०१/१९ (May 2, 2021)**

यस आयोजना बाट मिति २०७७/११/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भएकोमा सोहि सूचना बमोजिम E-bid मार्फत रित पूर्वक दाखिला हुन आएका प्राविधिक प्रस्तावहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र दाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) अनुसार मिति २०७८।०१।२६ गते दिउसो २:०० बजे जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन) ओखलढुंगामा आर्थिक प्रस्ताव खोली मुल्याङ्कन प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको नाम | |
|---|---|---|---|
| DLPIU/(Building)/Okhaldhunga/Works/NCB/2077/78-09 | Construction of Khumjung-Pangboche Health post Building (Load Bearing Structure-Type-4), at Solukhumbu | 1. Dhulikhel / Sagarmatha JV, Yamkha-4 Khotang | 2. C.M. Construction Pvt. Ltd. Jorpati Kathmandu |
| | | 3. Dharmas / Puspanjali J.V, Ghattekulo-32 | 4. Ajad / Kalika JV, Baneshwor |
| DLPIU/(Building)/Okhaldhunga/Works/NCB/2077/78-10 | Construction of Patle Health Post Building (RCC Farmed Structure-Type 4) at Okhaldhunga. | 1. C.M Construction Pvt. Ltd, Jorpati Kathmandu | 2. Devithan-Ramsagar-Nepal Fulbari JV, Anamnagar Kathmandu |
| | | 3. Singhadevi Nirman Sewa Pvt. Ltd | 4. Himdung & Thokar-Budha Siddha J.V, Chabahil-07 Kathmandu |
| | | 5. Sagarmatha Ghimire Nirman Sewa, Yamkha-4 Khotang | |
| DLPIU/(Building)/Okhaldhunga/Works/NCB/2077/78-11 | Construction of Madhabpur Health Post Building (RCC Farmed Structure-Type 4) at Okhaldhunga. | 1. Devithan-Ramsagar-Nepal Fulbari JV, Anamnagar Kathmandu | 2. C.M Construction Pvt.Ltd, Jorpati Kathmandu |
| | | 3. Jagadamba-Kali J.V, Buddhanagar-10 Kathmandu | 4. Singhadevi Nirman Sewa Pvt. Ltd |
| | | 5. Himdung & Thokar - Budha Siddha nirman JV, Chabahil-07 Kathmandu | 6. I.S Nirman Sewa Pvt. Ltd, Bidur-5 Nuwakot |
| | | 7. Puspanjali Construction Pvt. Ltd, Ghattekulo-32 | 8. Sagarmatha Ghimire Nirman Sewa Pvt. Ltd. Yamkha-4 Khotang |

**नि.आयोजना प्रमुख**


## शनिबार कोरोना...

पृष्ठ १ बाट क्रमशः

शनिबार २४ घन्टामा १९ जना कोरोना संक्रमितको मृत्यु भएको छ । यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न जिल्लामा गरी शुक्रबार कोरानाबाट ३३ जनाको मृत्यु भएको जानकारी दिएको थियो । मन्त्रालयले बिहीबार २४ घन्टाको अवधिमा ३५ जनाको मृत्यु भएको जनाएको थियो । नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या अहिलेसम्म तीन हजार दुई सय ९८ पुगेको छ ।

संक्रमितको पछिल्लो तथ्यांकसँगै नेपालमा कोरोना संक्रमितको संख्या तीन लाख २८ हजार आठ सय ९३ पुगेको छ । शुक्रबार एक हजार दुई सय ८७ निको भएसँगै निको हुनेको संख्या दुई लाख ८२ हजार तीन सय ८२ पुगेको छ । हालसम्म पिसिआर परीक्षण २४ लाख ८८ हजार तीन सय ५९ पुगेको छ । आइसोलेसनमा ४३ हजार दुई सय १३ र क्वारेन्टिनमा ६७ जना रहेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मोरङ, सुनसरी, झापा, पर्सा, धनुषा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, दाङ, बाँके, रुपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, सुर्खेत, कैलाली र कञ्चनपुरमा स्वास्थ्य प्रणालीले थेग्नै नसक्ने गरी संक्रमण बढिरहेको बताएको छ । कोरोना संक्रमण नियन्त्रणका लागि सरकारले विभिन्न जिल्लामा निषेधाज्ञा जारी गरेको छ ।

### दोस्रो वेभ उच्च बिन्दुमा नपुग्दैको संक्रमण

■ **१६ वैशाख**
जम्मा परीक्षण : १३५६०
पिसिआर : १२५९७, एन्टिजेन : ९६३
संक्रमित : ४९२८ (३६.३४ प्रतिशत)
पिसिआर : ४८३१, एन्टिजेन : ९७

■ **१७ वैशाख**
जम्मा परीक्षण : १५९१६
पिसिआर : १५३९१, एन्टिजेन : ५२५
संक्रमित : ५७२७ (३५.९८ प्रतिशत)
पिसिआर : ५६५७, एन्टिजेन : ७०

■ **१८ वैशाख**
जम्मा परीक्षण : १४९६९
पिसिआर : १४४०३, एन्टिजेन : ५६६
संक्रमित : ५७६३ (३८.५ प्रतिशत)
पिसिआर : ५७०६, एन्टिजेन : ५७

### पहिलो वेभ उच्च बिन्दुमा पुग्दाको संक्रमण

■ **५ कात्तिक ०७७**
जम्मा परीक्षण : २०११८
संक्रमित : ५७४३ (२८.५ प्रतिशत)

■ **४ कात्तिक**
परीक्षण : १३८६१
संक्रमित : ३०९३ (२२.३१ प्रतिशत)

■ **३ कात्तिक**
परीक्षण : १५७१४
संक्रमित : ३७९० (२४.११ प्रतिशत)

■ **२ कात्तिक**
परीक्षण : १४८७५
संक्रमित : २९४२ (१९.७८ प्रतिशत)

■ **१ कात्तिक**
परीक्षण : १५४३८
संक्रमित : ३१६७ (२०.५ प्रतिशत)

## श्रमिकको...

पृष्ठ १ बाट क्रमशः

न्यूनतम पारिश्रमिक वृद्धिसम्बन्धी प्रक्रिया चलिरहेका वेला प्रधानमन्त्रीले अचानक तलब वृद्धिको घोषणा गरेपछि श्रमिक र रोजगारदाता दुवै पक्ष असन्तुष्ट बनेका छन् ।

कुनै छलफल र वार्ताविनै सरकारले न्यूनतम पारिश्रमिक बढाउने घोषणा गरेको भन्दै मजदुर र रोजगारदाता दुवैले यसको कार्यान्वयन हुन नसक्ने औंल्याएका छन् । रोजगारदाताले महामारीका कारण उद्योग व्यवसाय नै ठप्प हुने अवस्था भएकाले तलब बढाउन नसकिने बताएका छन् । सरकारले उद्योग व्यवसाय पुनरुत्थानका लागि राहत कार्यक्रम ल्याउनेभन्दा पनि भार बढाउने कार्यमा जोड दिइरहेको रोजगारदाताले आरोप लगाएका छन् । श्रमिकहरूले प्रधानमन्त्रीले गरेको घोषणाअनुरूप तलब थोरै भएको बताएका छन् । त्यस्तै, कानुनअनुसार अघिल्लै वर्षको साउनदेखि बढेको तलब कार्यान्वयन हुनुपर्नेमा प्रधानमन्त्रीले आगामी साउनदेखि लागू हुने बताउनु कानुनविपरीत भएको पनि मजदुरहरूको आरोप छ ।

### प्रधानमन्त्रीको घोषणा

प्रधानमन्त्री ओलीले मे दिवसका अवसरमा सम्बोधन गर्दै आर्थिक वर्ष ०७८/७९ बाट न्यूनतम पारिश्रमिकको पुनरावलोकन भई मासिक १५ हजार हुने बताए । सबैलाई सामाजिक सुरक्षाको दायरमा ल्याउने उनले बताए । मजदुरको सुरक्षाका लागि सामाजिक सुरक्षा कोष, बेरोजगार भत्तालगायत व्यवस्था गरिएको उनले दाबी गरे । 'श्रमको औपचारिक र अनौपचारिक क्षेत्र भन्ने विभेदलाई कानुनी रूपमा अन्त्य गरेको छौं,' उनले भने, 'सरकारले तीन वर्षको अवधिमा सामाजिक क्षेत्रमा लगानी बढाई श्रमको सम्मान र मर्यादित कामको अवधारणालाई प्रवर्द्धन गरेको छ ।'

### मजदुर युनियनले भने- प्रधानमन्त्रीको घोषणा मान्दैनौं, अदालत जान्छौं

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का संयोजक एवं अखिल नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष जगत सिम्खडाले न्यूनतम वेतन बढाउने प्रधानमन्त्रीको घोषणा सुन्दा मीठो लागे पनि यथार्थमा मजदुरविरोधी र गैरकानुनी भएको बताए । 'प्रधानमन्त्रीले श्रमिकको न्यूनतम वेतन बढाउने घोषणा गर्नुभएको छ, सुन्दा यो स्वागतयोग्यजस्तो लाग्छ, तर बिलकुलै होइन,' उनले भने, 'यो मजदुरहरूको विरुद्धमा हो । ऐनविपरीत भयो, हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

प्रधानमन्त्रीले घोषणा गरेका न्यूनतम वेतनको अंक र कार्यान्वयन हुने मितिमा श्रमिकको पूर्ण असहमति रहेको उनले बताए । 'श्रम ऐनको दफा १०६ र १०७ मा प्रत्येक दुई वर्षमा न्यूनतम वेतन निर्धारण गरिने भनिएको छ । र, यसको कार्यान्वयन आर्थिक वर्षको पहिलो दिनबाट सुरु हुने भनिएको छ,' उनले भने, 'यसअनुसार गत वर्षको साउनबाटै तलब बढ्नुपर्ने हो, तर प्रधानमन्त्रीले आगामी साउनबाट लागू हुने घोषणा गरेका छन्, जुन कानुनविपरीत हो ।' उनले तलब वृद्धि पनि महँगी र आर्थिक वृद्धिअनुसार नभएको जिकिर गरे । 'रोजगारदाताहरूले १२ सयसम्म बढाउन सकिने भनेका थिए । हामीले ३७ सय बढाउनुपर्ने माग गरेका थियौं,' उनले भने, 'रोजगारदाताले भनेभन्दा अलि बढी अनि श्रमिकले भनेभन्दा अलि तल झरेर २२ सयसम्म बढाउने श्रम मन्त्रालयले अनौपचारिक रूपमा भनेको थियो, तर प्रधानमन्त्रीले साढे १५ सय मात्रै बढाउने घोषणा गरिदिए, जुन मजदुरमाथिको धोका हो, अन्याय हो, हामी अदालत जान्छौं ।'

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यले प्रधानमन्त्रीले गरेको श्रमिकको न्यूनतम वेतन बढाउने घोषणामा आफूहरूको आपत्ति भएको बताए । 'वेतन बढाउने कुरामा आपत्ति होइन, तर त्यसको अंक र कार्यान्वयन कहिलेबाट हुने भन्ने कुरामा हो,' उनले भने, 'अंक पनि हामीले माग गरेभन्दा निकै कम भयो, अर्को कुरा श्रमिकको न्यूनतम वेतन एक वर्षअघि नै लागू हुनुपर्ने हो, तर प्रधानमन्त्रीले कानुन उल्लंघन गर्दै एक वर्षपछि लागू गर्छु भन्नुभयो जुन ठीक होइन ।'

### रोजगारदाता भन्छन्- यस्तो वेला भार थपियो, कार्यान्वयन गर्न गाह्रो छ

रोजगारदाताहरूले कोभिडको महामारीबाट उद्योग व्यवसाय निरन्तर प्रभावित भइरहेका वेलामा तलब वृद्धि गर्ने घोषणा सकारात्मक नभएको बताएका छन् । यद्यपि, उनीहरूले छलफल गरेर मात्रै थप प्रतिक्रिया दिने बताएका छन् । नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मोरले निजी क्षेत्रसँग कुनै छलफल नगरी प्रधानमन्त्रीले न्यूनतम वेतन बढाउने घोषणा गरेको बताए । यद्यपि, यस विषयमा थप अध्ययन गरेर मात्रै धारणा सार्वजनिक गर्ने उनले बताए ।

रोजगारदाता र श्रमिकबीच सहमति जुट्न नसकेपछि सरकार आफैंले न्यूनतम वेतन घोषणा गरेजस्तो देखिएको नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति रामचन्द्र संघाईले बताए । यद्यपि, यसमा महासंघको आधिकारिक धारणा भने बनिनसकेको उनले बताए । 'प्रधानमन्त्रीले श्रमिकको न्यूनतम तलब बढाएर १५ हजार रुपैयाँ पुऱ्याउने घोषणा गर्नुभएको छ । यो श्रमिकका तर्फबाट हेर्दा राम्रै घोषणा भएको छ । तर, उद्योगीतर्फबाट हेर्दा भार थपिएको छ,' संघाईले भने, 'थुप्रै उद्योगले अहिले नै १५ हजार वा सोभन्दा बढी वेतन दिइरहेका छन् । उनीहरूलाई यो कार्यान्वयनमा समस्या हुनेछैन । तर, न्यूनतम वेतन १३ हजार चार सय ५० दिइरहेका उद्योगलाई भने भार थपिनेछ ।'

प्रधानमन्त्रीले उद्योग-कलकारखाना पनि चलोस् र श्रमिकलाई पनि हित होस् भन्ने सोचेरै तलब बढाएको हुन सक्ने भन्दै उनले यसको कार्यान्वयनपूर्व एकपटक छलफल भने आवश्यक रहेको बताए ।

नेपाल घरेलु तथा साना उद्योग महासंघका उपाध्यक्ष मोहन कटुवालले कोभिड महामारीबाट निरन्तर प्रभावित भइरहेका वेला तलब बढाउने घोषणा गर्नु जायज नभएको बताए । 'अहिले हामी निरन्तर कोभिडको प्रभावमा छौं, खाइपाई आइरहेको तलब पनि सकिनसकी दिइरहेका छौं,' उनले भने, 'यो वेलामा तलब वृद्धिको घोषणा गर्नु ठीक हो त ? यसले समस्या समाधान होइन झन् बढाउँछ ।' प्रधानमन्त्रीको घोषणाबाट श्रम सम्बन्धमा असमझदारी सिर्जना हुने उनले बताए । 'सरकार, श्रमिक र रोजगारदाता तीनै पक्ष बसेर, आपसी छलफल गरेर एउटा निष्कर्षमा पुग्नुपर्ने थियो, श्रमिक पनि बाँच्ने उद्योग पनि नमर्ने गरी निर्णय गर्नुपर्थ्यो,' उनले भने, 'तर, प्रधानमन्त्रीको घोषणाले श्रम सम्बन्ध बिगार्ने स्थिति ल्यायो । यसले असमझदारी बढाउनेछ ।'

# निषेधाज्ञामा मजदुरलाई छाक टार्ने चिन्ता

## कोरोना महामारीमा गत वर्ष २८ प्रतिशत पुरुष र ४१ प्रतिशत महिला मजदुरले रोजगारी गुमाए, दोस्रो लहरको असर पनि श्रमिक महिलामा बढी पर्ने आकलन

भारी बोक्ने रामकृष्ण, माछा बेच्ने सुरेश, इँटाभट्टामा काम गर्ने सीताराम र श्यामकुमारी कसैलाई पनि अन्तर्राष्ट्रिय मजदुर दिवसबारे जानकारी छैन। मजदुर दिवसकै दिन उनीहरू कोही रोजीरोटीको खोजीमा छन्, कोही समयभन्दा धेरै काम गरिरहेका छन्।

**शान्ति तामाङ/नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

कालीमाटी तरकारी बजारमा बसेर दैनिक बिहान-बेलुका भारी बोक्ने ओखलढुंगाका रामकृष्ण श्रेष्ठलाई निषेधाज्ञाले आपत् पार्न थालेको छ। दैनिक एक हजारदेखि १२ सय रुपैयाँसम्म कमाइ गर्ने उनले शनिबार बिहान मात्र ८० रुपैयाँ कमाए। त्यो पनि चिया पाउरोटी खाएर सिध्याए। 'आज जम्मा ८० रुपैयाँ कमाइ भो। चिया पाउरोटी खाइयो। अब अलिकति बचेको छ। यसरी काम गर्न पाइएन भने त गाह्रो पो हुने भो,' श्रेष्ठले भने, 'धन्न बिहान-बिहान परोपकारनिर भात खानचाहिँ पाइएको छ।'

निषेधाज्ञाले गर्दा रामकृष्णको दैनिकी बिहान एकछिन काम गर्ने अनि बल्खु, कुलेश्वर, टंकेश्वरवरपर डुल्ने, साथीभाइसँग गफ गर्ने र रात परेपछि त्यतै कुनै सडकपेटीमा सुत्ने भएको छ। 'हामी त यस्तै हो। कोरोनाले गर्दा काम गर्न पाइएन। छाक टार्न गाह्रो पर्छ जस्तो छ,' चिउँडोमा भएको मास्क माथि तान्दै उनले भने, 'साहुहरूलाई झन् अप्ठ्यारो भएको छ। पैसा भए पनि भनेको जस्तो गर्न पाएका छैनन्।' दुई छोराछोरीसहित खेतीपाती गरेर बस्ने श्रीमतीलाई गाउँमा के पठाउने भन्ने चिन्तासमेत उनमा थपिएको छ।

भारत रक्सौलका सुरेश साह कोरोनाका कारण घर जान पाएनन्। घर जाने सुरसार गर्दै थिए निषेधाज्ञा जारी भइहाल्यो। घर जाने बस पाएनन्। बिहीबारदेखि निषेधाज्ञा जारी भएपछि बिहान एकछिन साइकलमा राखेर माछा बेच्ने अनि दिनभर सडकपेटीमा बस्ने, टोलाउने उनको दैनिकी भएको छ। 'घर जान पाइएन। कोठाबाट निस्किन पनि गाह्रो भएको छ। बिहान-बेलुका माछा बेच्न पनि प्रहरीकै कारण असहज भएको छ,' साहले भने। दैनिक माछा बेचेर गुजारा गर्ने उनले शनिबार १२ केजी माछा बेचे। त्यही पैसाले केही सामान ल्याए। तर, रक्सौलमा भएका आफ्ना परिवारको चिन्ताले भने छाडेको छैन। 'आज जम्मा १२ केजी माछा बेचेँ। त्यो पनि पुलिसले गाह्रो पारिरहेको छ। अब काम छैन। यहाँ बसेर खान सकस भइसक्यो,' उनले भने। कोरोना भाइरसका कारण निषेधाज्ञा भएको थाहा पाएका उनले पनि मास्क भने चिउँडोमै लगाएका थिए। उनीसँग बस्ने अन्य चारजना साथीको व्यवहार पनि उस्तै थियो। कतै कसैले घर फर्कने व्यवस्था गरिदिए उनी घर जान तयार भएर बसेका छन्।

तीन वर्षदेखि पुरानो नैकापको इँटाभट्टामा मजदुरी गरिरहेकी छिन् ३९ वर्षीया श्यामकुमारी सुनुवार। कोरोना भाइरसको दोस्रो लहरले निषेधाज्ञा लागू भइसकेको छ। तर, न उनलाई गत वर्षको लकडाउनले फरक पार्‍यो, न यो वर्षको निषेधाज्ञाले नै फरक पारेको छ। उपत्यकाभर निषेधाज्ञामा कडाइ हुँदा उनी भने बिहानदेखि नै आफ्नो काममा व्यस्त छिन्। सुरक्षाका मापदण्ड भन्ने विषय उनका लागि के हो ? थाहा छैन। 'बिहानदेखि नै काम गरिरहेकी छु। हामीलाई कोरोना न सोरोना। भात खान परिहाल्यो। खानका लागि काम गर्नु परिहाल्यो,' सुनुवारले भनिन्, 'मैले मात्र होइन मास्क त अरूले पनि लगाउँदैनन्।' ३० भन्दा धेरै मजदुरको समूहमा उनले मात्र मास्क नलगाउनु कुनै अचम्म भने होइन। उनीहरूका लागि कोरोना छैन। निषेधाज्ञा पनि होइन र अन्तर्राष्ट्रिय मजदुर दिवस पनि छैन। उनी मात्र होइन, इँटाभट्टामा काम गर्ने ३० जना जतिमध्ये मास्कको प्रयोग गरेको बिरलै देखिन्थ्यो। भौतिक दूरी त हुने कुरा नै होइन।

इँटाभट्टामै काम गर्ने मकवानपुरका सीताराम बलामीले पनि सामान्य दिनमा जसरी दैनिक काम गरिरहेका छन्। हिजोआज पनि उनको काम रोकिएको छैन। निषेधाज्ञाले उनका लागि फरक केही छैन। कोरोनाको बारेमा उनलाई खास जानकारी पनि छैन। त्यसैले त विनामास्क काम गरिरहेका छन्। 'काम त आफूले जति सकिन्छ गर्ने हो। आज पनि ६ घन्टा काम गर्ने हो,' उनले भने, 'कोरोनाको बारेमा सुन्न त सुनेको हो। मास्क नि लगाउनुपर्छ भन्ने सुनेको हो। तर, यहाँबाट कोही बाहिर पनि जाँदैनन्। भित्र पनि नआउने हुनाले मास्क नलगाएको हो।'

### मजदुर दिवसबारे अनभिज्ञ

भारी बोक्ने रामकृष्ण, माछा बेच्ने सुरेश, इँटाभट्टामा काम गर्ने सीताराम र श्यामकुमारी कसैलाई पनि अन्तर्राष्ट्रिय मजदुर दिवसबारे कुनै जानकारी छैन। दिवसकै दिन उनीहरू कोही रोजीरोटीको खोजीमा छन्। कोही समयभन्दा धेरै काम गरिरहेका छन्। कोरोनाले विश्व नै आक्रान्त भएका वेला उनीहरू भने बिहान-बेलुका छाक टार्ने भन्नेमै चिन्तित छन्।

'खै यो के दिवस हो। यसले के गर्ने हो केही थाहा छैन। एक छोरी र छोरा लिएर काठमाडौंमा बसिरहेकी छु। उनीहरूसहित खानलाउन दिनरात भट्टामा काम गर्नेबाहेक अरू थाहा छैन,' श्यामकुमारीले भनिन्। मजदुर दिवसको बारेमा त आफूलाई केही जानकारी नभएको उनले बताइन्। उनीहरूले जनस्वास्थ्यका कुनै पनि मापदण्ड अपनाएका छैनन्।

इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)का अनुसार कोरोनाको पहिलो महामारीकालमा ४१ प्रतिशत महिला र २८ प्रतिशत पुरुषले रोजगार गुमाए। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले युएन वुमन, केयर नेपाल, सेभ द चिल्ड्रेनलगायत संस्थासँग मिलेर गरेको समीक्षामा करिब ८३ प्रतिशत महिलाको जीविकोपार्जन प्रभावित भएको बताएको छ। दोस्रो लहरको कोरोनाको असर श्रमिक महिलामा झन् बढी पर्ने देखिन्छ।



मजदुर दिवसका दिन पनि शनिबार काठमाडौंको नैकापस्थित इँटाभट्टामा काम गर्दै मजदुर। तस्बिरः नयाँ पत्रिका



### प्रधानमन्त्रीले भने- श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार हुन्छ

प्रधानमन्त्री केपी ओलीले आर्थिक वर्ष ०७८/७९ बाट मजदुरको न्यूनतम पारिश्रमिकको पुनरावलोकन भई मासिक १५ हजार रुपैयाँ हुने र सबैलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने बताएका छन्। अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा शनिबार शुभकामना सन्देश जारी गर्दै उनले आठ प्रकारका सामाजिक सुरक्षा भत्ता पाउने पाँच लाख थपिएर अहिले ३० लाख ६० हजार पुगेको र सबै ज्येष्ठ नागरिकलाई एक लाखको बिमा गरिएको पनि बताए। प्रधानमन्त्री ओलीले श्रमको औपचारिक र अनौपचारिक क्षेत्र भन्ने विभेदलाई कानुनी रूपमा अन्त्य गरेको र सरकारले तीन वर्षको अवधिमा सामाजिक क्षेत्रमा लगानी बढाई श्रमको सम्मान र मर्यादित कामको अवधारणालाई प्रवर्द्धन गरेको उल्लेख गरे। करिब १९ मिनेट लामो शुभकामना सन्देशमा उनले मजदुर दिवसको सुरुवातदेखिको विश्व इतिहास जोडे। तथ्यांकको फेहरिस्त नै लगाएका प्रधानमन्त्रीले कोरोनाका कारण मारमा परेका वास्तविक श्रमिकको बारेमा भने ऐक्यबद्धता जनाउनेबाहेक अन्य केही बोलेनन्। उनले कोभिडका कारण गत वर्ष २५ करोड रोजगारी गुमेको र अहिले पनि सोही संख्यामा रोजगारी खतरामा परेको अन्तर्राष्ट्रिय रूपमा प्रक्षेपण गरिएको उल्लेख गरे।

### मजदुर भन्छन्- कोरोनाभन्दा पनि काम नपाइने चिन्ता छ



आज जम्मा ८० रुपैयाँ कमाइ भो। त्यसले चिया र पाउरोटी खाइयो। अलिकति बचेको छ। काम गर्न पाइएन भने गाह्रो पो हुने भो। धन्न बिहान-बिहान परोपकारनिर भात खानचाहिँ पाइएको छ।

■ रामकृष्ण श्रेष्ठ



निषेधाज्ञामा पनि बिहानदेखि नै काम गरिरहेकी छु। हामीलाई कोरोना न सोरोना। भात खान परिहाल्यो। खानका लागि काम गर्नु परिहाल्यो। मैले मात्र होइन मास्क त अरूले पनि लगाउँदैनन्।

■ श्यामकुमारी सुनुवार



निषेधाज्ञाले गर्दा घर (भारत) जान पाइएन। कोठाबाट निस्किन पनि गाह्रो भएको छ। बिहान-बेलुका माछा बेच्न पनि असहज भएको छ। अब काम छैन, यहाँ बसेर के खाने भन्ने चिन्ता भइसक्यो।

■ सुरेश साह

## कम्तीमा दुई महिनालाई पुग्ने खाद्यान्न मौज्दात

### उपभोक्तालाई नआत्तिन आग्रह

**काठमाडौं**/ कोरोना भाइरस नियन्त्रणका लागि सरकारले १६ वैशाखबाट दुई साताका लागि निषेधाज्ञा गरेपछि उपभोक्ताहरू दैनिक उपभोग्य खाद्यवस्तुको मौज्दात बढाउन थालेका छन्। व्यवसायी र सरकारी निकायले भने मागअनुसार खाद्यान्न आपूर्ति गर्न कुनै समस्या नरहेकाले अनावश्यक मौज्दात नबढाउन उपभोक्तालाई आग्रह गरेका छन्।

अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक प्रकाश पौडेलले व्यवसायीसँग गरेको विभिन्न छलफल र नियमित अनुगमनले बजारमा खाद्यवस्तुको पर्याप्त उपलब्धता रहेको बताए। 'अहिले खुद्रा किराना पसलमा मात्रै एक महिनालाई र थोक व्यवसायीसँग कम्तीमा दुई महिनालाई पुग्ने खाद्यवस्तुको मौज्दात रहेको देखिन्छ,' महानिर्देशक पौडेलले भने, 'त्यसैले उपभोक्ताले चाहिनेजति मात्रै खाद्यवस्तु खरिद गरे हुन्छ। पसलमा अनावश्यक भिड गरेर धेरै सामान किन्नुपर्दैन।'

सरकारले निषेधाज्ञा गर्ने निर्णय गरेपछि विभागले सम्बन्धित व्यवसायीसँग छलफल गरेको थियो। त्यसक्रममा पनि व्यवसायीले खाद्यान्नको अभाव नहुने बताएका थिए। सरकारले निषेधाज्ञाको समयमा बिहान ७ देखि १० बजे र साँझ ५ देखि ७ बजेसम्म खाद्यान्न किराना पसल खुला गर्न दिएको छ। यो समयमा उपभोक्ताले धेरै सामान किन्न खोज्दा भिड बढिरहेको छ।

वाणिज्य विभागले बिहान र बेलुका खाद्यान्न पसलमा अनुगमन गरी अनावश्यक मौज्दातका लागि खाद्य सामग्री खरिद नगर्न उपभोक्तालाई सचेत गराइरहेको महानिर्देशक पौडेलले बताए। 'हामीले अनुगमनका क्रममा उपभोक्तालाई बढी सामान नकिन्न आग्रह गरिरहेका छौँ। त्यस्तै दैनिक मूल्यसूचीसमेत संकलन भइरहेको छ,' उनले भने। थोक खाद्यान्न व्यवसायीको संस्था खाद्य किराना व्यवसायी संघका अध्यक्ष देवेन्द्रभक्त प्रधानले पनि बजारमा खाद्यान्न आपूर्तिमा कुनै समस्या नरहेको बताए।

'चामल, दाल, तेललगायत धेरै खाद्यवस्तु नेपालमै उत्पादन भइरहेको छ। यी वस्तुको आपूर्तिमा समस्या हुने कुरै भएन,' उनले भने, 'थोक बजारमा अहिले पनि कम्तीमा दुई महिनालाई पुग्ने खाद्यवस्तु मौज्दात छ। आवश्यकता परे थप आपूर्ति गरेर उपभोक्ताको मागअनुसार वितरण गर्न सकिन्छ।' उनले अनावश्यक सञ्चय हुँदा बजारमा भइरहेको आपूर्ति प्रणालीमा असर पर्न सक्ने बताए।

'सबै प्रकारका खाद्यवस्तु जति चाहिने हो, त्यति मात्रै किनेर उपभोग गरे हुन्छ। अहिले नै अत्तालिनुपर्ने कुनै कारण छैन,' प्रधानले भने। किराना पसलहरूको संस्था खुद्रा व्यापार संघका अध्यक्ष राजकुमार श्रेष्ठले पनि खाद्यान्न आपूर्तिमा समस्या नरहेको बताए। 'उपभोक्ताहरू धेरै सामान किन्न खोजिरहेका छन्। हामीकहाँ किन्न आउनेलाई धेरै नलैजाउ भन्न पनि मिलेन,' उनले भने, 'तर, पछि नपाइएला कि भन्ने चिन्ता लिनुपर्दैन।' उनले केही खाद्यवस्तुमा मूल्यवृद्धि हुन थालेकाले नियमनकारी निकाय जागरुक हुनुपर्ने बताए। 'अहिले चिनी र दालको मूल्यमा केही वृद्धि हुन थालेको छ। यसको कुनै कारण छैन। त्यसैले नियमनकारी निकाय सक्रिय भएर कृत्रिम मूल्यवृद्धि रोक्न पहल गर्नुपर्छ,' अध्यक्ष श्रेष्ठले भने। उनका अनुसार चिनीको मूल्य प्रतिकिलो ५ रुपैयाँ बढेर ९० रुपैयाँसम्म पुगेको छ। त्यस्तै, दालको मूल्य प्रतिकिलो ५ देखि १० रुपैयाँसम्म बढेर आएको छ।

खाद्यान्न आपूर्ति गरिरहेको सरकारी निकाय खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले पनि उपत्यकाको थापाथली, नख्खु, रामशाहपथ, सूर्यविनायकको बिक्री केन्द्र बिहान ७ देखि १० बजेसम्म खुलेर चामल, कर्णालीको सिमी, जुम्ली मार्सी, खाने तेल, घिउलगायत बिक्री गरिहेको सूचना अधिकारी शर्मिला न्यौपाने जानकारी दिइन्।

### आइतबारबाट ठूला थोक विक्रेताकहाँ अनुगमन

अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले आइतबारबाट ठूला थोक खाद्यान्न विक्रेता लक्षित अनुगमन गर्ने जनाएको छ। साउन महिनादेखिको बिक्री परिमाण, बिक्री मूल्य, खरिद मूल्यलगायतका तथ्यांक लिने गरी अनुगमन हुन लागेको महानिर्देशक पौडेलले बताए। 'केही वस्तुमा मूल्य बढेको भनेर पनि गुनासो आएका छन्। हामी सबै कुरालाई सम्बोधन गर्नेगरी थोक विक्रेताकहाँ अनुगमन गरी तथ्यांक लिन्छौँ र मूल्य तथा परिमाण नियमन गर्नेछौँ।' विभागले हाल खाद्य पसल खोल्ने समय बिहान र साँझ अनुगमन गरिरहेको उनले बताए। उपभोक्तालाई कुनै गुनासो भए ११३७ नम्बरमा फोन गर्न विभागले आग्रह गरेको छ।

### लुम्बिनीका मुख्यमन्त्रीविरुद्ध अविश्वास प्रस्ताव

## आज संसद्‌मा प्रस्ताव पेस हुने, सोमबार मतदान हुने

**विष्णु घिमिरे/नयाँ पत्रिका**
**बुटवल, १८ वैशाख**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध संसद्‌मा दर्ता भएको अविश्वास प्रस्तावको टुंगो सोमबार लगाइने भएको छ। आइतबार बस्ने संसद् बैठकमा प्रस्ताव प्रस्तुत हुने र सोमबार टुंग्याउने गरी तयारी भएको छ।

संसद् बैठककै तयारीका क्रममा शनिबार कार्यव्यवस्था परामर्श समितिको बैठक बसेको थियो। बैठकमा विशेष अधिवेशनको एजेन्डामा छलफल भएको थियो। केही सांसदले एकैदिन अविश्वासको प्रस्तावको टुंगो लगाउनुपर्ने धारणा राखेका थिए। परामर्श समितिको बैठकपछि सभामुख पूर्णबहादुर घर्तीले दुई दिनमा टुंग्याउने गरी कार्यसूची तय गरेका छन्। प्रदेश सभाका सचिव दुर्लभकुमार पुन मगरका अनुसार आइतबार अविश्वासको प्रस्ताव संसद् बैठकमा पेस हुने र त्यसमाथि छलफल हुनेछ। सोमबार मुख्यमन्त्री पोखरेलले जवाफ दिनेछन्। मुख्यमन्त्रीको जवाफपछि सभामुखले निर्णयार्थ पेस गर्नेछन्, जसलाई मतदानबाट टुंगो लगाइनेछ।

आइतबारको संसद् बैठकमा प्रदेश प्रमुख धर्मनाथ यादवबाट अधिवेशन आह्वानसम्बन्धी पत्र पढेर सुनाइनेछ। जसपाका चार सांसदमाथि भएको कारबाहीबारे सूचना पढेर सुनाएपछि बैठक अविश्वासको प्रस्तावमा केन्द्रित हुनेछ। कांग्रेस संसदीय दलका नेता वीरेन्द्रकुमार कनोडियाले प्रस्ताव प्रस्तुत गर्नेछन्। उनको प्रस्तावपछि दलका प्रतिनिधिका रूपमा सांसदहरूले छलफलमा भाग लिनेछन्।

छलफलका लागि एमालेलाई सवा घन्टा, कांग्रेसलाई ३५ मिनेट, माओवादी केन्द्रलाई ३१ मिनेट समय उपलब्ध हुनेछ। त्यस्तै, जसपा र राजमोले पाँच-पाँच मिनेटका दरले समय पाउनेछन्। दलीय प्रतिनिधिका रूपमा छलफलमा भाग लिनेहरूका लागि समय छुट्याइए पनि प्रस्तावक कनोडिया र मुख्यमन्त्री पोखरेललाई समयका बारेमा सीमा तोकिनेछैन।

### दलहरू आ-आफ्नै रणनीतिमा

लुम्बिनी प्रदेशका मुख्यमन्त्री पोखरेलविरुद्ध ६ वैशाखमा अविश्वासको प्रस्ताव दर्ता भएको थियो। प्रस्ताव दर्तापछि सांसदहरूले प्रदेश प्रमुख धर्मनाथ यादवसमक्ष विशेष अधिवेशन आह्वानका लागि समावेदन गरेका थिए। त्यसपछि उनले नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम १९ वैशाखमा प्रदेश सभाको अधिवेशन आह्वान गरेका थिए।

अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका तीनसहित चारजना जसपा सांसदलाई मुख्यमन्त्री पोखरेलले मन्त्री बनाएपछि प्रस्तावबारे चासो बढेको छ। जसपाका चार सांसदको पद गुमेपछि संसद्‌को अंकगणितदेखि सत्ता समीकरणबारे अनेक अडकलबाजी हुन थालेका छन्। संसद्‌को अंकगणितमा फेरबदल भएको अवस्थामा मुख्यमन्त्री पोखरेललाई सत्ता जोगाउन ४१ सांसदको आवश्यकता छ। ४१ सांसद एमालेकै छन्, तर उनले आवश्यक मत प्राप्त गर्नेमा आशंका उब्जिएका छन्। माधव नेपाल पक्षका सांसदले के गर्छन् भन्ने टुंगो छैन।

एमाले प्रमुख सचेतक भूमिश्वर ढकाल पार्टीका ४१ जना सांसद एक ठाउँमा उभिएको भन्दै अविश्वासको प्रस्ताव विफल हुने बताउँछन्। माओवादी केन्द्रका प्रमुख सचेतक तुलाराम घर्ती मगर अग्रगमन र प्रतिगमनबीचको लडाइँ रहेको भन्दै अग्रगमनको पक्षमा निर्णय हुने बताउँछन्।

**Invitation for Bids**

**Provincial Government**

**Ministry of Physical Infrastructure Development**

**Province 2**

**Janakpur**

**Invitation for Bids for the**

**Design and Build of Rato River Bridge at Baigiya-Madhae Road, Mahottari**

**Design and Build of Rato River Bridge at Balawa Municipality-2 kutitol - Badiya Road, Mahottari**

**Date of publication: 02/05/2021**

1. The Ministry of Physical Infrastructure Development, Janakpurdham invites electronic bids from eligible bidders for the construction of ***100 m length Bridge*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| Contract Identification No: | Description of Works | Last Date of Bid Submission/ Opening | Bid Security (Nrs) / Validity Period | Bid Document Fee | Average Annual Construction Turnover | Work experience |
|---|---|---|---|---|---|---|
| MoPID/P2/NCB/ Works/Bridge-08/077/078 | Design and Build of 100 m bridge at Rato River in Baigiya-Madhae Road, Mahottari | *01/06/2021* | NRs 3.7 million /150 days | *NRs 10,000* | *NRs 89 million* | *At least 2 motorable bridge each of length 100 m.* |
| MoPID/P2/NCB/ Works/Bridge-09/077/078 | Design and Build of 100 m bridge at Rato River Bridge in Balawa Municipality-2 kutitol - Badiya Road, | *01/06/2021* | NRs 3.7 million /150 days | *NRs 10,000* | *NRs 89 million* | *At least 2 motorable bridge each of length 100 m.* |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Ministry of Physical Infrastructure Development, Janakpurdham, Dhanusa, Province-2*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Eligible Bidders may download notice and the bidding documents for e-submission from PPMO website www.bolpatra.gov.np/egp.

कोरोनाविरुद्ध सचेतना
एक-अर्कामा संवाद गर्दा मास्क प्रयोग गरौँ

नयाँ पत्रिका
सम्पादकीय

# अनिश्चितताबीच अर्थतन्त्रको प्रक्षेपण

काठमाडौं उपत्यकासहित देशका विभिन्न जिल्लामा निषेधाज्ञालगायत प्रतिबन्धात्मक आदेश जारी भएकै समयमा केन्द्रीय तथ्यांक विभागले चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर चार प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गर्‍यो। गत वर्ष दुई दशमलव १२ प्रतिशतले ऋणात्मक रहेको गार्हस्थ उत्पादनको वृद्धि अभिलिखित इतिहासकै सबैभन्दा कम थियो। गतवर्ष चैतको आधाआधीबाट आरम्भ भएर असारसम्मै तन्किएको बन्दाबन्दीले आर्थिक सार्वजनिक तथा निजी लगानी दुवै क्षेत्रमा पारेको प्रभाव, उत्पादनमूलक उद्योगको खस्किँदो उत्पादन दर, यातायात, पर्यटन र मनोरञ्जनलगायत सेवाक्षेत्रमा पारेको प्रभावले धेरैले रोजगारी गुमाएका थिए। सबैको परिणामले आर्थिक वृद्धिदरलाई थला पारेको छ। साउनदेखि क्रमशः आर्थिक गतिविधि उकासिँदै थियो। पर्यटन र त्यससँग जोडिएका क्षेत्रहरूको प्रगति धिमा भए पनि अघि बढिरहेको थियो। उच्च हिमशिखर आरोहण गर्ने आन्तरिक र बाह्य टोलीहरूको घुइँचोले पनि सकारात्मक अर्थ राख्थ्यो। अर्थतन्त्रले लय समात्न थालेको थियो।

ठीक यही समयमा कोरोना महामारीको दोस्रो लहर सुरु भयो। यस वर्षको आर्थिक वृद्धिदरको लक्ष्य सात प्रतिशत हाराहारी हुने तत्कालीन अर्थमन्त्रीको दाबी आफैँमा गलत भए पनि तथ्यांक विभाग र राष्ट्रिय योजना आयोगको पछिल्लो प्रक्षेपणलाई व्यावहारिक र हासिल गर्न सकिने लक्ष्य मान्न सकिने आधार तयार भएका थिए। ठीक यही वेला कोरोना महामारी सुरु भएको छ। शुक्रबार मात्रै पाँच हजार सात सयभन्दा बढीमा कोरोना पुष्टि भएको छ। परीक्षण गरिएकामध्ये ३० प्रतिशतभन्दा बढीमा कोरोना देखिन थालेको धेरै दिन भइसकेको छ। भारतमा कोरोना महामारीले विश्वलाई नै हैरान पार्दै नयाँ रेकर्ड कायम गरेको छ। नेपाल त्यसको पछि-पछि छ। शुक्रबार मात्रै स्वास्थ्य मन्त्रालयले एक प्रकारको श्वेतपत्र जारी गर्दै बढ्दो संक्रमणका कारण आगामी दिनमा अस्पतालमा भर्ना हुनुपर्ने र गम्भीर प्रकारका बिरामीले समेत उपचार नपाउने हुन सक्छ भन्दै सबैलाई सतर्क गराएको छ।

अल्पविकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुन लागेको नेपालका लागि आर्थिक गति अवरुद्ध हुनुका धेरै प्रभाव हुन्छन्, रोजगारी घट्नु, उत्पादकत्व र उत्पादन दुवै घट्नु, प्रतिव्यक्ति आय घट्नु र गरिबीको दर बढ्नु।

निषेधाज्ञा सुरु हुनुअघि पाँच लाखले काठमाडौं छाडेको अनुमान गरिएको छ। यसको अर्थ कोरोनाका कारण आर्थिक गतिविधिका विभिन्न क्षेत्रमा फेरि नकारात्मक प्रभाव पार्छ भन्ने नै हो। स्वास्थ्य मन्त्रालयका अधिकारीहरू र विज्ञहरू आउने दुई महिना यस्तो प्रभाव रहिरहने अनुमान गरिरहेका छन्। त्यसो हुनु भनेको योजना आयोग र तथ्यांक विभागले प्रक्षेपण गरेका आर्थिक अनुमान मेल खानेछैनन् भन्ने नै हो। अल्पविकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुन लागेको नेपालका लागि आर्थिक गति अवरुद्ध हुनुका धेरै प्रभाव हुन्छन्, रोजगारी घट्नु, उत्पादकत्व र उत्पादन दुवै घट्नु, प्रतिव्यक्ति आय घट्नु र गरिबीको दर बढ्नु। कोरोना संक्रमणको सम्भावित चित्र पहिले नै पहिल्याएर सतर्कता अपनाउन सकेको भए अहिले यति जटिल स्थिति आउने थिएन।

तर, अब अवस्था धेरै अघि बढिसकेको छ। त्यसैले यस वर्षको आर्थिक वृद्धिका प्रक्षेपित लक्ष्य हासिल नहुने हुन् कि भन्ने आशंकालाई नै यसले बल पुर्‍याउँछ। राज्य र नागरिकस्तरमा पनि गर्न सकिने भनेको आर्थिक गतिविधि कमजोर हुँदा सीधा मार पर्ने रोजगारी गुमाउने परिवारका लागि प्रत्यक्ष सहयोग गर्ने, उनीहरूलाई गरिने मौद्रिक सहयोगका माध्यमबाट बजारमा मागको उचित दबाब कायम राख्ने र उद्योगहरूलाई चलायमान बनाइरहन आवश्यक भरथेग गर्ने नै हो। अर्थतन्त्रको गतिशीलता कायम राख्न पनि यसो गर्नु जरुरी छ।

# विभिन्न स्वरूपका कोरोनाबीच अनिश्चितता

## अझ बढी सिक्वेन्सिङ नगरी भाइरस उत्परिवर्तन भएर दोस्रो लहर सुरु भयो भन्न सक्ने अवस्था छैन



अग्रलेख

● डा. हितेश कुमार भट्टराई

भारतमा अहिले आएको कोरोनाको दोस्रो लहर भयानक छ। दोस्रो लहर पहिलो लहरभन्दा कडा स्वरूपमा प्रस्तुत भएको छ। पहिलो लहरको मध्यमा दैनिक एक लाख मानिस संक्रमित हुन्थे भने दोस्रो लहरमा तीन लाखभन्दा बढी मानिस दैनिक संक्रमित भइरहेका छन्। मृत्युदर पनि पहिलेको लहरको मध्यमा दैनिक एक हजार थियो भने अहिले दैनिक तीन हजारभन्दा बढी छ। अहिले भारतमा एक प्रकारको संकटकाल छाएको छ। विश्वको औषधि उत्पादक कहलिएको देशमा अक्सिजन र औषधिको चरम अभाव छ भने मृत्युदर उच्च भएर दाहसंस्कार गर्न ठाउँ पुगिरहेको छैन। विभिन्न देशले सावधानीस्वरूप भारतसँगको हवाई सम्पर्क बन्द गरेका छन्।

भारतको यो कोरोना कहरले भारतलगायत विश्वभरिका वैज्ञानिकलाई अचम्ममा पारेको छ। केही महिनाअघि मात्र गरिएको एक अनुसन्धानले डिसेम्बर २०२० मा भारतको सहरी जनसंख्याको लगभग ४१ प्रतिशतलाई कोरोना लागिसकेको (सेरोप्रेभलेन्स) देखिएको थियो। यो नतिजा मेडआरएक्सआइभी जर्नलमा प्रकाशित भएको थियो। कतिपय रोगमा एकपटक संक्रमित भएपछि फेरि संक्रमित हुने सम्भावना न्यून रहन्छ। कोभिड त्यसप्रकारको रोग भएको खण्डमा यति ठूलो जनसंख्यामा कोरोना नलाग्नुपर्ने हो। दोस्रो लहर यति भयानक हुनुमा विभिन्न कारण हुन सक्छन्। पहिलो कारण त परिवर्तित स्वरूपका बढी संक्रामक, घातक र खोपबाट अन्त्य नहुने भाइरस हुन सक्छन्। दोस्रो कारण पहिले भाइरस लागेर विकास भएको शरीरको प्रतिरोधात्मक क्षमताको क्षय भएको हुन सक्छ। तेस्रो भारतमा पहिलो लहरपछि जीवनशैलीमा लिनुपर्ने सतर्कता नलिएकाले हुन सक्छ। जुनसुकै कारणले भए पनि कोरोनाको यो लहरले भारत र नेपाललगायत विश्वव्यापी रूपमा अनिश्चितता बढाएको छ। भारतजस्तै नेपालमा पनि कोरोनाको संक्रमण बढ्दो छ। बिरामीको संख्या बढेसँगै निषेधाज्ञाको घोषणा गरिएको छ। उल्लिखित तीन कारक तत्वहरू नेपालको कोरोना कहरमा पनि महत्वपूर्ण छन्। लेखमा यिनै कारणको चर्चा गरिएको छ।

पहिले चर्चा गरौँ विश्वव्यापी रूपमा फैलिँदै गएका विभिन्न स्वरूपका भाइरसहरूको। चीनको वुहानबाट फैलन सुरु भएको भाइरसमा आजको दिनसम्म आउँदा विभिन्न समयमा थुप्रै परिवर्तन भइसकेका छन्। हजारौँ भाइरसहरूको रूपरेखा (सिक्वेन्स) इन्टरनेटमा पाउन सकिन्छ। भाइरसका विभिन्न भाग (प्रोटिन) मा परिवर्तनहरू भएका छन्। विभिन्न भागमध्ये एस प्रोटिनका परिवर्तनहरू उल्लेखनीय हुन्छन् किनकि यही प्रोटिनको माध्यमबाट भाइरस मानिसमा सर्छ। भाइरस कत्तिको सर्छ एस प्रोटिनको स्वरूपले निर्धारण गर्छ। फेरि अहिलेसम्म विकास गरिएका धेरैजसो खोपले यही प्रोटिन बनाउने गर्छन्, ताकि शरीरले भाइरस चिनेर प्रतिरोधात्मक क्षमता विकास गर्न सकोस्।

अहिलेसम्म चर्चामा आएका बदलिएका स्वरूपका भाइरसहरू बेलायत, दक्षिण अफ्रिका, ब्राजिल र भारतमा भेट्टिएका छन्। कुनै एक स्वरूपको भाइरसमा खतरा हुने फेरबदल भएमा चासोको प्रकारमा वर्गीकृत गरिन्छ। स्वरूप अझ खतरनाक ठहरेमा चिन्ताको प्रकारमा वर्गीकरण गरिन्छ। बेलायती, दक्षिण अफ्रिकी र ब्राजिली भाइरसहरूलाई चिन्ताको भाइरसको प्रकारमा वर्गीकरण गरिएको छ। भारतको भाइरसलाई भने चासोको भाइरसको प्रकारमा मात्र वर्गीकरण गरिएको छ। स्वरूप परिवर्तन दुई तरिकाले खतरनाक हुन सक्छन्। एउटा त स्वरूप परिवर्तनको कारणले भाइरस बढी संक्रामक र घातक हुन सक्छ। अर्को स्वरूप परिवर्तनको कारणले भाइरसले खोपको प्रतिक्रियास्वरूप बन्ने प्रतिरोधात्मक तत्वले भाइरसलाई नियन्त्रण नगर्ने नहुन सक्छ। बेलायती भाइरसमा भाइरसलाई बढी संक्रामक बनाउन परिवर्तित स्वरूपले काम गरेको हुन सक्छ। हाल प्रयोगमा रहेका खोपहरूले भने भाइरसलाई असर गर्छन् भन्ने अनुमान गरिएको छ। दक्षिण अफ्रिकी र ब्राजिली भाइरस अझ खतरनाक हुन सक्छन् किनकि यिनीहरूमा बढी संक्रामक बनाउने तथा खोप पचाउने परिवर्तनहरू भएका छन्। नयाँ भारतीय भाइरसमा भने खोपबाट पचाउन सक्ने परिवर्तन भएको छ, तर बढी संक्रामक बनाउने परिवर्तन भने नहुन सक्छ।

के कोरोनाको दोस्रो लहर नेपाल तथा भारतमा यिनै अथवा कुनै नयाँ परिवर्तनका कारणले भएको हो त ? जवाफ स्पष्ट छैन। भारतमा अलि-अलि भाइरसहरूको सिक्वेन्सिङ गरिएको छ। पञ्जाबमा बेलायती भाइरस देखा पर्‍यो भने महाराष्ट्रमा भारतकै स्वरूप परिवर्तन गरेको भाइरस देखा पर्‍यो। नयाँ स्वरूपका भाइरसहरू अधिकांश संक्रमणमा भेटिएको पनि छैन। अझ बढी सिक्वेन्सिङ नगरी भाइरस उत्परिवर्तन भएर दोस्रो लहर सुरु भयो भन्न सक्ने अवस्था छैन। उल्लिखित दुई ठाउँका नतिजाबाट परिवर्तित भाइरसकै कारणले दोस्रो लहर आएको भन्न नमिल्ने अवस्था छ।

एउटै परिवर्तित भाइरसका कारणले लहर आएको भए र भाइरस पहिले लागेकालाई फेरि नलाग्ने भए यति ठूलो मात्रामा संक्रमण नहुनुपर्ने थियो। दोस्रो लहरमा भाइरसको प्रकृति फरक छ भन्ने बुझाइ पनि नभएको होइन। भाइरस एकै परिवारका धेरै सदस्यलाई एकैपटक लागिरहेको, भाइरस बालबालिकालाई पनि लागेको र लक्षण पनि पहिलो लहरभन्दा फरक रहेको जनमानसमा हल्ला छ। यी बुझाइ तथ्य हुन् कि हल्लै मात्र, विस्तृत अनुसन्धान हुनु जरुरी छ। तथ्यांक अध्ययन गरेर यी बुझाइहरूको निवारण हुनुपर्ने हो। साधारणतया बालबालिकामा कोरोना भाइरस कम लाग्छ, किनकि उनीहरूमा कम एस २ रिसेप्टर हुन्छ। बेलायती उत्परिवर्तन, जुन विश्वव्यापी रूपमा फैलिएको छ, एस २ रिसेप्टरसँग अझ बलियो गरी जोडिन्छ, जसका कारणले बच्चाबच्चीमा बढी संक्रामक हुन सक्छ। यो उत्परिवर्तनले बच्चाबच्चीमा अस्पताल जाने दर भने नबढाउने केही अनुसन्धानले देखाएका छन। दर बढी नभए पनि संक्रमण नै धेरैलाई भयो भने अस्पतालमा भर्ना हुने बालबालिकाको संख्या बढी हुन सक्छ।

कोरोनाका सन्दर्भमा थुप्रै पक्ष अनिश्चित छन्। ६ महिनासम्म खोप प्रभावकारी रहन्छ भन्ने मानवीय परीक्षणबाट थाहा भएको छ। तर, कति समयसम्म प्रतिरोधात्मक क्षमता रहिरहन्छ निश्चित छैन। फाइजरका प्रमुखले केही समयअघि मात्र भनेका थिए, कोरोनाविरुद्ध तेस्रो डोज खोप लगाउनुपर्ने हुन सक्छ। त्यसपछि हरेक वर्ष फ्लुजस्तो खोप लगाउनुपर्ने पनि हुन सक्छ।

अनिश्चितताको अर्को पाटो प्रतिरोधात्मक क्षमताको क्षयसँग सम्बद्ध छ। खोप लगाएमा अथवा कोरोनाको संक्रमण भएमा शरीरमा प्रतिरोधात्मक क्षमताको विकास हुन्छ। यो नियम कोरोनामा मात्र नभएर धेरै संक्रामक रोगमा लागू हुन्छ। बच्चा वेला एकपटक ठेउला लागेपछि जीवनभरि लाग्ने सम्भावना न्यून रहन्छ। त्यस्तै दादुरा र पोलियोको खोप दिएपछि यी रोगहरू जीवनभर लाग्ने सम्भावना न्यून हुन्छ। अरू कति संक्रामक रोगमा प्रतिरोधात्मक क्षमता यति लामो समयसम्म रहिरहँदैन। टिबी एकचोटि लागेर निको भए पनि फेरि लाग्न सक्छ। बिसिजी भन्ने खोप उपलब्ध छ, तर यो खोपबाट विकास भएको प्रतिरोधात्मक क्षमता छिट्टै नै क्षय हुन्छ।

कोरोनाका सन्दर्भमा थुप्रै पक्ष अनिश्चित छन्। ६ महिनासम्म खोप प्रभावकारी रहन्छ भन्ने मानवीय परीक्षणबाट थाहा भएको छ। तर, कति समयसम्म प्रतिरोधात्मक क्षमता रहिरहन्छ निश्चित छैन। फाइजरका प्रमुखले केही समयअघि मात्र भनेका थिए, कोरोनाविरुद्ध तेस्रो डोज खोप लगाउनुपर्ने हुन सक्छ। त्यसपछि हरेक वर्ष फ्लुजस्तो खोप लगाउनुपर्ने पनि हुन सक्छ। फेरि खोपबाट विकास भएको प्रतिरोधात्मक क्षमताबाट लुक्ने भाइरसविरुद्ध नयाँ खोप विकास गर्नुपर्ने हुन सक्छ। रोग लागिसकेकाहरूमा विकास भएको प्रतिरोधात्मक क्षमताले कति समय काम गर्छ, निश्चित छैन। कमसेकम ६ महिना प्रतिरोधात्मक क्षमताले काम गर्छ भन्ने बुझाइ छ। तर, भारत र नेपालमा एउटा लहरको ६ महिना नबित्दै अर्को लहर सुरु हुनुले प्रतिरोधात्मक क्षमता लामो समय रहिरहन्न भन्ने सोचलाई बढवा दिन्छ। खोप र संक्रमणले कति समयलाई प्रतिरोधात्मक क्षमता प्रदान गर्छन्, विस्तृत अनुसन्धान हुनु बाँकी छ।

दोस्रो लहर यति भयानक हुनुमा सतर्कताको अभाव पनि प्रमुख कारक हुन सक्छ। हामी सबै विश्वभरि कोरोनाले कति क्षति गर्‍यो, आँकलन गरिरहेका थियौँ। उत्तर अमेरिका, दक्षिण अमेरिका र युरोपमा कोरोना बढी घातक ठहरियो। भारत तथा नेपालमा कोरोनाको संक्रमण दर तथा मृत्युदर कैयौँ गुणा कम रह्यो। के कारणले यस्तो भयो, वैज्ञानिकहरूले अझ ठम्याउन सकेका छैनन्। हाम्रो उपमहाद्वीपमा अरू कोरोना भाइरस अथवा अरू परजीवीको संक्रमणले विकास भएको प्रतिरोधात्मक क्षमताले कोरोनाविरुद्ध रक्षा गरेको हुन सक्छ। हामी यही ठम्याउन नसकिने रक्षा प्रणालीमा बढी विश्वस्त भयौँ।

सोहीअनुसार पहिलो लहरपछि हामीले सतर्कता अपनाउन छाड्यौँ। भारतमा निस्फिक्री रूपमा चुनावका भेला, भक्तहरूको ताँती तथा खेलकुदका दर्शकको भिड उत्रियो। लुकेर बसेको कोरोना सलबलाउने मौका पायो। पहिलो लहरताका निकै सतर्कता अपनाइएको थियो। दोस्रो लहरताका कोरोनामाथि विजय हासिल गरेझैँ जनजीवन सञ्चालन गरियो। हाम्रो अन्दाज गलत साबित भयो। उल्लिखित तिनै कारणहरूको सम्मिश्रणको फलस्वरूप हराएको कोरोनाले भयानक रूप धारण गरेको छ।


अनिश्चितताको माझमा भोलिका दिनमा हामी के गर्न सक्छौँ त ? मेरो विचारमा कोरोनाको महामारीले आधुनिक समाजका तौरतरिकामा ठूलो प्रहार गरेको छ। कतिपय सामाजिक तथा वैज्ञानिक मान्यतालाई पुनर्विचारयोग्य बनाएको छ। त्यसैले आगामी दिनमा सकेसम्म बढी सतर्कता अपनाउनु जरुरी हुन्छ। उपलब्ध खोपहरू आयात गरेर सकेसम्म बढी जनसंख्यालाई उपलब्ध गराउनु आजको आवश्यकता हो। मास्क लगाउनु तथा भौतिक दूरी कायम राख्नु हामी सबैको दायित्व हो। हामी भारतीय उपमहाद्वीपका मानिसले आफूलाई युरोप र अमेरिका जति भयावह स्थिति अहिलेसम्म भोग्नु नपरेकोमा भाग्यमानी ठान्न सक्छौँ। आगामी दिनका हाम्रा कदम वैज्ञानिक प्रमाण आधारित हुनु अति आवश्यक छ।

यसका लागि नेपालमा पनि महामारीको अनुसन्धान जारी राख्न अनिवार्य छ। विभिन्न देश तथा प्रान्तमा महामारीले फरक रूप लिएको छ। उदाहरणका लागि एसियामा, अफ्रिकामा र युरोपमा महामारीको स्वरूप फरक छ। एसियाकै भारत र चीनमा माहामारीको प्रकृति फरक छ। भारतभित्रै पनि महाराष्ट्र र पञ्जाबमा महामारीले फरक रूप लिएको छ। नेपाल र भारतमै पनि महामारी फरक रूपमा प्रस्तुत भएको छ। यस हिसाबले नेपालमा महामारीको समाधान खोज्न अमेरिका र भारतसँग भर परेर पुग्दैन। होला, हामी कति पाठ सिक्न सक्छौँ, तर नेपालभित्रै पनि ठुल्ठूला प्रश्न सोध्न जरुरी छ। भाइरससम्बन्धी तथ्यांक, भाइरसका भेरियन्ट सिक्वेन्सिङ, प्रतिरोधात्मक क्षमताको विकास र क्षय, पुनः संक्रमणको अवस्था आदि विषयमा अध्ययन हुनु जरुरी छ।

*(लेखक काठमाडौं विश्वविद्यालय, बायोटेक्नोलोजी विभागका उप-प्राध्यापक हुन्)*

# पश्चिम बंगालको बदलिएको राजनीति

## पश्चिम बंगालमा हिन्दुत्व राजनीतिले जरा गाडिसकेको छ र आगामी दिनमा पनि यो जबर्जस्त कायम रहनेछ



देश/विदेश

● योगेन्द्र यादव

आठ चरणसम्म चलेको बंगाल विधानसभाको चुनाव अन्तिम अवस्थामा पुग्दा एउटा कुरा स्पष्ट देखियो- पश्चिम बंगाल मात्र होइन, भारतीय राजनीति सधैँका लागि बदलिएको छ। यो परिवर्तन कैयौँ खराबी बोकेर आएको छ। यसपटकको चुनावी प्रतिस्पर्धा निकै कडा भएकाले अन्तिम नतिजा थाहा पाउन सबै मतपत्रको गिन्ती पर्खिनुपर्ला। तर, चुनावी अभियानबाट केही संकेत मिलिसकेको छ।

पश्चिम बंगालमा सम्पन्न यसपटकको विधानसभा चुनावको मुख्य प्रतिस्पर्धा तृणमूल कंग्रेस(टिएमसी) तथा भारतीय जनता पार्टी ( भाजपा)बीच थियो। वाम मोर्चा, कंग्रेस तथा इन्डियन सेक्युलर फ्रन्टबीच गठबन्धन बन्दा जुन प्रभाव सिर्जना हुने आशा गरिएको थियो, त्यो देखिएन। गठबन्धन धेरै अन्तरले तेस्रो स्थानमा रहने सम्भावना छ। मेरो विश्वासमा लगभग ८० प्रतिशत भोट तृणमूल कंग्रेस र भाजपाको खातामा जानेछ। मे २ का दिन मतदाताले जसलाई साथ दिए पनि एउटा कुरा भने स्पष्ट भएको छ, पश्चिम बंगालको राजनीति जबर्जस्त रूपमा बदलिएको छ।

सन् २०१९ को लोकसभा चुनावमा भाजपाले पश्चिम बंगालमा जुन ठूलो जित हासिल गरेको थियो, त्यो अकस्मात चम्किएको बिजुलीजस्तो थिएन। भारतको विभाजन तुरुन्त अगाडि र तुरुन्त पछाडि हिन्दू संगठनहरूको बलियो उपस्थितिका बाबजुद पहिले जनसंघ र पछि भाजपा पश्चिम बंगाल राजनीतिको किनारामै रह्यो। सन् २०११ सम्म यही स्थिति थियो। त्यस वर्षको विधानसभा चुनावमा भाजपाले ४.१ प्रतिशत मत हासिल गर्‍यो, तर कुनै सिट हासिल गर्न सकेन। सन् २०१६ को चुनावमा अवस्था केही सुध्रियो। पार्टीले १०.२ प्रतिशत भोट प्राप्त गर्‍यो र तीन सिट जित्न सफल भयो।

सन् २०१८ मा यो परिदृश्य अचानक बदलियो, जब मोदी लहरको बलमा भाजपा तृणमूल कंग्रेसका लागि मुख्य प्रतिस्पर्धी बनेर उठ्यो। भाजपाले पश्चिम बंगालबाट लोकसभाको ४२ सिटमध्ये १९ मा जित हासिल गर्‍यो। पछिल्लो चुनावी अभियानको अवस्था हेर्दा भाजपाले सन् २०१९ को सफलतालाई यस विधानसभा चुनावमा पनि दोहोर्‍याउने देखिन्छ। पश्चिम बंगालमा हिन्दुत्व राजनीतिले जरा गाडिसकेको छ। आगामी दिनमा पनि यो जबर्जस्त कायम रहनेछ। यो वास्तविकताबारे केही वर्षअघिसम्म अनुमानसमेत गर्न सकिँदैनथ्यो। भजपाले सुरुवाती सफलता उत्तरी बंगाल र पश्चिमको जंगलमहलजस्तो पिछडिएको क्षेत्रमा प्राप्त गर्‍यो। पार्टीले दलित, आदिवासी, बंगलादेशबाट आएका हिन्दू आप्रवासी र सहरी क्षेत्रका हिन्दीभाषीलाई आकर्षित गरेर आधार बनायो। सन् २०१९ यता भाजपाले आफ्नो सञ्जाल यी वर्गभन्दा बृहत्तर बनाइसक्यो। पछिल्लो समय भाजपाले दक्षिण बंगालको ग्रामीण भाग र भंगाली भद्रलोकमा पनि बलियो पकड बनाएको छ। यदि भाजपाले विधानसभा चुनावमा ४० प्रतिशतजति मत ल्यायो भने यसको अर्थ हुनेछ कि उसले ७० प्रतिशत हिन्दू मतदाताबाट दुईतिहाइ मत ल्याउनेछ। यस चुनावी नवसमीकरणको दीर्घकालीन परिणाम हुनेछ। पश्चिम बंगालमा ३० प्रतिशत मुसलमान रहेकाले, हिन्दूहरू एक दलतर्फ गोलबन्दको जवाफमा मुसलमानपछि अलग रूपमा गोलबन्द हुने प्रयास गर्नेछन्। इन्डियन सेक्युलर फ्रन्टजस्तो मुस्लिम पार्टीको उदयले यसैलाई संकेत गर्छ। यस कोणबाट हेर्दा बंगाल सन् १९४० को दशकको साम्प्रदायिक अतीततर्फ फर्किन सक्छ। त्यस समय पश्चिम बंगाल हिन्दू-मुसलमान हिंसाको केन्द्र हुन्थ्यो।

लामो समयसम्म पश्चिम बंगाल भारतीय राजनीतिक प्रवृत्तिको अपवाद रहँदै आएको थियो। शासन त त्यति राम्रो थिएन, तर राजनीति भने उच्चस्तरको हुन्थ्यो।

यी तमाम कुरामा धनबल, बाहुबल र चुनावी प्रणालीको दुरुपयोग पनि जोडिन्छ। बंगालको चुनावमा बाहुबलको प्रयोग नयाँ होइन। विगतमा वाम मोर्चाको सरकारले आफ्ना राजनीतिक विरोधीलाई तह लगाउन हिंसाको सहारा लिने गरेको कुरा कसैबाट लुकेको छैन। तृणमूल कंगेसले यस राजनीतिक बिरासतलाई थप जोडतोडका साथ जारी राख्यो। सत्ताधारी पार्टीसँग जनताको असन्तोषको कारण यो पनि एउटा हो। बंगालको राजनीतिक हिंसाको अध्याय चाँडै अन्त्य हुनेछैन, यसका आगामी अध्यायको कथा सुन्न हामी तयार रहँदा हुन्छ। जहाँसम्म धनबलको प्रश्न छ, अहिलेको चुनाव पश्चिम बंगालको इतिहासको सबैभन्दा महँगो चुनावमा पर्छ। स्थानीयस्तरका बिचौलियाको खल्ती भरियो, नयाँ टिभी च्यानल खोलियो, ठूलो परिमाणमा विज्ञापन भयो। त्यस्तै चुनाव आयोगले केन्द्रको सत्तारुढ दललाई सहयोग गर्न कुनै कसर नछाडेको स्पष्ट देखियो।

लामो समयसम्म पश्चिम बंगाल भारतीय राजनीतिक प्रवृत्तिको अपवाद रहँदै आएको थियो। राज्यमा हुने चुनावी अभियान विचारधारामा केन्द्रित हुन्थ्यो। चुनावमा धेरै पैसा खर्च हुँदैनथ्यो र धार्मिक साम्प्रदायिकता पनि हाबी हुँदैनथ्यो। शासन त त्यति राम्रो थिएन, तर राजनीति भने उच्चस्तरको हुन्थ्यो। तर, पछिल्लो चुनावसँगै यो फरकपन अन्त्य भएको छ। हुन सक्छ, यो चुनावपछि बंगालसहित सम्पूर्ण भारतको राजनीति अमेरिकी शैलीको अर्थात् माथिबाट म्यानेज हुने प्रतिस्पर्धामा बदलिन सक्छ।

*(यादव स्वराज भारतका अध्यक्ष हुन्)*
*द प्रिन्टबाट*

प्रेरक प्रसंग

# स्वर्ग र नर्कको भिन्नता

भगवान् एक सन्तको ठूलो तपस्याबाट खुसी भएर साक्षात् उनका अघि प्रकट भएछन्। प्रसन्न भगवान्‌ले सन्तलाई वर माग्न अनुरोध गरे। सन्तले भगवान्‌सँग प्रश्न राखे, 'भगवान्, यो स्वर्ग र नर्कमा यति धेरै भिन्नता किन छ ? किन दुवैलाई उस्तै बनाउन नसकिएको। यसबारे जान्न चाहन्छु।' सन्तको यस्तो प्रश्न सुनेपछि भगवान्‌ले सन्तलाई भने, 'लौ हिडँ, म तिमीलाई प्रत्यक्ष स्वर्ग र नर्क देखाउँछु।' सुरुमा भगवान्‌ले सन्तलाई नर्क लगे। नर्कमा उनीहरू पहिले एक विशाल भोजनकक्षमा पुगे। त्यहाँका बासिन्दा खानाले भरिएको एउटा विशाल खड्कुँलो वरिपरि बसिरहेका थिए। सबै एकदम दुब्ला, कुपोषण लागेकाजस्ता देखिन्थे। प्रत्येकको हातमा कसिलो गरी भीमकाय डाडु बाँधिएको थियो। त्यसमा खाना त उठाउन सकिन्थ्यो, तर मुखसम्म पुर्‍याउन सकिँदैनथ्यो। यसले गर्दा सबै भोकै थिए। सबैको अवस्था भयावह थियो। यो देखेर सन्तले भगवान्‌सँग त्यहाँका बासिन्दाका हातमा त्यत्रो डाडु बाँधेर अन्याय भएको गुनासो गर्न थाले। जवाफमा भगवान्‌ले भने, 'यसको जवाफ दिनुअघि म तिमीलाई स्वर्ग पनि देखाउँछु।'

दुईजना स्वर्ग पुग्दा त्यहाँ पनि खाने समय भएको थियो। नर्कमा जस्तै यहाँ पनि उस्तै भोजन कक्ष, उस्तै टेबल थियो। यहाँसम्म कि खानाको वरपर बसेका मानिसको हातमा उस्तैगरी भीमकाय डाडु बाँधिएका थिए। तर, यहाँ भने सबै खुसी र हृष्टपुष्ट देखिन्थे। स्वर्गवासीले हातमा बाँधिएको डाडुको सहयोगले एक अर्कालाई खुवाइरहेका थिए। यो देखेर सन्तको मनमा केही बत्ती बलेजस्तो भयो। खासमा स्वार्थीपनले कुनै पनि स्थान नर्क बनाइदिनेरहेछ भने सहयोगीपनले स्वर्ग।

टिप्पणी

लेखकका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## अभियोग मन्त्री !

गुन्डागर्दी तथा फौजदारी अभियोगलगायत दर्जनौँ मुद्दा लागेका दीपक मनांगेलाई गण्डकी प्रदेश सरकारले मन्त्री बनाएर कानुनीराजको खिल्ली उडाएको छ। फौजदारी अभियोग लागेका व्यक्ति मन्त्री बन्ने देशमा सुशासनको कुरा गर्नु बेकार छ। मुख्यमन्त्री पद टिकाउनकै लागि यतिसम्म गिर्न सक्ने नेताबाट देशको उन्नति, प्रगति सोच्नु बेकार छ। दीपक मनांगे मन्त्री बनेकोप्रति विरोध होइन, विधिको शासन र कानुनीराजको धज्जी उडाएकोप्रति विरोध हो। आज दीपक मनांगे मन्त्री भए भोलि त्यस्ता आपराधिक गतिविधिमा संलग्न अरूलाई पनि मन्त्री बन्ने बाटो खुल्यो। हिजोसम्म प्रहरीको हिरासतमा बसेका मनांगेलाई अहिले प्रहरीले मन्त्री भनेर सेल्युट हान्नुपर्छ। यसले प्रहरीको मनोबल गिरेको छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

## ओली जसपाको माग पूरा गर्न सक्छन् ?

जनता समाजवादी पार्टीभित्र चलेको द्वन्द्वले यतिखेर नयाँ सरकार गठन हुन सकिरहेको छैन। ओली सरकारलाई नै समर्थन गर्ने कि उनीविरुद्धमा बन्ने गठबन्धनको सरकारमा जाने भन्ने विषयमा जसपाभित्र ठूलो मतभेद छ। यो मतभेदलाई समय छँदै तर्कपूर्ण ढंगले हल नगरेमा यसै कुराले जसपा विभाजन हुन पनि बेर छैन। जसपाभित्रका महन्त ठाकुर र राजेन्द्र महतो पक्षका नेताहरू ओली सरकारले आफूहरूको माग पूरा गर्न सक्ने हुँदा यसै सरकारलाई समर्थन गर्नुपर्ने बताइरहेका छन्। जसमा कुनै दम छैन।

ओली सरकारले सक्ने कुरा उनीपछि बन्ने नयाँ सरकारले भने किन नसक्ने हो ? के ओली सरकारलाई कानुनले बढी अधिकार दिएको छ ? अनि उनीपछि बन्ने सरकारलाई कानुनले रोकछेक गर्छ ? ओलीको पार्टीले मात्र चाहँदैमा संविधान संशोधन गर्न सक्दैन। त्यसका लागि दुईतिहाइ नै चाहिन्छ। रेशम चौधरीलाई रिहाइ गर्न सरकारले सक्दैन। सर्वोच्च अदालतले मात्र सक्छ।

यसर्थ जसपाले ओली सरकारलाई नै समर्थन गर्नुपर्ने भन्ने कुरामा कुनै तर्क र आधार छैन। त्यही ओलीले पार्टी विभाजन गर्ने विधेयक ल्याउँदा त्यसको विरोध गर्दै रातारात पार्टी एकीकरण गरेको पार्टी आज उसैलाई समर्थन गर्ने भन्दै छ। संसद् विघटन गरेको विरुद्धमा सडकमा ओर्लेको जसपा आज उही ओली सरकारलाई साथ दिन्छु भन्दै छ। लोकतान्त्रिक मूल्य-मान्यताविपरीतको गतिविधि गर्ने ओली सरकारलाई नै टिकाइराख्न सहयोग गर्ने जसपाको महन्त-राजेन्द्र समूहलाई कुन मुखले लोकतान्त्रिक नेता मान्ने ?

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं

## सरकारले आत्मसमर्पण गरेर सुख पाउँदैन

सरकाले कोरोना संक्रमितलाई अस्पतालमा ठाउँ छैन भनेर हात उठाएको छ। यो त कोरोनासामु सरकारले सीधै आत्मसमर्पण गरेको भयो। विगतदेखि सत्तारुढ दल तथा नेताको ध्यान कोरोना रोकथामतिर भन्दा पनि कसरी सरकार जोगाउने भन्नेतिर केन्द्रित छ। यतिवेला सत्तारुढ दल नेकमा एमालेको केपी गुट मात्रै होइन, अन्य राजनीतिक दल पनि सबै आ-आफ्नै पार्टी र राजनीतिक अस्थित्व जोगाउनमा केन्द्रित छन्। नेपालको सन्दर्भमा अहिले नै सरकारले हात उठाउनुपर्ने अवस्था आइसकेकै छैन।

सबैभन्दा पहिले सम्पूर्ण अस्पताललाई कोरोनाको उपचारमा केन्द्रित गराउने, देश भित्रिसकेको खोप जति नागरिकलाई पुग्छ, त्यतिलाई लगाउने व्यवस्था मिलाउने, बेड खाली भएका अस्पतालमा तत्काल सिकिस्त विरामीलाई पुर्‍याउन सक्ने व्यवस्था मिलाउने हो भने अहिले नै यसरी हतोत्साही भइहाल्नुपर्ने अवस्था छैन। यस्तो महामारीमा त्यसै पनि अत्तालिरहेका जनतामाथि सरकारको यस्तो निर्णयले झनै हतोत्साही बनाउने काम गरेको छ। सरकारले पछिल्लोपटक जुन हर्कत देखायो, यसले के प्रस्ट पार्छ भने सरकार जनताको जीवनरक्षाप्रति कत्ति पनि जिम्मेवार छैन। त्यसो त केही दिनअघि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले अर्थतन्त्रभन्दा ठूलो नेपाली जनताको स्वास्थ्य हुन सक्दैन भनेर सरकारले लिने रणनीतिका बारेमा प्रस्ट पारिसकेका थिए। नभन्दै शुक्रबारको स्वास्थ्य मन्त्रालयको विज्ञप्तिले त्यही कुरालाई इंगित गरेको छ। सरकारभन्दा माथिल्लो निकाय के हुन्छ ? अनि सरकारले हामी सक्दैनौँ भनेर हुन्छ ? अहिले नै त्यसरी हतास हुनुपर्ने वेला आइसकेको जस्तो लाग्दैन। बेलैमा भएभरका जनशक्ति जुटाएर स्वास्थ्यकर्मीलाई उचित हौसला प्रदान गरी प्रोत्साहन गरे बिरामी र डाक्टर दुवै पक्षलाई हौसला मिल्नेछ तर नेपाल सरकारले जहिल्यै पनि निरुत्साहित मात्रै गर्ने काम गरेको छ। सरकारमा बस्नेहरू होसियार, तिमीहरूलाई अहिले नेपाली जनताभन्दा आफ्नो पद ठूलो लागेको छ, फेरि पनि चुनाव आउँछ भन्ने नबिर्स। फेरि सत्ताको शिखरमा पुग्न यिनै जनता चाहिन्छन् भन्ने कुरा पनि याद राख।

● **सुजन देवकोटा**, पालुङ्टार-४, गोरखा

# नयाँ भेरियन्टको संक्रमण दर उच्च छ
# मृत्युदर भने उस्तै हो

त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानबाट एमबिबिएस तथा युनिभर्सिटी अफ इलिनोई, सिकागोमा जनस्वास्थ्य र इन्टरनल मेडिसिनमा स्नातकोत्तर तथा संक्रामक रोगमा सुपर स्पेसलाइजेसन गरी सदर्न इलिनोई विश्वविद्यालयमा दुई दशक प्राध्यापन र एक दशक विभागीय प्रमुखका रूपमा काम गरी नेपाल फर्केका **डा. जनक कोइराला** कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी)मा विज्ञका रूपमा क्रियाशील छन् । साथै, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा परामर्शदाताका रूपमा कार्यरत छन् । मुलुकमा देखिएको कोभिड-१९ को दोस्रो लहरमा केन्द्रित रही नयाँ पत्रिकाका **सुजित महत**ले डा. कोइरालासँग गरेको कुराकानी :

> यो भाइरससँगको युद्ध हो । भाइरसको ब्रेन छैन, हामीसित ब्रेन छ । त्यसैको मद्दतले युद्ध जित्ने हो । युद्धमा जस्तै सबै मिलेर लड्नुपर्छ । युद्धमा सेनाले बचाइहाल्छ भनेर गैरसैनिकले जे पनि गर्न थाले के हुन्छ ? गैरसैनिकले पनि सुरक्षा सावधानी अपनाउने, दुस्मनविरुद्ध सक्रिय हुने गरे युद्ध जित्न सजिलो हुन्छ ।

**१ हामी त कोरोना भाइरसमाथि विजय प्राप्त गरिसकेको भ्रममा थियौँ । भारतमा र अहिले नेपालमा पनि यसको दोस्रो लहर आयो, जुन पहिलोभन्दा खतरनाक देखिँदै छ । विज्ञहरूका लागि यो दोस्रो लहर अपेक्षित थियो त ?**

दोस्रो लहर आउँछ भन्नेमा त खासै शंका थिएन । लकडाउन थिएन, भीडभाड पनि सुरु भइसकेको थियो । भीडभाडका बाबजुद कोभिड-१९ संक्रमितको संख्या नबढेपछि नागरिकमा 'हामीले कोरोनालाई जित्यौँ' भन्ने भाव आएको थियो । मत्थर भएपछि हामी मात्र होइन, विश्वका अरू देशमा पनि अब सधैँकै लागि महामारी मत्थर भयो भन्ने परेको थियो । महामारीको दोस्रो, तेस्रो लहरका बारेमा सर्वसाधारणको चासो नहुनु अस्वाभाविक पनि होइन । हामीकहाँ सुरक्षा सावधानीलाई सबैभन्दा बेवास्ता गरिएको दसैँ-तिहारपछि दोस्रो लहर आउने पूर्वानुमान गरिएको थियो । अन्यत्र पनि जाडोयाममै अर्को लहर आउने पूर्वानुमान थियो । नभन्दै इंग्ल्यान्ड, अमेरिकामा आयो अनि नियन्त्रण पनि भयो । हाम्रोमा चाहिँ अचम्मसँग त्यही वेला मत्थर भयो । हामीकहाँ पहिलो लहर पनि ढिलो गरी आएको हो । मे महिनामा पहिलो केस पहिचान भएपछि एकैचोटि जुलाई-अगस्टदेखि ह्वात्तै बढ्न थालेको हो । भारतमा पनि त्यस बखत जनसंख्याको अनुपातमा कोरोनाको असर कमै देखिएको हो । यसैले हामी दक्षिण एसियालीमै रोगप्रतिरोधी क्षमता बढी रहेको निष्कर्षमा आमजनमानस पुगे । सन् १९१८ को इन्फ्लुएन्जा (स्पेनिस फ्लु) पनि तेस्रो लहरपछि बल्ल मत्थर भएको थियो । नागरिकको ठूलो हिस्सामा रोगप्रतिरोधी क्षमता विकास नभएसम्म महामारी आइरहन्छ । अर्को कुरा, कोरोना भाइरसको

> भाइरसमा म्युटेसन हुँदा भ्याक्सिनको प्रभावकारिता नहुने हो कि भन्ने डर पनि थियो, तर भ्याक्सिनले काम गरेको छ । 'कोभिसिल्ड'ले अहिलेको भाइरसबाट जोगाउँछ । भारतमा भनिएको डबल म्युटेसनमा भ्याक्सिनको प्रभावकारिता प्रमाणित भइसकेको छैन, अध्ययन जारी छ । ब्राजिल र दक्षिण अफ्रिकामा देखिएको भाइरसमा भने 'कोभिसिल्ड'ले काम नगर्ने प्रमाणित भइसकेको छ ।



'म्युटेसन' (रूपान्तरण) हुन्छ भन्ने पोहोर जनवरीमै देखिइसकेको थियो । भाइरस 'म्युटेसन' भएपछि अझ तीव्र वेगमा फैलिन सक्छ । म्युटेसन भएको भाइरसमाथि भ्याक्सिनको प्रभावकारिता नहुने हो कि आदि विषयमा विज्ञहरूबीच विमर्श भइरहेको थियो । तैपनि, फेरि पनि म्युटेन्ट भाइरसले झन् कहर ल्याउँछ नै भन्ने ठोकुवा गर्न सकिँदैन । सन् २००३-००४ मा पहिलो सार्समा त्यस्तै भयो । सुरुमा ८-१० देशलाई यसले निकै प्रभावित पाऱ्यो, तर स्वाट्टै हरायो । दोस्रो, तेस्रो लहर आउँदै आएन । सायद भाइरस नै कमजोर थियो, एक वर्षभित्र बिलायो । कोरोना बलियो छ, यो हराएर जाने सम्भावना हालसम्म त देखिँदैन । यसैले दोस्रो लहर त अवश्यम्भावी थियो ।

**२ दोस्रो लहरमा भारतमा जे-जस्तो अवस्था देखिँदै छ, नेपालमै पनि पहिलोभन्दा विकराल अवस्था देखिइसक्यो । पहिलो लहरको भाइरस र अहिलेकोमा के फरक छ ? के यो बढी घातक हो ?**

यो युके भेरियन्ट हो । भारतमा आइपुग्दा डबल म्युटेसन भएको पनि भनिएको छ, यकिन भएको छैन । सिंगल म्युटेसनमा एउटा प्रोटिन अल्टर भएको हुन्छ, डबलमा दुइटा प्रोटिन अल्टर हुन्छ । स्पाइक प्रोटिन भनिन्छ । मान्छेको शरीरमा प्रवेश गर्ने र बिरामी बनाउने त्यही स्पाइक प्रोटिनले गर्दा हो । भ्याक्सिनमा हुने प्रोटिन पनि त्यही स्पाइक प्रोटिन हो । भाइरसमा बदलाव (म्युटेसन) हुँदा छिटो फैलिने सम्भावना हुन्छ । जस्तो- हिजोको भाइरस एकजनाबाट परिवारकै अर्को एकजना सदस्यमा सर्ने सम्भावना हुन्थ्यो भने अहिले एकजनाबाट परिवारका सबैलाई सर्ने सम्भावना बढी छ । हिजोको भाइरस अर्कोमा संक्रमण हुन एक साता लाग्थ्यो भने अहिलेको एकदमै चाँडै । पहिले वृद्धवृद्धा, रोगप्रतिरोधी क्षमता कमजोर भएका दीर्घरोगीलाई हुन्थ्यो, हाम्रो परिवेशमा पनि त्यही देखिएको थियो । अहिलेको भाइरसले इंग्ल्यान्डमै युवालाई बढी प्रभावित पाऱ्यो । यहाँ पनि २०-४० उमेरसमूहमा बढी देखिन्छ । ५० नाघेकामा कम देखिन्छ ।

यसको कारणचाहिँ पहिलेको भाइरसबाट संक्रमित हुँदा युवा, रोगप्रतिरोधी क्षमता बलियो भएकामा लक्षण नै देखिँदैनथ्यो । यसैले परीक्षण नै नभई ती रेकर्डमा आउँदैनथे । अहिलेको भाइरसले संक्रमणमा रोगप्रतिरोधी क्षमता बलियो भए पनि लक्षण देखिइहाल्छ । अस्पताल पनि कुदाइहाल्नुपर्ने अवस्था बन्छ । दक्षिण अफ्रिकी भेरियन्ट सबैभन्दा घातक छ, जुन यहाँ फैलिएको छैन । अमेरिकामा पछिल्लो समय फैलिएको ब्राजिलियन भेरियन्ट हो । तिनमा भ्याक्सिन प्रतिरोधी क्षमता बढी छ । एउटा भाइरसले रजाइँ गरिरहेको ठाउँमा अर्को भाइरस फैलिहाल्दैन । भारत र नेपालमा युके भेरियन्टको रजाइँ भएकाले ब्राजिली र दक्षिण अफ्रिकी भेरियन्ट आइहाल्दैन वा एकदमै कम फैलिने सम्भावना हुन्छ । हामी वा अरू जनावरमा अंग विकास हुने एउटा पूर्ण मेकानिजम हुन्छ । एउटा सेलबाट सुरु भई मल्टिप्लाई हुँदै फोक्सो, छाला, दिमाग, कलेजो आदि अंग ठ्याक्कै बन्छ । शरीरको पूर्ण संरचना तयार हुन्छ । तर, भाइरसको शरीरमा त्यो पूर्ण मेकानिजम हुँदैन । मल्टिप्लाई गर्दै जाँदा प्रोटिनहरू लाइन लगाउने हो । प्रोटिन यताउता भएपछि प्रिन्टिङ गर्दा एरर भएर शब्दको अर्कै अर्थ लाग्ने वा अर्थै नलाग्ने हुन्छ नि, त्यस्तै भाइरसको प्रभावमा पनि फरक पर्छ । युके भेरियन्ट प्रोटिनमा परिवर्तन भएको हुँदा मान्छेको सेलमा छिटै पस्न सक्ने, छिटो फैलिने भयो ।

**३ पहिलो लहरमा हामीकहाँ र भारतमा खासै भौतिक क्षति भएन, अहिले किन हताहती बढिरहेको छ ?**

भाइरस बढी घातक भएर होइन । मृत्युदर त अझ घटेको छ, विश्वव्यापी रूपमा । बढ्दता मान्छे

> मन्त्रालय 'प्राग्मेटिक' छ, सुझाव पनि लिने गर्छ । त्यहाँबाट मन्त्रिपरिषद्मा गएपछि चाहिँ गलत निर्णय त भन्दिनँ, विलम्ब भएको छ । अहिलेकै निषेधाज्ञा दुई हप्ता ढिलो भयो । समयमै गर्दिएको भए नेपालगन्जकै क्षति रोक्न सक्थ्यौँ कि ! काठमाडौंमा फैलिएपछि मात्र निर्णय गरियो ।



डा. जनक कोइराला, कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका विज्ञ

मरेकोचाहिँ बढी फैलिएर हो । पहिले एक महिनामा एक सय थपिन्थे भने अहिले दुई हजार थपिन्छन् । संक्रमित हुनेको संख्या बढेपछि मर्नेको संख्या पनि बढेको हो । भारतमा बिरामी ह्वात्तै बढेपछि स्वास्थ्य प्रणालीले काम गर्न सकेन । अक्सिजनसमेत दिन नसकिने अवस्था आयो । मान्छेले डराएर घरघरै अक्सिजन भरिएका सिलिन्डर राख्न थाले । बजारमा सिलिन्डर नभएपछि अक्सिजनको वितरण प्रभावित भयो । 'रेम्डेसिभिर' त्यही भयो । भोलि संक्रमित भइहालियो भने काम लाग्छ भनेर 'रेम्डेसिभिर' किनेर राख्न थाले । नत्र उपचारमा त पोहोरभन्दा यसपालि स्वास्थ्यकर्मी झन् दक्ष भइसके नि । मृत्युदर ४-५ प्रतिशतबाट १ प्रतिशतभन्दा कममा झरेको छ । उपचार पाए संक्रमितले ज्यान गुमाउनुपर्ने अवस्था एकदमै न्यून छ । स्टेरोइड र अक्सिजन मात्र भए बिरामी बचाउन सकिन्छ । त्यस्तै अवस्था नआओस् भनेर निषेधाज्ञा लगाइएको हो । सुरुमा स्वास्थ्य मन्त्रालयले भीडभाड नगर्नुस्, मास्क लाउनुस् भनेर सचेत गराउन खोज्यो । तर, पूर्वराजा नै कुम्भको भीडमा गएर कोभिड-१९ संक्रमित भई फर्किने देशमा नागरिकबाट कति नै अपेक्षा गर्ने ? स्वास्थ्य प्रणाली भारतमै जस्तो क्र्यास नहोस् भनेर निषेधाज्ञा लगाउनुपरेको हो । बिस्तारै फैलियो भने अस्पतालले उपचार गर्न भ्याउँछ, उपचार पाएपछि बिरामीको मृत्यु हुने सम्भावना न्यून हुन्छ ।

**४ बडे-बडे विकसित देशका स्वास्थ्य प्रणाली महामारीले भत्काइदियो, महामारीमा यस्तै हो ? चीनले चाहिँ कसरी व्यवस्थापन गऱ्यो ?**

अमेरिकामा डोनाल्ड ट्रम्पले हल्का लिइदिँदा स्वास्थ्य प्रणाली क्र्यास भएको हो । व्यापार-व्यवसायलाई प्राथमिकता दिइयो । अर्थतन्त्र सबैभन्दा माथि भनियो । मरे पनि गरिब-अश्वेत मर्छन् भन्नेमा ट्रम्प पुगे । इंग्ल्यान्डमा बोरिस जोन्सन सुरुतिरै संक्रमित भएकाले विज्ञको सुझाबअनुसार चले । विश्वकै उत्कृष्ट विज्ञको कुरा नसुनी ट्रम्पले लहड देखाए । ब्राजिल नियन्त्रणबाहिर जानुमा पनि सामर्थ्यभन्दा पनि हेलचेक्र्याइँ हो । नरेन्द्र मोदीले पनि पर्याप्त गम्भीरता देखाएनन् । अस्ति भर्खरसम्म पश्चिम बंगालमा विशाल चुनावी ऱ्याली गर्दै थिए । कम्युनिस्ट प्रणालीको चीनमा नागरिक अनुशासनमा बाँधिनैपर्छ । यसैले मास्क र भौतिक दूरीको परिपालना भयो । हामीकहाँ पनि पुलिसले चौबाटोमा उभ्याउन थालेपछि बल्ल घरबाहिर यसै ननिस्कने, मास्क लाउने नियम पालन हुने गर्छ । चीनले कन्ट्याक्ट ट्रेसिङलाई प्राथमिकता दियो, जसले फैलिन दिएन । भ्याक्सिनमा पनि चीन अघि नै रह्यो । अर्को कुरा, चीनमा कति-कस्ता तथ्यांक बाहिर ल्याउने भन्ने त सरकारको हातमा छ । त्यसैले वास्तविक चित्र सार्वजनिक नहुन पनि सक्छ । सानो जनसंख्या भएका भुटान, ताइवानले पनि अनुशासनमा बाँधेर स्थिति नियन्त्रणबाहिर जान दिएनन् ।

**५ ट्रम्प हुन् वा बोल्सोनारो, मोदी हुन् वा केपी ओली, दक्षिणपन्थी विचारधाराका शासकले कोभिड-१९ को महामारीलाई गम्भीरतापूर्वक लिएनन् । दक्षिणपन्थी विचारधाराका शासक नै किन ?**

यसमा कुनै विचारधाराको प्रभाव हो जस्तो लाग्दैन । ज्ञानको कमीले गर्दा हो । वैज्ञानिक अनुसन्धानमा विश्वास नगर्ने, आफूले पढेको, विश्वास गरेको ज्ञानलाई मात्र अन्तिम सत्य ठान्ने प्रवृत्ति हो । सिसिएमसी र स्वास्थ्य मन्त्रालयको किताब विमोचनमै एलोप्याथीभन्दा नेचुरोप्याथीमा लाग्नुपर्छ भनेको सुन्न पऱ्यो । बेसार खानुपर्छ भनेर चिकित्सकलाई पढाएर पठाइदिने काम नभएको होइन । यी सब वैज्ञानिक प्रमाण नभएका व्यक्तिका निजी विश्वास हुन् । बेसारको अनुसन्धान नभएको होइन, तर त्यसको प्रभावकारिताबारे कतै पनि पुष्टि भएको छैन । निजी विश्वासलाई महत्त्व दिने भएपछि नागरिकले दुःख पाउँछन् । मुलुक गलत दिशातिर जान्छ ।

**६ राष्ट्रको नेतृत्व गर्ने नै वैज्ञानिक प्रमाणभन्दा निजी विश्वासमा लाग्ने भएपछि उच्चस्तरीय निर्णयहरूमा त्यसको के-कस्तो प्रभाव पर्दोरहेछ ?**

विज्ञसहित धेरैको राय सुनेर निर्णय गर्दा 'प्राग्मेटिक'

> बेसार खानुपर्छ भनेर चिकित्सकलाई पढाएर पठाइदिने काम नभएको होइन । यी सब वैज्ञानिक प्रमाण नभएका व्यक्तिका निजी विश्वास हुन् । बेसारको अनुसन्धान नभएको होइन, तर त्यसको प्रभावकारिताबारे कतै पनि पुष्टि भएको छैन । निजी विश्वासलाई महत्त्व दिने भएपछि नागरिकले दुःख पाउँछन् । मुलुक गलत दिशातिर जान्छ ।

(व्यावहारिक) हुन्छ । सबै कुरामा वैज्ञानिक प्रमाण नहुन सक्छ, यस्तोमा इतिहास हेर्ने हो । निजी आस्था-विश्वासमा गरिने निर्णय 'डग्मेटिक' (जडसूत्रवादी) हुन्छ । नेतृत्वले अरूको कुरै नसुनी निजी विश्वासका आधारमा निजी काम गर्दा त्यसले राष्ट्रलाई नै घाटा पुग्छ । त्यसैले मुलुकको विषयमा निर्णय गर्दा निजी विश्वासका आधारमा गरिनु हुँदैन । विज्ञानले धेरै चमत्कार गरिसकेको छ, त्यसैले विज्ञानको आधारमा निर्णय हुनुपर्छ, निजी विश्वासका आधारमा होइन । हाम्रो सन्दर्भमा स्वास्थ्य मन्त्रालय र सिसिएमसी नै हो । मन्त्रालय 'प्राग्मेटिक' छ । सुझाव पनि लिने गर्छ । त्यहाँबाट मन्त्रिपरिषद्मा गएपछि चाहिँ गलत निर्णय त भन्दिनँ, विलम्ब भएको छ । अहिलेकै निषेधाज्ञा दुई हप्ता ढिलो भयो । समयमै गर्दिएको भए नेपालगन्जकै क्षति रोक्न सक्थ्यौँ कि । काठमाडौंमा फैलिएपछि मात्र निर्णय गरियो । शिक्षा मन्त्रालयले अघि नै स्कुल बन्द गर्दिनुपर्थ्यो । निजी स्कुलहरूको दबाबमा ढिलो गरे, निजी स्कुलले शुल्क उठाउन गाह्रो परेका कारण खोल्नका लागि दबाब दिएको सबैले बुझेकै छन् । हामीलाई पनि थाहा छ नि, बालबालिकाको पढाइ पोहोरदेखि प्रभावित छ, सकेसम्म पढ्ने वातावरण बनाइदिनुपर्छ । तर, ज्यानभन्दा ठूलो त फेरि केही पनि होइन । अन्ततः सही निर्णय भएको हो ।

**७ भ्याक्सिनको प्रभावकारिता कस्तो छ ? नेपाल होस् वा भारत, भ्याक्सिन सुरु गर्दा नागरिकमा भ्याक्सिन लाउने अपेक्षित उत्साह देखिएन, दोस्रो लहरले गाँजेपछि बल्ल उत्साह देखिन्छ । भ्याक्सिनको दोस्रो डोज लिइसकेका पनि लक्षणसहित संक्रमित भएको खबर सुनिँदै छ, यस्तो किन ?**

महामारी मत्थर भई 'हामीले कोरोनामाथि विजय प्राप्त गरिसक्यौँ' भन्ने भाव आएको वेला भ्याक्सिन उपलब्ध भएको हुँदा अपेक्षित उत्साह नदेखिएको हुन सक्छ । भ्याक्सिनमा पनि भाइरस नै हुन्छ, थाहा पाउनेहरू कोरोनाभन्दा भ्याक्सिनको भाइरसले डराएका हुन सक्छन् । भ्याक्सिनको एफिकेसीमा फाइजर र मोडेर्ना नै अब्बल देखिए, ९५ प्रतिशत एफिकेसी प्रमाणित भएको छ । ९५ प्रतिशत एफिकेसीको मतलब सयजनालाई लाउँदा ९५ लाई कोभिड नै लाग्दैन । लाग्ने पाँचजना पनि गम्भीर बिरामी हुँदैनन्, मर्ने त करिब जिरो नै हुन्छ । 'कोभिसिल्ड'को ७० प्रतिशत एफिकेसी देखिएको छ, अमेरिकामा ८० प्रतिशतसम्म देखियो । ३० प्रतिशतलाई त हुने भयो, तैपनि गम्भीर बिरामी हुनबाट जोगाउँछ । पहिलो डोजले पर्याप्त रोगप्रतिरोधी क्षमता विकास गरेको हुँदैन । दोस्रो डोजको पनि दुई हप्तापछि बल्ल खोपले पूरा काम गर्ने हो । स्पष्ट कुरा के हो भने खोपमार्फत भाइरस नै दिने हो । यसैले त्यो भाइरसले हल्का ज्वरो आउने, जिउ दुख्ने भएको हो । खोपको लक्ष्य रोग लाग्नै नदिने होइन, मर्नबाट जोगाउने हो । संक्रमित भए पनि ज्यान नजाला ।

फाइजर र मोडेर्नामा अत्याधुनिक प्रविधि प्रयोग भएको छ, यसमा भाइरसको जिनलाई निकालेर भ्याक्सिन बनाइन्छ । यो भ्याक्सिन मासंपेशीमा दिएपछि स्पाइक प्रोटिन बनेर एन्टिबडी तयार हुन्छ । त्यसैले प्रभावकारितामा यो अब्बल देखिएको हो । 'कोभिसिल्ड' अलि पुरानो प्रविधिमा उत्पादन भएको हो । भाइरसमा म्युटेसन हुँदा भ्याक्सिनको प्रभावकारिता नहुने हो कि भन्ने डर पनि थियो, तर भ्याक्सिनले काम गरेको छ । हामीकहाँ सुरुमा भित्रिएको 'कोभिसिल्ड'ले अहिलेको भाइरसबाट जोगाउँछ । भारतमा भनिएको डबल म्युटेसनमा भ्याक्सिनको प्रभावकारिता प्रमाणित भइसकेको छैन, अध्ययन जारी छ । ब्राजिल र दक्षिण अफ्रिकामा देखिएको भाइरसमा भने 'कोभिसिल्ड'ले काम नगर्ने प्रमाणित भइसकेको छ । त्यो नेपालमा आएको छैन । यहाँ भएको युके भेरियन्ट नै हो ।

**८ सन् १९१८ को स्पेनिस फ्लुले भारतमा ठूलो हताहती भयो, नेपालमा चाहिँ खासै भौतिक क्षति भएको देखिँदैन, किन होला ?**

नेपालमा यातायात सञ्जालमा नजोडिएका कारण हुनुपर्छ । जति आवतजावत भयो, उति महामारी फैलिने हो । हवाईजहाज वा सडक सञ्जाल नभएको समयमा पनि प्लेग महामारीको रूपमा आउँथ्यो । किनकि, जल यातायात प्रचलित थियो । पानीजहाजमै मुसामार्फत मान्छेमा सर्थ्यो । स्पेनिस फ्लु न्युयोर्क, लन्डन, पेरिस र बम्बईमा एकैचोटिजसो फैलिएको थियो । कारण, पानीजहाजमार्फत मान्छेको ओहोरदोहोर । नेपालमा पनि त्यसबखत अलि-अलि भयो होला, तर रोग पहिचान नै भएन होला । केही मान्छे त मरे होलान् नि । तैपनि, भारतको तुलनामा एकदमै कम हताहती भएको हुनुपर्छ । यसको कारणचाहिँ भारत त्यतिवेलै रेल सञ्जालमा जोडिइसकेको थियो ।

**९ आगामी दिन कस्ता होलान् ? भारतकै जस्तो अवस्था आउला कि ?**

अहिलेको उभार तत्काल मत्थर हुँदैन । दुई दिनदेखि दुई हप्ताको समय इन्कुवेसनको हुन्छ, औसतमा एक हप्ता । अर्थात्, एक्सपोज भएपछि संक्रमित हुन औसत एक साताको समय लाग्छ । निषेधाज्ञाको नतिजाका लागि यो सकिएको अर्को दुई हप्ता कुर्नुपर्छ । अहिले स्वास्थ्य मन्त्रालयमा बुझ्दा अस्पतालमा बेड उपलब्ध छ भनेको सुन्छु, आवश्यक पर्दा अस्पतालमा फोन घुमायो, बेड छैन भनिन्छ । मन्त्रालयले तथ्यांक तोडमोड गऱ्यो कि अस्पतालहरू बिरामी भर्ना गर्न अनिच्छुक हुन्, बुझ्न सकेको छैन । दिनको १०-१५ हजार संक्रमित देखिन थाले भारतकै जस्तै दृश्य दोहोरिन सक्छ । अस्पतालले अत्यावश्यकबाहेक अरू सेवा तत्कालका लागि बन्द गरी कोभिड बेड बढाउन पऱ्यो । यसबाहेक अक्सिजनसहितको बेड भएको सेन्टर स्थापना गर्नुपर्छ । म सक्रिय रहेको अमेरिका-नेपाल फाउन्डेसनले गोंगबुमा राधास्वामी भवनमा दुई सय बेडको आइसोलेसन सञ्चालन गर्ने तयारी गरेको छ, जसमा अक्सिजन, औषधिसहित स्वास्थ्यकर्मी परिचालित हुन्छन् । यो महामारीमा अक्सिजन र स्टेरोइडसहित स्वास्थ्यकर्मी परिचालन गर्न सके धेरै बिरामीलाई अस्पताल नपठाई बचाउन सकिन्छ ।

कोरोना भाइरस अर्को एउटा फ्लु भयो, एन्फ्लुएन्जाजस्तै । एन्फ्लुएन्जा जाडोमा हुन्छ । कोरोना बिलाउने होइन कि रहिरहने देखिन्छ । बिस्तारै रोगप्रतिरोधी क्षमता विकास हुन्छ । अमेरिकाले ३० करोडमध्ये १० करोड जनतालाई खोप लगाइसक्यो । हामीले पनि सबैलाई खोप लगाउनुपर्छ । दीर्घरोगीलाई प्राथमिकता दिएर मृत्युदर घटाउनुपर्छ । यो भाइरससँगको युद्ध हो । भाइरसको ब्रेन छैन, हामीसित ब्रेन छ । त्यसैको मद्दतले युद्ध जित्ने हो । युद्धमा जस्तै सबै मिलेर लड्नुपर्छ । युद्धमा सेनाले बचाइहाल्छ भनेर गैरसैनिकले जे पनि गर्न थाले के हुन्छ ? गैरसैनिकले पनि सुरक्षा सावधानी अपनाउने, दुस्मनविरुद्ध सक्रिय हुने गरे युद्ध जित्न सजिलो हुन्छ ।

# अर्थ पत्रिका

आइतबार १९ वैशाख ०७८, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika


# माग्नेजति सबैलाई कमोडिटी एक्सचेन्जको लाइसेन्स दिने तयारी

## ऐन बनेको चार वर्षपछि कमोडिटी एक्सचेन्जको लाइसेन्स बाँड्न जुर्मुरायो धितोपत्र बोर्ड, यसअघि चुक्ता पुँजी ५० करोड तोकेकोमा अब २ अर्बसम्म प्रस्ताव

**विजयराज खजाल/नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

नेपाल धितोपत्र बोर्डले कमोडिटी एक्सचेन्जको लाइसेन्स माग्नेजति सबैलाई दिने गरी अनुमति प्रक्रिया अघि बढाएको छ। कमोडिटी एक्सचेन्जसम्बन्धी ऐन आएको चार वर्षपछि बोर्डले एक्सचेन्जको योग्यता पुगेका सबैलाई अनुमति दिने प्रक्रिया अघि बढाएको हो। बोर्डले वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रक्रियागत व्यवस्थासम्बन्धी निर्देशिका, २०७७ को मस्यौदा छलफलका लागि भन्दै बिहीबार सार्वजनिक गरेको छ।

'हामीले एक्सचेन्ज स्थापनासम्बन्धी कसिला मापदण्ड बनाएका छौं,' धितोपत्र बोर्डका प्रवक्ता नीरज गिरीले भने, 'त्यसैले एक्सचेन्ज संख्या तोक्न जरुरी देखेका छैनौं।' मस्यौदाअनुसार एक्सचेन्ज कम्पनीहरूको चुक्ता पुँजी न्यूनतम १ अर्बदेखि २ अर्ब रुपैयाँ तोकिएको छ। यसअघि ०७४ मा जारी यससँग सम्बन्धित ऐनले भने न्यूनतम चुक्ता पुँजी ५० करोड रुपैयाँ वा धितोपत्र बोर्डले समय-समयमा तोकेअनुसार हुने उल्लेख गरेको थियो।

चुक्ता पुँजीको सीमा बढाइएकाले पनि वस्तु विनिमय बजार सञ्चालक एक्सचेन्जलाई आवेदन आएजति अनुमति दिन सकिनेमा धितोपत्र बोर्डको सञ्चालक समिति पनि सहमत देखिएको छ। यसबाहेक प्रस्तावित संस्थामा विदेशी रणनीतिक साझेदार वा प्राविधिक सहयोग गर्ने संस्थाका लागि कुल चुक्ता पुँजीको कम्तीमा ५ प्रतिशतदेखि बढीमा ५१ प्रतिशतसम्म अनिवार्य रूपमा सेयर लगानी हुनुपर्ने व्यवस्था मस्यौदामा गरिएको छ। विदेशी रणनीतिक साझेदारको अनिवार्य व्यवस्थाले पनि धेरै संख्यामा एक्सचेन्जहरू नआउनेमा बोर्ड आश्वस्त देखिएको हो। यसअघि नियमावलीमा विदेशी रणनीतिक साझेदार अनिवार्य नै गरिएको थिएन।

कुनै एक्सचेन्ज कम्पनी स्थापना गर्न पूर्वस्वीकृति दिन बोर्डले उपयुक्त देखेमा संस्थापकले कबुल गरेको न्यूनतम चुक्ता पुँजीको १० प्रतिशतबराबरको रकम 'क' वर्गको वाणिज्य बैंकमा जम्मा गरेको प्रमाण पेस गर्न लगाई ५० हजार रुपैयाँ शुल्क लिई कागजात प्राप्त भएको मितिले ३० दिनभित्र पूर्वस्वीकृति प्रदान गर्न सक्ने उल्लेख गरेको छ। यसले भने कम्पनीले सुरुमा न्यूनतम १० करोडदेखि २० करोड रकम राखेर पूर्वस्वीकृति लिन सकिने व्यवस्था गरिएको छ। संस्थापकहरूले लगानी गर्ने रकम बैंक, वित्तीय संस्थालगायतबाट ऋण सापटी प्राप्त गरेको रकमबाट भने गर्न नपाइने व्यवस्था छ।




### कमोडिटी एक्सचेन्जको प्रस्तावित चुक्ता पुँजी र कारोबार गर्न पाउने वस्तुहरू

| चुक्ता पुँजी | कारोबार गर्न पाइने वस्तु |
|---|---|
| १ अर्ब रुपैयाँ | **कृषिजन्य उत्पादन** : कपास, अलैंची, जिरा, खुर्सानी, मरिच, काजु, सुपारी, मुसुरो, दलहन, मकै, गहुँ, धान, आलु, मेथी, तोरी, भटमास, आलस, फापर, उखु, सुर्ती, जुट, अदुवा, बेसार, फलफूल तथा सोबाट निर्मित जुस। तेल : नरिवलको तेल, पाम तेल, तोरीको तेल, भटमासको तेल, सूर्यमुखी तेल, आलसको तेल **अन्य** : चिनी, सख्खर, चिया, कफी, अन्डा, जडीबुटी। |
| १ अर्ब ५० करोड रुपैयाँ | **धातुजन्य वस्तु** : आल्मुनियम, तामा, सिसा, निकल, टिन, पित्तल, फलाम, स्टिल, जिंक। **बहुमूल्य धातु** : सुन, चाँदी, प्लाटिनम। खनिज तेलजन्य वस्तु : कच्चा तेल, पेट्रोलियन पदार्थ, प्राकृतिक ग्यास, हिटिङ आयल। |
| २ अर्ब रुपैयाँ | अनुमति दिइएका सबै वस्तु |

### किन लम्बियो प्रक्रिया ?

साउन ०७४ अघि कम्पनी ऐनका आधारमा दर्ता भएर बजारमा विभिन्न समयमा बन्द भएका समेत मर्कन्टाइल, कमोडिटी एन्ड मेटल, कमोडिटी फ्युचर्स, वेल्थ, एभरेस्ट कमोडिटी, एनडेक्स, डिसिएक्स, नेपाल स्पट, एनएससी, राइजल गरी १० वटा वस्तु विनिमय बजार एक्सचेन्जहरू सञ्चालनमा थिए। ०६९ सालतिर यस्ता केही कम्पनीहरूले कारोबार सफ्टवेयरमै धोकाधडी गरेर लगानीकर्तालाई डुबाएको धितोपत्र बोर्डको अध्ययन प्रतिवेदनले समेत खुलासा गरेको थियो। विशेषतः वस्तुहरूको भुक्तानीमा आधारित भन्दा पनि अन्तर्राष्ट्रिय मूल्यका आधारमा सट्टेबाजी किसिमको मात्रै कारोबारमा सीमित यस्ता एक्सचेन्जबाट लगानीकर्ताले ठूलो रकम गुमाउन थालेपछि एक्सचेन्जबारे गुनासो आएका थिए। बोर्डको अध्ययनपछि साउन ०७४ मा संसद्ले यससम्बन्धी ऐन पारित गर्‍यो।

त्यसपछि सञ्चालनमा रहेका एक्सचेन्जले क्रमशः चुक्ता पुँजी पुर्‍याउनुपर्ने व्यवस्थाको माग गर्दै आएका थिए। धितोपत्र बोर्डले बढीमा दुईवटा स्टक एक्सचेन्ज सञ्चालनका लागि अनुमति दिन सकिने संकेत गर्दै आएको थियो। त्यसबीचमा एकपटक ५ वटा र अर्कोपटक ६ वटा संस्थाले एक्सचेन्ज सञ्चालनका लागि आवेदन दिएका थिए। तर, सञ्चालन अनुमति दिन खोजिएभन्दा धेरैको आवेदन परेपछि बोर्डले निर्णय गर्न सकेको थिएन। पहिले आवेदन दिएका ५ वटाको आवेदन खारेजीसँगै पुनः थप केही कम्पनीले आवेदन दिएका थिए। 'यसअघि आवेदन दिएका ६ संस्थाले पनि मापदण्ड पूरा गरेर सञ्चालनमा आउन चाहेमा सक्नेछन्,' गिरीले थपे। यसबीच कमोडिटी फ्युचर्स, राइजल, नेसनल कमोडिटी, मल्टी कमोडिटी, नेपाल मर्कन्टाइल र नेपाल डेरिभेटिभले आवेदन दिएका थिए। 'धितोपत्र बोर्डले पटक-पटक आवेदन माग्ने र रद्द गर्ने गर्दै आयो,' लामो समयदेखि कमोडिटी बजारमा आबद्ध नरेन्द्र भट्टले भने, 'नीतिगत व्यवस्थाले मात्रै समस्या परेको देखिएको थिएन, त्यसैले निर्देशिका आउनेबित्तिकै अनुमति प्रक्रिया अगाडि बढ्छ भन्ने सुनिश्चितता छैन, यद्यपि प्रक्रिया अगाडि बढोस् भन्ने चाहन्छौं।'

### के हो विनिमय बजार

कमोडिटी बजार भनेको सामान्यतया विभिन्न भौतिक वस्तुहरूको अन्तर्राष्ट्रिय मूल्यलाई आधार मानेर लिलाम बढाबढमा सम्झौतापत्रको कारोबार गर्ने प्रणाली हो। भौतिक वस्तुहरूमा कृषिउपज, सुन, चाँदी, फलामलगायत पर्छन्। यसमा कारोबारको राफसाफ मुख्यतया दुई प्रक्रियाले हुन्छ। कारोबार गरिरहेको वस्तु निश्चित अवधिपछि भौतिक रूपमा प्राप्त गर्ने गरी वा नगदमा मात्रै राफसाफ गर्ने व्यवस्था हुन्छ। नगद मात्रै राफसाफ गर्ने बजारलाई कमोडिटी डेरिभेटिभ मार्केटसमेत भनिन्छ।


**एन आई सी एशिया बैंक लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था)
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड/कर्पोरेट कार्यालयः थापाथली-११, ट्रेड टावर, थापाथली, काठमाडौं
फोन नं. ९७७-०१-५१११११७७/७८/८८, फ्याक्सः ९७७-०१-५११११८०
Email: info@nicasiabank.com, URL: www.nicasiabank.com

**एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमका कम्पनीहरुको संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७८/०१/१९**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७८/०१/२४**

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक समूहको ४७,५०६ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.४४३/- र सिटिजन इन्भेष्टमेन्ट ट्रष्टको संस्थापक समूहको ५०,००० कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.१,३४७/- मा बिक्री गर्ने यस बैंकको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयरहरु खरीद गर्न प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले **मिति २०७८ वैशाख २४ गते भित्र** के कति दर भाउमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ। |
| २ | श्री एन आई सी एशिया बैंक लिमिटेडको **कर्पोरेट कार्यालयः** ट्रेड टावर, थापाथली, काठमाण्डौ। **शाखा कार्यालयहरु** : क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज, पर्सा (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रचोक, सुर्खेत। |

**तपसिल**

| सि.नं. | कम्पनीको नाम | शेयर कित्ता |
|---|---|---|
| १. | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४७,५०६ |
| २. | सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | ५०,००० |

**शर्तहरुः**

१. यस बोलकबोल प्रकृया मार्फत सिटिजन इन्भेष्टमेण्ट ट्रष्टको हकमा माथि उल्लेखित शेयर खरिदका लागि बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी वाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन्। आवेदकको प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनु पर्नेछ।
२. नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. को हकमा शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
३. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ। साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनु सक्नु हुनेछ। छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन।
४. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
५. शेयर खरिदको लागि न्यूनतम मूल्य सिटिजन इन्भेष्टमेण्ट ट्रष्टको हकमा प्रति कित्ता रु. १,३४७/- (अक्षरेपी एक हजार तीन सय सतचालिस मात्र) र नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकमा प्रति कित्ता रु. ४४३/- (अक्षरेपी चार सय त्रिचालिस मात्र) तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वतः रद्द हुनेछ।
६. शेयर खरीदको लागि बोलकबोल गर्दा दुबै कम्पनीको हकमा न्यूनतम १०० (एक सय) कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरी अधिकतममा सम्पूर्ण कित्ता शेयरका लागि आवेदन दिन सकिने छ। साथै कुनै एक व्यक्ति वा संस्थाले एक भन्दा बढी आवेदन दिंदा छुट्टाछुट्टै दर रेटमा बोलकबोल आवेदन गर्दा छुट्टाछुट्टै शिलबन्दी खाममा पेश गर्नुपर्ने छ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आजको मिति २०७८/०१/१९ पश्चात् सम्वन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. शिलबन्दी खाम बाहिर "**आफूले लिन चाहेको सम्बन्धित कम्पनीको नाम तथा संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्ने छ। साथै आवेदन दिंदा हरेक कम्पनीको लागि छुट्टाछुट्टै आवेदन फाराम र शिलबन्दी खाम पेश गर्नु पर्ने छ।
९. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१०. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिने छ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।
१३. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१४. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ।
१५. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ।
१६. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१७. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी वा अन्य कुनै माध्यमबाट सम्वन्धित आवेदकलाई गराईनेछ।
१८. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न यस बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१९. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
२०. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।
२१. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

**बिक्री प्रबन्धकः**
NIC ASIA CAPITAL
**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com


# बिमा समितिले एउटा पुनर्बिमा कम्पनीलाई मात्रै लाइसेन्स दिने, चुक्ता पुँजी १० अर्ब

## हालको पुनर्बिमा कम्पनीका लगानीकर्ताले नयाँमा लगानी गर्न नपाउने, हाल लाइसेन्स लिने प्रक्रियामा रहेका चारवटा कम्पनीमध्ये कसले मार्ला बाजी ?

**मुना कुँवर/नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

बिमा समितिले थप एउटा बिमा कम्पनीलाई मात्रै लाइसेन्स दिने भएको छ। यसअघि अनुमतिपत्रका लागि दर्ता भएका सबै कम्पनीलाई रद्द गर्दै समितिले नयाँ पुनर्बिमा कम्पनी स्थापनाका लागि प्रस्ताव आह्वान गरेको हो। समितिले आगामी २१ दिनभित्रमा प्रस्ताव बुझाउन सूचना जारी गरेको छ।

समितिले जारी गरेको सूचनाअनुसार नयाँ पुनर्बिमा कम्पनीको चुक्ता पुँजी १० अर्ब रुपैयाँ हुनुपर्नेछ। त्यस्तै, यसअघि स्थापना भइसकेको नेपाल पुनर्बिमा कम्पनीमा लगानी गरेका लगानीकर्ताले नयाँ कम्पनीमा लगानी गर्न पाउनेछैनन्। अहिले सञ्चालनमा रहेको नेपाल पुनर्बिमा कम्पनीमा सबै निर्जीवन कम्पनीहरूको लगानी रहेकाले नयाँ कम्पनीमा उनीहरूले लगानी गर्न नपाउने भएका छन्।

समितिले जारी गरेको सूचनाअनुसार निवेदन दिने कम्पनीमध्ये मूल्यांकनका आधारमा छनोट गरी एउटा पुनर्बिमा कम्पनीलाई मात्रै सञ्चालन अनुमति दिने उल्लेख छ। अहिले चारवटा पुनर्बिमा कम्पनीले सञ्चालनको तयारी गरिरहेका छन्। काठमाडौं रिइन्स्योरेन्स, अन्नपूर्ण रिइन्स्योरेन्स, प्रुडेन्सियल रिइन्स्योरेन्स र जेन्युन रिइन्स्योरेन्स कम्पनी पुनर्बिमा कम्पनीको लाइसेन्स लिने प्रयासमा थिए।

महालक्ष्मी लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार भट्टराई, पूर्वबैंकर देवेन्द्रप्रताप शाहको सहभागितामा काठमाडौं रिइन्स्योरेन्स कम्पनी बिमा समितिमा दर्ता गरिएको छ। कम्पनीको अधिकृत पुँजी २० अर्ब, चुक्ता पुँजी ७ अर्ब, जारी पुँजी १० अर्ब रुपैयाँ तोकिएको छ। ४० प्रतिशत संस्थापक र २० प्रतिशत व्यक्तिगत संस्थापकको लगानी हुने कम्पनीले जनाएको छ। त्यस्तै, ३० प्रतिशत सर्वसाधारणका लागि छुट्याइएको छ।

त्यस्तै, आइएमई ग्रुप, विशाल ग्रुप, शंकर ग्रुपलगायत व्यावसायिक घरानाको लगानीमा प्रुडेन्सियल रिइन्स्योरेन्स कम्पनी सञ्चालनको तयारी गरिएको छ। कम्पनीको अधिकृत पुँजी २० अर्ब, चुक्त पुँजी १० अर्ब रुपैयाँ रहने कम्पनीले जनाएको छ। त्यस्तै, गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोसहितको लगानीमा अन्नपूर्ण रिइन्स्योरेन्स कम्पनीले पनि लाइसेन्स लिने प्रयास गरिरहेको छ। कम्पनीको अधिकृत पुँजी १५ अर्ब र चुक्ता पुँजी १० अर्ब रुपैयाँ हुने कम्पनीले जनाएको छ। बिमा समितिका पूर्वकार्यकारी निर्देशक श्रीमान कार्कीसहितको लगानीमा जेन्युन रिइन्स्योरेन्स कम्पनी दर्ताको तयारीमा छ। कम्पनीको अधिकृत पुँजी २० अर्ब र चुक्ता पुँजी १० अर्ब हुने जनाइएको छ।

यसअघि समितिमा दर्ता भएका कम्पनी रद्द हुने बिमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बताए। 'कुनै कम्पनी दर्ता हुन चाहेमा नयाँ प्रक्रियाबाट दर्ता हुनुपर्नेछ,' उनले भने। समितिले निर्धारण गरेको मापदण्ड पूरा गरी आएका कम्पनीलाई मात्रै दर्ता गरिने र उत्कृष्ट कम्पनीलाई दर्ता अनुमति दिइने उनले बताए।

नेपालमा हाल एउटा मात्रै पुनर्बिमा कम्पनी थप्न सकिने बिमा समितिको अध्ययन प्रतिवेदनले देखाएको छ। समितिले बिमाविज्ञ भोजराज शर्मा, बिमक संघका अध्यक्ष एवं शिखर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत दीपप्रकाश पाण्डेसहितको अध्ययन समिति गठन गरी नेपालमा पुनर्बिमाको आवश्यकतासम्बन्धी अध्ययन गरेको थियो। सो अध्ययनले एउटा मात्रै कम्पनी थप्न सकिने निष्कर्ष निकालेको समितिका अध्यक्ष सिलवालले बताए।

हाल नेपालमा एउटा मात्रै पुनर्बिमा कम्पनी- नेपाल पुनर्बिमा कम्पनी सञ्चालनमा छ। जसमा नेपाल सरकारको ४४ प्रतिशत, गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सको शून्य दशमलव ३६, ग्लोबल आइएमई क्यापिटल शून्य दशमलव ३०, ग्लोबल आइएमई बैंकको शून्य दशमलव ६०, हाथवे इन्भेस्टमेन्टको शून्य दशमलव ९६, आइएमई समूहको १ दशमलव २० र विशाल ग्रुपको ३ प्रतिशत, बाँकी निर्जीवन बिमा कम्पनीहरूको लगानी रहेको छ। कम्पनीले सरकारी बन्ड र अन्य बैंक तथा वित्तीय संस्थामा समेत लगानी गरेको छ। नेपाल सञ्चालनमा रहेका बिमा कम्पनीहरूले प्रत्यक्ष पुनर्बिमाअन्तर्गत २० प्रतिशत पुनर्बिमा नेपाल पुनर्बिमा कम्पनीमा नै गर्नुपर्ने सरकारले प्रावधान तोकेको छ।

प्रस्तावित नयाँ पुनर्बिमा कम्पनीका सञ्चालकमध्ये एकतिहाइले स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ। बिमक दर्ता तथा बिमा व्यवसाय सञ्चालनसम्बन्धी निर्देशिकामा यस्तो व्यवस्था गरिएको छ। कम्पनीले सबैभन्दा पहिला बिमा समितिबाट बिमा व्यवसाय गर्ने कम्पनी संस्थापना गर्ने सहमति प्राप्त गर्नुपर्नेछ। संस्थापकहरू कालोसूचीमा नरहेको वा कालोसूचीबाट हटेको तीन वर्ष पूरा भएको पुष्टि गर्ने कागजात पेस गर्नुपर्नेछ। संस्थापकहरूको वित्तीय स्वार्थ भएको कुनै संस्था भए त्यस्तो संस्थाको विवरण खुल्ने कागजात हुनुपर्नेलगायत व्यवस्था गरिएको छ। प्रस्ताव गरिएको निवेदनमा समितिले जाँचबुझ गरी १ सय २० दिनभित्र सहमति दिनुपर्नेछ।


**Government of Nepal**
**Ministry of Home Affairs**
**National Disaster Risk Reduction and Management Authority (NDRRMA)**
Babarmahal, Kathmandu

**Invitation for Sealed Quotations (Re-Bids)**

**Invitation for Quotations for the Supply and delivery of Following Items**

**Second time publication: May 2, 2021**

1. The NDRRMA invites sealed quotations for the **Supply and Delivery of Furniture, Supply and Delivery of Computers** and **Supply and Delivery of Fire Fighting Equipment's.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from the office at Office time till date May 16, 2021 at office time. For Information, please contact 9849449449.
3. A complete set of Bidding Documents should purchase from the Office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till ***May 16, 2021 during office hours***.

***For Bid Doc Fee***
***Name of the Bank: RBB, Teku*** — ***Name of Office: NDRRMA***
***Office Code no.*** 314003502 — ***Office Account no.:*** 1000200010000
***Rajaswa (revenue) Shirshak no. : 14229***

4. Sealed bids must be submitted to the office NDRRMA, Babar Mahal Kathmandu by *hand* before May 17, 2021 in office time up to 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at ***17 May, 2021 at 14:00*** at the office.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Procurement Details | Bid Invitation Number | Estimated Cost with VAT-RS | Bid Security | Bid Purchases Date | Bid Submission Date |
|---|---|---|---|---|---|---|
| 1. | For Supply and Delivery of Furniture | IFB No.: NDRRMA/SQ/G/02-2077/78 | 7,96,107 | Rs 20,000 | Up to May 16, 2021 at Office time | May 17, 2021 up to 12:00 |
| 2. | For Supply and Delivery of Computers | IFB No.: NDRRMA/SQ/G/03-2077/78 | 10,20,390 | Rs 25,000 | Up to May 16, 2021 at Office time | May 17, 2021 up to 12:00 |
| 3. | For Supply and Delivery of Fire Fighting Equipment's | IFB No.: NDRRMA/SQ/G/04-2077/78 | 9,99,960 | Rs 25,000 | Up to May 16, 2021 at Office time | May 17, 2021 up to 12:00 |


Note: This is notified to all bidders who choose to attend on first bidding of notice dated 2077.12.31 that the first bidding has cancelled due to disqualification by PPA and PPR through Evaluation. For more information, please contract to the office.

# सातामा ४० अंकले घट्यो नेप्से

## १ सय ४१ अंकसम्म घटेको बजारले १ सय ४ पुनः जोड्यो

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

■ गत साता नेप्सेले बनाएको मैनबत्ती चित्र




गत साता नेप्से परिसूचकमा उच्च उतारचढाव देखियो । एकै सातामा नेप्से १ सयभन्दा धेरैले घटबढ हुन पुग्यो । साताको सुरुका दुई दिन घटेको बजारले २ हजार ५ सय ६ छोएर घटबढसहित अन्तिम दिन २ हजार ६ सयको तह पार गर्‍यो । घट्दा १ सय ४१ बिन्दुसम्म गुमाएको नेप्सेले बढ्दो क्रममा भने १ सय ४ अंक जोड्न सफल भयो ।

बजारलाई बढ्न नसकेको कर्जा र निक्षेपको ब्याजदर तथा लगानी अभावले सहयोग पुगिरहेको छ । कम्पनीहरूले वित्तीय विवरण प्रकाशित गरिरहेका छन् । जसअनुसार वाणिज्य बैंकहरूको औसतमा ११ प्रतिशतबराबर लाभांश क्षमता देखिएको छ । नबिल बैंकको सबैभन्दा धेरै २८ प्रतिशत, प्रभु बैंकको १४ प्रतिशत, प्राइम बैंकको १३ दशमलव ६८ प्रतिशत र एनएमबि बैंकको १३ दशमलव ९३ प्रतिशतसम्म क्षमता देखिएको छ ।

वितरणयोग्य नाफासमेत प्रकाशित गरेका ११ विकास बैंकले औसतमा १० दशमलव ५२ प्रतिशत लाभांश दिन सक्ने अवस्था देखिएको छ । मुक्तिनाथ, कामना सेवा, एक्सेल र लुम्बिनी विकास बैंकले सबैभन्दा धेरै लाभांश दिन सक्ने देखिएको हो । यिनीहरूको क्षमता क्रमशः १७ प्रतिशत, १४ प्रतिशत, ११ दशमलव ११ र ११ दशमलव ३७ प्रतिशत छ ।

अघिल्लो साताको तुलनामा कुल कारोबार रकम पनि करिब १७ प्रतिशतले घटेको छ । अघिल्लो साता ३२ अर्ब रुपैयाँको कारोबार भएकोमा गत साता २७ अर्ब रुपैयाँको कारोबार भएको हो । दैनिक औसत कारोबार रकम पनि यही दरमा घटेको छ ।

गत साता चार समूहको परिसूचक मात्र बढेको छ । जलविद्युत्, उत्पादनमूलक समूह, व्यापारमूलक समूह र 'अन्य' समूहका परिसूचक मात्र बढेका हुन् र बाँकी सबै समूहगत परिसूचक भने घटेका छन् । माथिल्लो तामाकोसीको सबैभन्दा धेरै १ अर्ब ५१ करोड रुपैयाँको कारोबार भएको छ । ज्योति लाइफ इन्स्योरेन्सको सबैभन्दा धेरै ३६ हजारपटक कारोबार भएको छ भने सबैभन्दा धेरै नेपाल क्रेडिट एन्ड कमर्स बैंकको सबैभन्दा धेरै २८ लाख २३ हजार कित्ता सेयर किनबेच भएको हो ।

गत साता १ करोड ७३ लाख सेयर बजारमा थपिएको छ । सिंगटी हाइड्रोको प्राथमिक सेयर, मल्टिपर्पस फाइनान्सको हकप्रद, गुडविल फाइनान्स र समता लघुवित्तको बोनस सेयर सूचीकरण भएको छ ।

### ■ प्राविधिक विश्लेषण

नेप्सेको मैनबत्ती चित्रले अन्तिम दिन सानो शरीरसहितको सेतो (हरियो) मैनबत्ती आकृति बनाएको छ । यसले बजार घट्ने क्रममा ब्रेक लागेको संकेत गर्छ । तर, यो दरिलो संकेत होइन । आगामी दिनको कारोबार हेरेर निर्णय लिनु सही हुन्छ ।

नेप्सेको २१ दिने रेखाले ७ दिने रेखालाई मुनि पारेको छ । यसले बजारमा डेथ क्रस ओभर भएको संकेत गरिरहेको छ । यसअनुसार बजार बियरिस प्रवृत्तिमा जानेछ । यो प्रवृत्ति छिटो-छिटोसमेत देखिने र कुनै समय छोटो अवधिलाई समेत देखिने भएकाले लगानीकर्ताले पर्ख र हेरको रणनीति अपनाउनु सही हुन्छ ।

१४ दिने आरएसआई सूचकले भने बजारमा माग र आपूर्ति सन्तुलित अवस्थामा फर्किएको देखाउँछ । यो सूचक गत सोमबार २८ स्केलसम्म पुगेको थियो । हाल भने यो सूचक ४३ स्केलमा छ । स्केल ३० मुनि रहे बजारमा अधिक बिक्री भइरहेको, ३० देखि ७० मा रहे सन्तुलित र ७० माथि रहे अधिक खरिद क्षेत्रमा आएको विश्लेषण गरिन्छ ।

पिभट विश्लेषणले भने सेयर बजारमा आगामी १ साता २ हजार ६ सय ४५ मा पहिलो लक्ष्य रहेको र सो बिन्दुमा प्रतिरोध पाएर घटेमा २ हजार ५ सय ४१ मा पहिलो टेवा पाएर फर्कन सक्ने संकेत गर्छ ।

# नबिलले युनाइटेड फाइनान्सलाई प्राप्ति गर्ने

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**



नबिल बैंकले युनाइटेड फाइनान्सलाई एक्विजेसन (प्राप्ति) गर्ने भएको छ । नबिल बैंकले १००:३५ स्वाप रेसियोमा युनाइटेड फाइनान्सलाई प्राप्ति गर्न लागेको हो ।

बैंकका मर्जर कमिटीका संयोजक उदयकृष्ण उपाध्याय र फाइनान्सका मर्जर कमिटीका संयोजक मनीषकुमार खेमकाले प्राप्तिका लागि सम्झौतापत्रमा हस्ताक्षर गरेको जनाइएको छ । प्राप्तिपछि युनाइटेड फाइनान्सको सम्पूर्ण कारोबार नबिलकै नाममा हुने र सञ्चालक समिति पनि नबिल बैंककै रहने गरी सम्झौता भएको जनाइएको छ । सम्झौतापश्चात् प्राप्तिका लागि नेपाल राष्ट्र बैंकमा स्वीकृतिका लागि प्रक्रिया अगाडि बढाइने स्वीकृति पाएपछि यथाशीघ्र संयुक्त कारोबार सुरु गर्ने बैंकले जनाएको छ ।

प्राप्तिपछि नबिल बैंकका शाखा संख्या १ सय ४७ पुग्ने जनाइएको छ । बैंकको काठमाडौं उपत्यकाभित्र मात्र शाखा ३७ वटा पुग्ने जनाइएको छ । त्यस्तै, देशभरमा एटिएम १ सय ९० वटा पुग्ने जनाइएको छ । प्राप्तिपछि चैत मसान्तको विवरणअनुसार निक्षेपको आकार २ खर्ब १६ अर्ब र कर्जा २ खर्ब १ अर्ब रुपैयाँ पुग्ने बैंकले जनाएको छ ।

# एनआइबिएल समृद्धि फन्ड-२ मा मागको डेढ गुना आवेदन

**काठमाडौं**/एनआइबिएल म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने चौथो सामूहिक लगानी कोष योजना एनआइबिएल समृद्धि फन्ड-२ मा ४ दिनभित्र नै मागभन्दा ५० प्रतिशत बढी आवेदन प्राप्त भएको छ । फन्डको प्रतिइकाइ १० रुपैयाँ अंकित दरको १२ करोड इकाइ सार्वजनिक रूपमा निष्कासन बिक्रीका लागि आवेदन माग गरिएको थियो । हालको समयमा विभिन्न संस्थाहरूद्वारा सार्वजनिक रूपमा बिक्री तथा खुला गरिएको सामूहिक लगानी कोषमा सर्वसाधारणले उल्लेखनीय सहभागिता जनाएको बिक्री फन्ड व्यवस्थापक एनआइबिएल एस क्यापिटलले जनाएको छ ।

# हुन्डाईका ग्राहकका लागि हटलाइन सेवा सुरु

**काठमाडौं**/ हुन्डाईका लागि नेपालको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले आफ्ना ग्राहकका लागि हटलाइन सेवा सुरु गरेको छ । कोभिडद्वारा उत्पन्न भएको विषम परिस्थितिमा पनि हुन्डाईका सवारीचालकलाई आपत्कालीन सेवा प्रदान गर्न यो सेवा सुरु गरिएको हो ।

हुन्डाई आफ्ना ग्राहकप्रति समर्पित रहँदै सदैव गुणस्तरीय सेवा तथा सुविधा उपलब्ध गराउन प्रतिबद्ध रहेको कम्पनीले जनाएको छ । हाल उपत्यकाका लागि मात्र यो सेवा उपलब्ध रहेको जनाइएको छ ।

# सांसदको जिद्दीका कारण पालिकाले पाएनन् ससर्तको बजेट

**हदीश खुद्दार/नयाँ पत्रिका**
**जनकपुरधाम, १८ वैशाख**

आर्थिक वर्ष समाप्त हुन अब झन्डै अढाई महिना मात्र बाँकी रहे पनि प्रदेश सरकारले स्थानीय तह (पालिका) हरूलाई दिने ससर्त बजेट अझै पठाउन सकेको छैन । चालू आवमा प्रदेश २ सरकारले प्रदेशका १ सय ३६ वटै पालिकाको ससर्त बजेटका लागि १ अर्ब १२ करोड १० लाख रकम विनियोजन गरेको थियो ।

प्रदेश सरकारले पालिकाहरूलाई सामान्यीकरण अनुदान, समपूरक, विशेष बजेट पठाए पनि अहिलेसम्म ससर्तसहितको बजेट पठाउन सकेको छैन । विगतमा प्रदेश सरकारले ससर्त बजेट सीधा पालिकालाई पठाउँदै आएको थियो । तर, चालू आर्थिक वर्षमा प्रदेश सांसदहरूले स्थानीय तहहरूलाई दिने ससर्त बजेटमा तथा आफूहरूको सहकार्य गरी मात्र दिनुपर्ने अडान लिएपछि अहिलेसम्म ती बजेट पालिकाहरूले पाउन सकेको छैन ।

चालू आवमा प्रदेश सरकारले महानगरपालिकालाई २ करोड, उपमहानगरपालिकालाई १ करोड ५० लाख रुपैयाँ तथा नगरपालिका र गाउँपालिकालाई ८०-८० लाख ससर्त बजेट उपलब्ध गराउने गरी बजेट विनियोजन गरिएको छ । संसदीय विकास कार्यक्रममा पालिकाहरूसँग आफूहरूले सहकार्य गरेजस्तै प्रदेशले दिने ससर्त बजेटका कार्यक्रममा आफूहरूसँग पालिकाले सहकार्य गर्नुपर्ने भन्दै सांसदहरूले भन्दै आएका छन् ।

### ढिलो भए बजेट लिने अवस्था पनि रहँदैन : उपाध्यक्ष सिंह

आर्थिक वर्षको अब केही महिना मात्रै बाँकी रहेको अवस्थामा पनि प्रदेश सरकारले ससर्तका बजेट उपलब्ध नगराउँदा पालिकाहरूले प्रदेश सरकारप्रति आक्रोश व्यक्त गरेका छन् । आर्थिक वर्ष सकिन लागेको छ, त्यसमा पनि कोरोनाको महामारी बढिरहेको छ । तर, अहिलेसम्म प्रदेशले हामीलाई ससर्त बजेट उपलब्ध गराएको छैन । महोत्तरी-औरही नगरपालिकाका मेयर सुनील यादवले भने, 'यस्तोमा स्थानीय तहले के काम गर्छ ? समयमा बजेट नदिने र काम नभएपछि बजेट फ्रिज हुन्छ अनि भन्छन्, स्थानीय तहले काम गर्न सकेन ।'

### मुख्यमन्त्री र आर्थिक मन्त्री विवादको जड : सांसद

प्रदेश विनियोजन ऐन २०७७ को दाफा ९ को व्यवस्थाअनुसार प्रदेश सरकारले तोकिएको योजना सञ्चालनका लागि आर्थिक मामिला मन्त्रालयले सीधा सम्बन्धित पालिकालाई बजेट पठाउन सक्नेछ । तर, सांसदहरूले आफैंले सभाबाट पारित गरेका विनियोजन ऐनविपरीत आफ्नो सिफारिसमा मात्रै आर्थिक मामिला मन्त्रालयले अहिले कुनै पनि पालिकालाई ससर्त बजेट र योजना पठाउनुपर्ने अडान लिएपछि विवाद उत्पन्न भएको छ ।

विपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता रामसरोज यादवले ससर्त बजेटमा सरकारले नै विवाद सिर्जना गरेको आरोप लगाए । उनले भने, 'सभामा कुनै पनि विषयमा अवाज उठाउनु विपक्षीको धर्म हो । तर, प्रदेशका मुख्यमन्त्री र आर्थिक मामिलामन्त्रीले नै अबदेखि पालिकालाई दिने ससर्त बजेट सो क्षेत्रका सांसदहरूको सिफारिसमा दिने भनेपछि त्योअनुसारको गर्नुपर्‍यो । अहिले आएर ऐनअनुसार मिल्दैन भनेर पन्छिन मिल्दैन ।'

आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता प्रशान्त झाले ससर्तको बजेटमा विवाद देखिएकाले अहिलेसम्म पठाउन नसकिएको बताए । ससर्तका बजेटमा देखिएको विवाद मिलाउन आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवको अध्यक्षतामा एक समिति गठन गरिएको छ । प्रवक्ता झाले भने, 'उक्त समितिको प्रतिवेदन वा राय आएपछि मात्रै ससर्त बजेट आफूहरूले चलाउँछौं ।'

प्रदेश २ का नगरपालिका संघका उपाध्यक्ष तथा सर्लाही-बलरा नगरपालिकाका मेयर अभय सिंहले प्रदेशका मन्त्रीहरूको असंवेदनशीलताका कारण अहिलेसम्म ससर्तका बजेट पालिकाहरूले पाउन नसकेको आरोप लगाए । पटक-पटक आर्थिक मामिला तथा योजनामन्त्री विजय यादव र मुख्यमन्त्री लालबाबु राउतलाई लिखित-मौखिक रूपमा डेलिगेसन गएर ध्यानाकर्षण गराएका छौं । उपाध्यक्ष सिंहले भने, 'तैपनि अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । अझ ढिलो भयो भने प्रदेशको ससर्त बजेट पनि आफूहरूले लिने अवस्था रहँदैन ।'

यता, प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले ससर्त बजेटसम्बन्धी विवाद केही दिनमै समाधान हुने बताए । प्रदेश सरकारले दिने ससर्त बजेटका योजनाको अनुगमन तथा मूल्यांकन सो क्षेत्रका प्रदेश सांसदले नै गर्ने गरी पालिकालाई ससर्त बजेट पठाउने तयारी भइरहेको मन्त्री यादवको भनाइ छ ।

## Invitation for Quotations

Provincial Government
**Ministry of Internal Affairs and Law,**
Province No. 2, Janakpurdham, Dhanusha

**Invitation of Sealed Quotations for the construction of new gate at the Bardibas Sainik Sibir(MED HQ)**
Contract Identification No: **MOIALP2/SQ/GOODS/2077-078/29**

Date of publication: **02 May 2021(19/01/2078)**

1. The Ministry of Internal Affairs and Law, Province No. 2, Janakpurdham, Dhanusha invites sealed quotations for the **Construction of new gate at the Bardibas Sainik Sibir(MED HQ), Province no. 2.** The estimated amount for the works is **Nrs.18,84,577.52 inclusive VAT.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Ministry of Internal Affairs and Law, Province No. 2, Janakpurdham, Dhanusha on Office Hours, for further information contact on telephon no. 041-525275.
3. A complete set of Bidding Documents submited through the www.ppmo.gov.np/egp are only applicable for the bidding, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till **17-05-2021(3/02/2078)** during office hours( Till 12:00 ).
   *Name of the Bank:Rastriya Banijya Bank Ltd.*
   *Name of Office:* Ministry of Internal Affairs and Law, Province No. 2
   *Office Code no. :3140017012*    *Office Account no.: Ka-11001*
   *Rajaswa (revenue) Shirshak no. : 14229*
4. Sealed quotation must be submitted to the **Ministry of Internal Affairs and Law, Province No. 2 Janakpurdham, Dhanusha** through www.ppmo.gov.np/egp before **12:00 am on 17-05-2021 (03/02/2078)**. Sealed quotation received after this deadline will be rejected.
5. The Sealed quotation will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm on 17-05-2021 (3/02/2078)** at the **Ministry of Internal Affairs and Law, Province No. 2, Janakpurdham, Dhanusha**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **Nrs.56,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of sealed quotation submission.

***Note:*** *(As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)*

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन)

## जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)

सिन्धुपाल्चोक

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा**

(प्रकाशित मिति २०७८/०१/१९)

यस इकाई बाट मिति २०७७/११/१८ र मिति २०७७/११/२३ मा आव्हान गरिएको देहायमा उल्लेखित ठेक्का नं. को लागि प्राविधिक प्रस्तावमा सफल भएका देहायका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०७८/०१/२६ गते बिहान ११:३० बजे जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), सिन्धुपाल्चोक स्थित कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु |
|---|---|---|
| 1. | Construction of Pangretar Primary Health Building (Type PHB3) at Sindhupalchowk District [Contract ID: NRA/DLPIU(Building)/ Sindhupalchowk/2077-78/ NCB-08] | 1) New Draigon Nirman Sewa, Pokharichaur, Kavrepalanchowk<br>2) Sobarna Nirman Sewa, Ramche, Sindupalchowk<br>3) Kunwar Developers and Builders Pvt. Ltd, Kageswori manohara, Kathmandu<br>4) Bkoi/Jayamata JV, Koteshwor, Kathmandu<br>5) Himdung & Thokar/Lama JV, Dhapasi, Kathmandu<br>6) Shrinkhala/Sabitra JV, Maharajgunj, Kathmandu<br>7) Buddha/Attreya/Gahendra JV, Melamchi, Sindhupalchowk<br>8) Samanantar/Uma/Kali JV, Kathmandu, Nepal<br>9) Dhulikhel/R & C.S./ Sworaj JV, Baneshwor-10, Kathmandu<br>10) Danfe/Pradhan/Heaven JV, Shantinagar, Kathmandu<br>11) Jagriti/Bagale Thapa/BNT JV, Koteshwor, Kathmandu |
| 2. | Construction of Attarpur Primary Health Building (Type PHB3) at Sindhupalchowk District [Contract ID: NRA/DLPIU(Building)/ Sindhupalchowk/2077-78/ NCB-09] | 1) Sobarna /Bhandari JV, Gattaghar, Bhaktapur<br>2) Bkoi/Jayamata JV, Koteshwor, Kathmandu<br>3) C.A.B/Nati JV, Ward 4,Imadol Lalitpur<br>4) Pratistha/Jagriti/Bagale Thapa JV, New Baneshwor, Kathmandu<br>5) Samanantar/Kamaljit/Ganesh & Ganga JV, Jadibuti KMC-32, Kathmandu |

नि.आयोजना प्रमुख

Province Government
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Damauli, Tanahun**
**Gandaki Province**


**Invitation for Bids**

***Date of publication : 2078/01/19 (2nd May, 2021)***

Infrastructure Development Office, Damauli, Tanahun invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Project mentioned below*** under National Competitive Bidding – Single Stage Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contact ID | Works Descriptions | Bid Document Fee Details | Bid Validity | Bid Security Amount and Validity | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | IDO/TANAHUN/ NCB/W/25/ 077-078 | Shaligram Corridor Lokmarga (Ch: 21+565 to Ch: 32+000) | NRs. 20,000.00 Bank: Nepal Bank Ltd. Account No.: 27302000001001000001 Office Code No.: 3370138034 Rajaswa(revenue) Shirshak No.: 14229 | 120 Days | NRs. 96,50,000.00 30 days after bid validity | *2021/06/1 , 12:00 hours* |

कोरोनाविरुद्ध सचेतना



प्रयोग गरेको मास्क र टिस्यु पेपर जथाभावी नफ्याकौँ



# नेपाली बडीबिल्डरको दक्षिण भारतीय सिनेमा यात्रा

## मिलन सिजापतिले नेपालमै पनि राजेश हमाललगायत कलाकार भएको सिनेमा 'सत्यम' साइन गरेका छन्, यसमा उनी अनुपविक्रम शाहीसँगै खलनायकको भूमिकामा छन्

● नवीन प्यासी

कोरोनाको त्रास र लकडाउन नहुँदोथ्यो त यतिवेला बडीबिल्डर मिलन सिजापति थाइल्यान्डमा तेलगु भाषाको सिनेमाको सुटिङमा हुन्थे । सम्भवतः सुटिङ सकिएको पनि हुने थियो । ३० प्रतिशत भारतको हैदराबादमा, ६० प्रतिशत थाइल्यान्ड र बाँकी नेपालको मुस्ताङमा सुट गर्ने योजना थियो, निर्माण टिमको । नाम घोषणा गरिनसकिएको एक साउथ सिनेमामा सिजापति मुख्य खलनायकको भूमिकामा छन् । नायकको भूमिकामा भने साउथ स्टार गोपीचन्द छन् ।

दुई वर्षअघि बडीबिल्डिङमा नेपालको प्रतिष्ठित प्रतियोगिता धर्मश्री जितेका सिजापतिलाई यस दक्षिण भारतीय चलचित्रका लागि निर्देशक बेनु शुक्रमन्यमले अफर गरेका थिए । धर्मश्री जितेपछि सिजापतिलाई शुक्रमन्यमले नै फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाएका थिए । सिनेमाबारे सिजापतिसँग कुराकानी पनि गरे । यसपछि निर्माता, निर्देशक, लेखक, सिनेम्याटोग्राफरको टोली नेपाल आयो । सिजापतिलाई भेट्यो । तर, यसवेलासम्म पनि उनले भने विश्वासै गरेका थिएनन् । 'मैले त विश्वास गरेको थिइनँ, तर उहाँहरूको टिम नै आएर कुरा गर्नुभयो । मैजस्तो क्यारेक्टर चाहिएको रहेछ, मेरो भूमिका मुख्य भिलेनमा रहेछ, त्यसपछि एग्रिमेन्ट भयो,' सिजापति सुनाउँछन् ।

कार्टुन गड अफ वारको एक चरित्रजस्तो अभिनेताको खोजीमा लागेको टोलीले सिजापतिलाई देखेपछि आँखा लगाएका रहेछन् । तर, सिजापति त अभिनय नगरेको मान्छे । आफूलाई अभिनय गर्न नआउने पनि बताए, न उनलाई तेलगु भाषा नै आउँथ्यो । तर, कथाले खोजेको पात्र भेटाएपछि निर्माण टिमले सिजापतिलाई अफर गऱ्यो । यसको एकै कारण थियो, लुक्स । अनि सिजापतिले सिनेमा साइन गरे ।

सिनेमा साइन गरेको पर्सिपल्टै हैदराबाद हान्निए । हाफ पाइन्ट लगाएर गएका उनलाई अचम्म त त्यतिवेला लाग्यो, जब एयरपोर्टमा दुईजना गार्ड र मार्सिडिज गाडी उनका लागि तयारी अवस्थामा थिए । सिजापति सुनाउँछन्, 'एयरपोर्टमा त्यस्तो दृश्य थियो । मलाई लगेर पाँचतारे होटेलमा राखे, त्यो पनि चौबीसै घन्टा दुईजना गार्ड राखिदिएर ।' अचानक देखा परेको त्यो दृश्यले सिजापतिलाई असहज महसुस हुनु स्वाभाविक थियो । उनले असहजताबारे निर्माण टिमलाई जानकारी पनि गराए । निर्माण टिमले जवाफ दियो, 'यसो गरिएन भने तपाईंको महत्त्व हुँदैन । तपाईं हैदराबाद आएको हल्ला भइसकेको छ । लुक्सका कारण अरू निर्माता, निर्देशकले पनि चासो राख्न सक्छन् । हामीले भन्दा ज्यादा पारिश्रमिक दिन सक्छन् । तपाईंको भ्यालु निर्माण गर्न र अर्को हाम्रो सिनेमाका लागि पनि यो जरुरी छ ।'

सिनेमाको शुभमुहूर्त भयो, मुहूर्त त्यस्तो हुन्छ भनेर सिजापतिले सोचेका थिएनन् । गाडी, गार्ड अनि भव्य पूजा । पूजा गर्ने वेला हातमा अलिकति रङ लाग्यो, दाहिनेतिर बसेको सहयोगीले टावेल दिने र पुछेपछि देब्रेतिरको सहयोगीले लिइदिने । यस्तो महँगो र सानदार हुनुमा उनीहरूको बजेट र बजारलाई कारक मान्छन्, सिजापति । सिजापतिलाई निर्माण टिमले भनेका थिए रे, 'सिनेमा हिट र फ्लप हुन्छ भन्ने सरोकारै भएन । दुई दिन चल्दा लगानी उठिहाल्छ ।'

सिजापतिले नेपालमै पनि राजेश हमाललगायत कलाकार भएको चलचित्र 'सत्यम' साइन गरेका छन् । यसमा उनी अनुपविक्रम शाहीसँगै खलनायकको भूमिकामा छन् । तर, कोभिडका कारण सिनेमाको सुट नै सुरु भएको छैन ।

### ज्यान बनाउनै २५ वर्ष

सिजापतिको अहिले देखिएको सिनेमाका काम र उनले प्राप्त गरेको सफलतापछाडि धेरै थोक कारण छन् । २५ वर्ष त उनले जिमखानामै बिताए । ज्यान बनाउनमै खर्च गरे । सिजापतिकै भनाइअनुसार उनले ललितपुरमा रहेको आफ्नो दुई रोपनी जग्गा पनि बेचे । यी सबैको पछाडि एउटै कारण रहेको बताउँछन् । भन्छन्, 'यो सबैको पछि एकै कारण हो, त्यो हो मेरो प्यासन ।' तर, बडीबिल्डिङमै लाग्छु भनेर सिजापतिले जिम सुरु गरेका थिएनन् । तर, बिस्तारै बडीबिल्डिङ नशा बन्दै गयो ।

> **हैदराबाद एयरपोर्टमा मेरा लागि दुईजना गार्ड र मार्सिडिज गाडी तयारी अवस्थामा थिए । एयरपोर्टमा त्यस्तो दृश्य थियो । मलाई लगेर पाँचतारे होटेलमा राखे, त्यो पनि चौबीसै घन्टा दुईजना गार्ड राखिदिएर ।**

धेरै मान्छेले बडीबिल्डिङमा रुचि राख्छन् । सुगठित शरीर बनाउन लागिपर्छन् । तर, बीचमै हापेर निस्कन्छन् । अन्य जागिरतिर लाग्छन् । करिअर बनाउनतिर लाग्छन् । यसको एकै कारण हो, बडीबिल्डिङमा केही सम्भावना नदेखिनु । नेपालको अहिलेको परिवेश हेर्दा पनि बडीबिल्डिङमा खासै सम्भावना देखिँदैन । यसमा सिजापति अपवाद हुन् । 'बाँच्नका लागि अरू काम पनि गर्नुपर्छ । यसकारण पनि धेरैले हाप्छन्,' सिजापति सुनाउँछन्, 'यो काम गर्दा अरू काम गर्ने समय नै मिल्दैन । त्यसैले कति साथीहरूले गिभअप गरेका छन् ।' तर, उनी भने बडीबिल्डिङबाहेक अरू काम दिमागमै नआएको बताउँछन् । आफूसँगैका साथीहरू ज-जसले छाडे, उनीहरूले जीवन र करिअर गजबको बनाएको सिजापतिको यथार्थ हो ।

जिम आफैँमा महँगो लगानी चाहिने क्षेत्र हो, जगजाहेर छ । डाइट नै महँगो हुन्छ, सबैलाई थाहा छ । सिजापतिले नै धर्मश्री जित्दा पाँच लाख पाएका थिए । 'तर, मेरो तीन महिनाको तयारीमा १० लाख सकियो । पाँच लाखमा पनि कर काटेर पाएको थिएँ । यस क्षेत्रमा उस्तो कमाइ हुँदैन, सौख र प्यासनले काम गर्ने हो,' उनी हाँस्दै सुनाउँछन्, 'यो मेडल बेच्नुपऱ्यो भने १० लाख हो ।'



मिलन सिजापति । तस्बिर : संजित परियार/नयाँ पत्रिका

### गेमको वेला बडीबिल्डरले ज्यादा खानुपर्छ

प्रोटिनदेखि बडीबिल्डरले गर्नुपर्ने डाइटहरूको सूची लामै हुन्छ । उत्तिकै महँगो पनि । जसका लागि खर्चैखर्च मात्रै हुन्छ । तर, आफूले डाइट मात्रै नखाएर पैसा नहुँदा खाना पनि दिनमा तीन-चारपटक खाने गरेको बताउँछन् । बडीबिल्डरले मोटोपनका कारण अन्डाको भित्री पहेँलो भाग फाल्छन् । तर, पैसा नहुँदा पहेँलै भाग खाने गरेको सिजापतिको अनुभव छ । 'किन पहेँलो भाग खान्छु भने पैसा जहिल्यै नहुन सक्छ । मान्छेहरू फलानो चिज खानुहुन्न भन्छन् । तर, खाएर केही हुँदैन, त्यसलाई इनर्जीमा चाहिँ कसरी बदल्ने, त्यसमा भर पर्छ ।' अरू वेलाभन्दा गेमको वेला बडीबिल्डरले ज्यादा खानुपर्छ । त्यो तीन-चार महिनाको समयमा ज्यादा खर्च हुने उनको भनाइ छ । त्यसभन्दा अरू समयमा त सामान्य खानेकुरा खाएर पनि जिम गरेको सिजापतिको अनुभव छ ।

जिम गरेर ज्यान ठूलो बनाउने सबैको सपना हुन्छ । तर, एउटा चर्चित भनाइ छ, 'नेपाली केटाहरू बडीबिल्डरको ज्यान देखेर लोभिन्छन् । जिम हल जान्छन् । पहिलो दिनदेखि सकेको कसरत गर्छन् । अनि सात दिन थला पर्छन् । जिम धाउनै छाडिदिन्छन् ।' सिजापतिको फ्रिडम फिटनेस सेन्टर भैँसेपाटीमा छ । त्यहाँ पनि जिम गर्नेहरू आउँछन् । माथि हलमा एक्सरसाइज गर्छन्, तल झरेर चुरोट तान्छन् । 'त्यसरी त ज्यान बन्दैन । त्यसका लागि त धैर्य र मिहिनेत चाहिन्छ,' उनी भन्छन् ।

जिम हलमा उनले खर्चेको श्रम, समय र पैसाको लेखाजोखा छैन । उनी जिममा सम्भावना देखेर आएका थिएनन् । अरू काममा रुचि नभएर यता लागेका थिए । अहिले आएर भने सिनेमा गरिरहेका छन् । आफ्नै जिम हल छ । भन्छन्, 'त्यसवेला सम्भावना केही नभए पनि जिमबाहेक अर्थोक केही देखिनँ ।' अब भने उनलाई लाग्छ, यही क्षेत्रबाट जीवन गुजार्न सकिँदोरहेछ । जिममा लागेपछि नाइट क्लब, जाँड-रक्सीका लागि समय हुन्न, जम्मा जिम हल जाने, खाने अनि सुत्ने । यसले अतिरिक्त खर्च नियन्त्रण हुने भएकाले टिक्न सकेको उनको अनुमान छ ।

### प्यासनले मात्रै बडी बन्दैन

तर, बडीबिल्डिङका लागि यति प्यासनले मात्रै पुग्दैन । धेरै थोकको जोखिम लिनुपर्छ । यो एउटा यस्तो खेल हो, जहाँ डोपिङको छानबिन हुँदैन । त्यस्तो अवस्थामा हुन सक्छ, जतिवेला नतिजा चित्त बुझ्दैन । तर, आफ्नो पनि चेक हुन्छ, आफूले आरोप लगाएको मान्छेको पनि । त्यसको खर्च आफैँले व्यहोर्नुपर्ने भएकाले पनि लरतर डोपिङको घटना बढी नहुने उनी बताउँछन् । तर, प्रतियोगिताको समयमा बडीबिल्डरले लिने औषधि, डाइटले कालान्तरमा धेरै समस्या उत्पन्न गर्ने भएकाले सचेत रूपमा त्यस्ता चिज चलाउनुपर्ने सिजापतिको अनुभव छ । त्यस्ता औषधि बढी लिएको खण्डमा बाँझोपन, यौनमा अरुचि, एकदमै धेरै रिस उठ्नेलगायतको समस्या आउन सक्ने उनी बताउँछन् । झनै प्रतियोगिताको एक साताअघिदेखि एकदमै सन्तुलनमा राख्नुपर्छ । सुगर लिनुहुन्न । दुई दिनअघिबाट पानी पिएका हुँदैनन् । मुखमा पानीले भिजाइरहेका हुन्छन् । त्यसको एकै कारण हो, शरीरका अनेक भागहरू प्रस्ट रूपमा देखाउनुपर्ने । 'त्यो समयमा एकदमै धेरै गाह्रो हुन्छ । त्यस्तो वेला जोखिम पनि ज्यादा हुन्छ,' उनी भन्छन्, 'जम्माजम्मी आत्मविश्वासले जोगाउने हो । बडीबिल्डरको शरीर हेर्न मात्र मजा हुन्छ, उनीहरूले कति दुःख गरेका हुन्छन्, त्यो बताएर पुग्दैन । कति त स्टेजमै ढलेका घटना पनि छन् ।' झनै सिजापतिले त बडीबिल्डिङकै लागि शरीरको रङ बदलेका छन् । पहिला उनको शरीरमा दुबे नामक छालाको रोग थियो । शरीर टाटेपाटे थिए । जुन बडीबिल्डिङमा वर्जित हुन्छ । त्यसका लागि उनी भारत गए । एकपटकमा सय सुई लगाउनुपर्ने हुन्थ्यो । त्यसपछि शरीर सुन्निएर हैरान हुन्थ्यो । तर, बिस्तारै दुबे रोग निको हुँदै गयो, उनी स्वयं सेतो गोरा हुँदै गए । अहिले त गोराजस्तै नै देखिन्छन् । भन्छन्, 'छालाको रङ फेरिएपछि धर्मश्री जितेँ, त्यसपछि नै सिनेमाहरू खेल्ने तयारी हुँदै छ । दुबेको उपचारले त मेरो जीवन नै परिवर्तन गरिदियो ।'

---

नेपाल सुपर लिग

# धनगढी शीर्ष स्थानमा



बलका लागि प्रतिस्पर्धा गर्दै धनगढी र चितवनका खेलाडी । तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

**नयाँ पत्रिका**
**काठमाडौं, १८ वैशाख**

धनगढी एफसी नेपाल सुपर लिग (एनएसएल) अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । शनिबारको खेलमा एफसी चितवनलाई ३-० गोलको भारी अन्तरले पराजित गर्दै धनगढीले शीर्ष स्थान लिएको हो ।

लिग चरणमा सबैभन्दा बढी चार खेल खेलेको धनगढीका लागि यो जितले ठूलो अर्थ राख्नेछ । दुई जितबाट सात अंक जोडेको धनगढीले आफूले भन्दा एक खेल कम खेलेको बुटबल लुम्बिनी एफसीलाई दुई अंकले दोस्रो स्थानमा धकेलेको छ ।

दशरथ रंगशालामा खेलको पहिलो हाफमा दुई प्रहार क्रसबारमा लागेर फर्कंदा एफसी चितवन अभागी ठहरियो । खेलको २३औँ मिनेटमा जर्ज प्रिन्स कार्कीको भली सट क्रसबारमा लागेर फर्कियो । खेलको ३६औँ मिनेटमा जर्ज प्रिन्सले नै झन्डै ३० यार्ड दूरीबाट गरेको सशक्त प्रहारमा फेरि क्रसबार बाधक बन्यो ।

खेलको दोस्रो हाफमा धनगढीले लगातार तीन गोल निकाल्यो । खेलको ६३औँ मिनेटमा निशान खड्काको क्रसमा गोल गर्दै निशान लिम्बूले धनगढीलाई १-० ले अघि बढाए । त्यसको ६ मिनेटपछि लिम्बूको क्रसमा अफ्रिकी खेलाडी ओलाडिपो ओलावाले अफिजले हेडिङ गोलमार्फत धनगढीको अग्रता दोब्बर बनाए । खेलको निर्धारित समय सकिनु १० मिनेटअघि बुद्धबल तामाङले धनगढीको जित ३-० ले निश्चित गरेका थिए ।

पराजयका बाबजुद चितवनका प्रशिक्षक मेघराज केसीले आफ्नो टोलीले अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गरेको बताए । 'अघिल्लो दुई खेलको तुलनामा आज धेरै राम्रो प्रदर्शन गरेको हो । यद्यपि, यही खेलमा पराजित भयौँ,' उनले भने, 'पहिलो हाफमा दुई प्रहार क्रसबारमा लागेर फर्कनु दुर्भाग्य बन्यो ।'

धनगढीका प्रशिक्षक टोपे फुजाले विपक्षी टोलीको गल्तीको फाइदा उठाएको बताए । 'हामीले दोस्रो हाफमा सुधारिएको प्रदर्शन गऱ्यौँ । खासमा हामीले उनीहरूको गल्तीको फाइदा उठाएका हौँ,' उनले भने ।

**आजको खेल**
**पोखरा थन्डर्सविरुद्ध ललितपुर सिटी एफसी**
**समय : ५:३० बजे (दशरथ रंगशाला)**

### उत्कृष्ट खेलमा गुमेको अवसर

प्रतियोगिताअन्तर्गत शनिबारको दोस्रो खेलमा बुटवल लुम्बिनी एफसी र विराटनगर सिटी एफसीले रोमाञ्चक खेल खेल्यो । दुवै टोलीले उत्कृष्ट गोल पनि गरे । तर, खेल २-२ गोलको बराबरीमा टुंगिएपछि दुवै टोलीले अंक तालिकाको शीर्ष स्थानमा उक्लने अवसर खेर फालेका छन् ।

खेलमा बुटवलले छैटौँ मिनेटमै अग्रता बनाएको थियो । विपक्षी रक्षकले राम्रोसँग क्लियर गर्न नसकेको बललाई डी बक्सभित्रबाट गोलमा परिणत गर्दै नाइजेरियन रक्षक ओमोलाजा नुरेन करिमले बुटवललाई अघि बढाएका थिए । यद्यपि, खेलको ४२औँ मिनेटमा पेद्रो जेभियर मान्जिक्रुजले डी बक्स लाइनबाहिरबाट सशक्त प्रहार गर्दै विराटनगरलाई १-१ गोलको बराबरीमा फर्काए ।

खेलको ६८औँ मिनेटमा बुटवलले फेरि अग्रता बनायो । विलियम ओपोकु असिदूको उत्कृष्ट क्रसमा अनमार्क रहेका लक्ष्मण रुचालले भली सटमार्फत गोल गरे । तर, बुटवलले फेरि यो अग्रतालाई जोगाउन सकेन ।

### रेफ्रीको आलोचना

शनिबारको खेलपछि बुटवल र विराटनगरका प्रशिक्षकले रेफ्रीको आलोचना गरे । उनीहरूले रेफ्रीले सही निर्णय गर्न नसकेको प्रतिक्रिया दिए ।

विराटनगरका भारतीय प्रशिक्षक यान लले रेफ्रीका कारण प्रतियोगिताको स्तर खस्किएको आरोप लगाए । 'मलाई इन्डियन सुपर लिगको पनि अनुभव छ, जहाँ एसियाली स्तरका रेफ्री हुन्छन् । रेफ्रीले नै खेल राम्रो बनाउने हो । तर, यहाँ रेफ्रीले नै हाम्रो खेल बिगारिरहेका छन्,' उनले भने, 'एनएसएल नेपाली फुटबलको राम्रोका लागि गरिएको हो । प्रतियोगिता अहिलेसम्म धेरै दृष्टिकोणबाट राम्रो पनि भइरहेको छ । तर, रेफ्रीकै कारण प्रतियोगिताको स्तर खस्कँदो छ ।'

बुटवलका प्रशिक्षक सनोज श्रेष्ठले पनि त्यसमा सही थपे । उनले रेफ्रीकै गलत निर्णयका कारण आफ्नो टोलीले गोल व्यहोर्नुपरेको बताए । 'रेफ्रीको निर्णय सन्तोषजनक छैन,' उनले भने, 'हामीले अन्तिम गोल रेफ्रीकै गलत निर्णयका कारण व्यहोरेका हौँ । रेफ्रीको निर्णयबाट हामी मात्रै हैन, अरू टोली पनि असन्तुष्ट छन् ।'

**Tinpatan Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Lampantar, Sindhuli**
**Bagmati Province, Nepal**

**Invitation for Bids for the Procurement of Construction of Lampantar Health Post Building, Awash, Griha, Store**

**Contract Identification No: TRM/NCB/W/09/2077-78**
**Date of publication: 2078/01/19 (05/02/2021)**

1. The Tinpatan Rural Municipality, Lampantar, Sindhuli ***has allocated funds*** from ***Government of Nepal (GoN)*** towards the construction of Lampantar Health Post Building, Awash Griha, Store and intends to apply part of the funds to cover eligible payments under the Contract ***for TRM/NCB/W/09/2077-78***. Bidding is open to all eligible as per Section V of bidding document.
2. Tinpatan Rural Municipality,Lampantar,Sinduli invites electronic bids from eligible bidders for the construction of Lampantar Health Post Building,Awash,Griha,Store under National Competitive Bidding – **Single Stage Two Envelope Bidding procedures.**
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs.12,30,00,000 (Without VAT)***
   - Minimum Work experience of similar size and nature : (at least one RCC Building Construction Experience within last 10 years); with value service for Single Project be at least : **NRs. 13,12,00,000 (Without VAT)**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office **Rural Municipal Executive, Tinpatan Rural Municipality, Lampantar, Sindhuli, Contact No. 9854042220, email tinpatanmun@gmail.com** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
5. A complete set of Bidding Documents for e-submission may be downloaded from PPMO's web site **www.bolpatra.gov.np/egp.**
6. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable) **NRs 10000** of bidding document in the Office Rajaswa account as specified below and the scanned copy (pdf) the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Bank of Kathmandu Ltd., Tinpatan Branch, Chakmake, Sindhuli, Name of Office: Office of Tinpatan Rural Municipality, Account no: {Rajaswa (Internal revenue)}: 018200000814524**
7. Pre-bid meeting shall be held at **Tinpatan Rural Municipality Lampantar, Sindhuli** at ***2078/02/05 (19-May, 2021).***
8. Eectronic bids must be submitted to the office ***Tinpatan Rural Municipality, Lampantar, Sindhuli*** through PPMO website **www.bolpatra.gov.np/egp** on or before ***12:00 pm*** on **2078/02/18** (***1st June 2021)***. Bids received after this deadline will be rejected.
9. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 pm on 2078/02/18 (1st June 2021)*** at the office of ***Tinpatan Rural Municipality, Lampantar Sindhuli***. Bids must be valid for a period of ***120 Days*** after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs 48, 00,000**, which shall be valid for **30 days beyond the validity period of the bid.**
   *Name of the Bank**: Bank of Kathmandu Ltd.,** Name of Office**: Office of Tinpatan Rural Municipality, (Dharauti) Account no: 018200000016524***
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. The opening of Price bid shall be notified (in writing and/or published in national daily) to all the substantially responsive evaluated bidders after the completion of Technical Bid Evaluation.

| IFB No: | Description of Works | Bid Security (NRs) | Specific Nature of Similar Work Experience | Average Annual Turn Over | Bid Document Fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| TRM/NCB/ W/09/2077-78 | Construction of Lampantar Health Post Building, Awas Griha, Store | NRs 48,00,000 | NRs. 13,12,00,000 (Without VAT) | NRs.12,30,00,000 (Without VAT) | Rs 10,000 | Single Stage, Two Envelope Bidding procedures |

**Chief Administrative Officer**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **सम्पादक** : उमेश चौहान । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com